# सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरतापरियोजना
# २०८०-०८३

## (EducationDevelopment and Literacy Project, 2080-083)

(शैक्षिक गुणस्तर सुधार तथा साक्षरता कार्यक्रम)




उर्लाबारी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय,उर्लाबारी-४, मोरङ

२०८०

# उर्लाबारी नगरपालिकाका
# सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना
# २०८०-०८३
## (शैक्षिक गुणस्तर सुधार तथा साक्षरता कार्यक्रम)


निर्माण:

उर्लाबारी नगरपालिका

नगरकार्यपालिकाकोकार्यालय,

उर्लाबारी-७, मोरङ

फोन नं. ०२१-५४१८९८

प्राविधिक सहयोग:

शैक्षिक सहयोग तथा प्रवर्तन केन्द्रनेपाल (CESIN)

इटहरी,सुनसरी

सम्पर्क नं. ९८५२०५४६११

अनुदान सहयोग:

राष्ट्रिय योजना आयोग,

सिंहदरवार, काठमाण्डौ

फोन नं. ०१-४२११०३२



**निर्माण वर्ष:**२०८०

## Contents


परिच्छेद एकः परिचय ... १
१.१.१. परिवेश/सन्दर्भः ... १
१.१.२. उद्देश्यः ... १
१.१.३. परियोजना निर्माणका नीतिगत आधारहरूः ... २
१.१.४. परियोजना निर्माण प्रक्रियाः ... २
१.२ परियोजनाको पृष्ठभूमि (Background of the Project) ... ९
१.२.१. नगरपालिकाको संक्षिप्त चिनारी ... ९
१.२.२. भौगोलिक अवस्थिति ... १०
१.२.३. सामाजिक तथा सांस्कृतिक अवस्थाः ... १०
१.२.४. जनसाङ्खिक संरचनाः ... ११
१.२.५. आर्थिक अवस्थाः ... १२
१.२.६. शैक्षिक अवस्थाः ... १४
१.३ मुख्य शैक्षिक समस्याहरूः ... २४
१.४. शिक्षा क्षेत्रका चुनौतीहरूः ... २५
१.५. अवसरहरूः ... २५
परिच्छेद दुईः परियोजनाको लक्ष्य निर्धारण ... २७
२.१ दूरदृष्टि (Vision) ... २७
२.२ ध्येय (Mission) ... २७
२.३ लक्ष्य (Goal) ... २७
२.४ उद्देश्यहरू (Objectives) ... २७
२.५ रणनीतिहरू (Strategies) ... २७
२.६ कार्यनीतिक योजना (Implementation Plan) ... २९
२.७ अपेक्षित उपलब्धिः(Expected outcomes) ... ३५
परिच्छेदः ३. परियोजनाका मुख्य उपक्षेत्रहरू ... ४५
३.१. विद्यालय शिक्षामा बालबालिकाहरूको पहुँचः ... ४५

३.१.१. वर्तमान अवस्था........................................................................................................४५
३.१.२. समस्या तथा चुनौतीहरूः.................................................................................................४६
३.१.३. पहुँचमा सुधारका लागि गर्नुपर्ने प्रमुख क्रियाकलापहरू......................................................४८
३.१.४. परियोजना अवधिमा पहुँचमा सुधारका लागि गरिने प्रमुख कार्यक्रम तथा लक्ष्य निर्धारण.........................४९
३.२. शैक्षिक गुणस्तर र प्रविधियुक्त सिकाइ वातावरणः.................................................................४९
३.२.१ वर्तमान अवस्था.........................................................................................................४९
३.२.२. समस्या तथा चुनौतीहरूः...............................................................................................५१
३.२.३. शैक्षिक गुणस्तर र प्रविधियुक्त सिकाइ वातावरणमा सुधारका लागि गरिने प्रमुख क्रियाकलापहरू.............५२
३.२.४. परियोजना अवधिमा शैक्षिक गुणस्तर र प्रविधियुक्त सिकाइ वातावरणमा सुधारका लागि गरिने प्रमुख कार्यक्रमहरू र लक्ष्य निर्धारण.........................................................................................................५४
३.३. विद्यार्थी प्रतिभा विकास..............................................................................................५५
३.३.१ वर्तमान अवस्थाः.......................................................................................................५५
३.३.२. समस्या तथा चुनौतीहरूः..............................................................................................५६
३.३.३. विद्यार्थी प्रतिभाको विकासका लागि गर्नुपर्ने प्रमुख क्रियाकलापहरूः......................................५७
३.३.४. परियोजना अवधिमा विद्यार्थी प्रतिभा विकासका लागि सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा लक्ष्य निर्धारणः.५८
३.४ सरोकारवालाहरूको क्षमता विकासः...................................................................................५८
३.४.१ वर्तमान अवस्थाः.......................................................................................................५८
३.४.२. समस्या तथा चुनौतीहरू...............................................................................................६०
३.४.३ सरोकारवालाहरूको क्षमता विकासका लागि गर्नुपर्ने प्रमुख क्रियाकलापहरूः.............................६२
३.४.४ परियोजना अवधिमा सरोकारवालाहरूको क्षमता विकासका प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण..........६३
३.५. शैक्षिक व्यवस्थापन र सुशासन......................................................................................६५
३.५.१. वर्तमान अवस्था.......................................................................................................६५
३.५.२. समस्या तथा चुनौतीहरुः.............................................................................................६६
३.५.३. शैक्षिक व्यवस्थापन तथा सुशासनका लागि गर्नुपर्ने प्रमुख क्रियाकलापहरूः............................६७
३.५.४ परियोजना अवधिमा शैक्षिक व्यवस्थापन तथा सुशासनका लागि सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा लक्ष्य निर्धारणः.......................................................................................................................६९
३.६. साक्षरता तथा जीवनोपयोगी सीपः...................................................................................६९

३.६.१ वर्तमान अवस्था........................................................................................................................ ६९

३.६.२. समस्या तथा चुनौतीहरू.................................................................................................................७१

३.६.३. साक्षरता तथा जीवनोपयोगी सीपमा सुधारका लागि गरिने प्रमुख क्रियाकलापहरू.....................................७१

३.६.४. परियोजना अवधिमा साक्षरता तथा जीवनोपयोगी सीपमा सुधारका लागि गरिने प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण........................................................................................................................................ ७२

परिच्छेद चार- विविध ..........................................................................................................................७३

४.२ कार्यक्रम कार्यान्वयन योजना.........................................................................................................८०

४.३. अनुगमन योजना (नमूनाको लागि मात्र).........................................................................................९८

४.४. आयोजनाको मुख्य उपलब्धि सूचकहरू:........................................................................................ ९९

४.५. परियोजनाको निष्कर्ष....................................................................................................................१००

(क) अनुसूचीहरू **(Annexes):**............................................................................................................. 103

अनुसूची-१ परियोजना ढाँचा..................................................................................................................१०३

अनुसूचीः २ स्थलगत अनुगमनको कार्ययोजना .........................................................................................१०६

अनुसूची ३ विद्यालय शैक्षिक सूचना संकलन फाराम..................................................................................१०७

अनुसूची ४ सूचना सङ्कलन फारामको सारांश...........................................................................................१२९

(ख) सन्दर्भ सामग्री (Bibliography):.........................................................................................................१५८

# सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना,२०८०-०८३

(शैक्षिक गुणस्तर सुधार तथा साक्षरता कार्यक्रम)

## परिच्छेद एकः परिचय

### १.१. परियोजना तयारीको परिवेश/सन्दर्भ, नीतिगत आधारहरू र निर्माण प्रक्रिया

#### १.१.१. परिवेश/सन्दर्भः

नेपालको संविधानले नागरिकहरूलाई प्रदत्त गरेको शिक्षासम्बन्धी मौलिक हकलाई सुनिश्चित र व्यवस्थित गर्न नेपाल सरकारले विभिन्न शैक्षिक नीति योजना तथा कार्यक्रम सञ्चालन गर्दै आएको सन्दर्भमा उर्लाबारी नगरपालिकाले पनि शिक्षा क्षेत्रमा विशेष सुधार र उन्नयन गर्न ३ बर्षे शैक्षिक सुधार परियोजना कार्यान्वयनमा ल्याउन आवश्यक ठानी शिक्षा क्षेत्रको आवश्यकताको पहिचानसमेत गरी बजेट व्यवस्थापन तथा कार्यक्रम यकिन गरिसकेको अवस्थामा उक्त कार्यक्रमलाई उद्देश्यमूलक र प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नका निमित्त एउटा विस्तृत परियोजना प्रस्ताव तयार हुन आवश्यक देखिएकोले विस्तृत परियोजना प्रस्ताव तयार गरिएको हो। यो परियोजनाबाट ३ बर्षको अवधिमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरी नगरपालिकाभित्रका शैक्षिक संस्थाहरूको भौतिक पूर्वाधारa सूचना तथा प्रविधिको पहुँच र विस्तारa सरोकारवालाहरूको क्षमता अभिवृद्धि लगायतका कार्यक्रमहरूमार्फत यस नगरभित्रको हालको शैक्षिक अवस्थामा व्यापक सुधार गर्न परियोजनाको स्पष्ट रूपरेखा तयार हुन आवश्यक देखिएकोले विस्तृत परियोजना प्रस्ताव तयार गरिएको छ ।

#### १.१.२. उद्देश्यः

उर्लाबारी नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना निर्माण एवं कार्यान्वयनका लागि निम्नानुसारका उद्देश्यहरू निर्धारण गरिएको छ ।

क. शैक्षिक संस्थाहरूमा गुणस्तर सुधार, भौतिक सुविधाको सवलीकरणका क्रियाकलापहरू निर्धारण गर्नु ।

ख. सरोकारवालाको क्षमता विकास गरी व्यस्थापकीय पक्षमा सुधारका क्रियाकलापहरू निर्धारण गर्नु ।

ग. सिकाइ वातावरणमा सुधारका लागि प्रविधिको प्रयोग तथा सीप विकासका कार्यक्रमहरू तय गर्नु ।

घ. निरन्तर शिक्षाā अभिभावक सचेतना अभिवृद्धि कार्यक्रम तथा आय आर्जनसम्बन्धी कार्यक्रमको ढाँचा तयार गर्नु ।

ङ. बालविकास तथा बालमैत्री वातावरणमा सिक्न सिकाउनका लागि चाहिने कार्यक्रमको ढाँचा तयार गर्नु ।

### १.१.३. परियोजना निर्माणका नीतिगत आधारहरूः

यो परियोजनाकार्य निर्माण गर्नका लागि देहाय अनुसारका विद्यमान कानुनी तथा नीतिगत व्यवस्थामा आधारित भई निर्माण गरिएको छ ।

(क) नेपालको संविधान,२०७२

(ख) स्थानीय सरकार सञ्चालन ऐन तथा नियमावली,

(ग) शिक्षासम्बन्धी विभिन्न योजना/प्रतिवेदनहरू,

(घ) राष्ट्रिय शिक्षा नीति २०७६,

(ङ) अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७,

(च) विद्यालय शिक्षा क्षेत्र योजना- २०७८-८७,

(छ) शिक्षाको सोचपत्र-२०७९,

(ज) शिक्षा योजनासम्बन्धी मार्गदर्शन २०७९,

(झ) उर्लाबारी नगरपालिकाको शिक्षा ऐन तथा नियमावली,

(ञ) उर्लाबारी नगरपालिकाको वार्षिक रणनीतिक योजना,

(ट) उर्लाबारी नगरपालिकको नगर पार्श्वचित्र २०७६ लगायतका दस्तावेजहरूको अध्ययन विश्लेषण ।

### १.१.४. परियोजना निर्माण प्रक्रियाः

परियोजना निर्माणका चरणहरूः उर्लाबारी नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना कार्यक्रमका लागि राष्ट्रिय योजना आयोगबाट प्राप्त हुने बजेट र उर्लाबारी नगरपालिकाबाट शिक्षा क्षेत्रमा विनियोजन हुने अनुमानित बजेट रु. दश करोडबाट ३ बर्षे परियोजना निर्माण गर्नका लागि रु. ४ लाख ९५ हजार बराबरको कार्यक्रम संचालनका लागि उर्लाबारी नगरपालिका र शैक्षिक सहयोग तथा प्रवर्तन केन्द्र, नेपाल, इटहरी, सुनसरीबिच मिति २०८०।०९।२६ गते सम्झौता भई मिति २०८०।०९।२६ गतेको उर्लाबारी नगरपालिकको कार्यादेशअनुसार उर्लाबारी

नगरपालिकको सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना , २०८०-०८३ (शैक्षिक गुणस्तर सुधार तथा साक्षरता कार्यक्रम) निर्माण कार्य चरणबद्ध व्यवस्थित र सहभागितामूलकरूपमा तयार गर्ने ८ (आठ) चरणहरू देहायअनुसार रहेका छन्:

**पहिलो चरणः** सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना , २०८०-०८३ (शैक्षिक गुणस्तर सुधार तथा साक्षरता कार्यक्रम) को ढाँचा, सर्वेक्षण औजार र विधि तयारी तथा कार्ययोजना स्वीकृति :

उर्लाबारी नगरपालिकाका नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत/योजना अधिकृत/शिक्षा अधिकृत/ शिक्षा समितिका पदाधिकारीहरू एवं शैक्षिक सहयोग तथा प्रवर्तन केन्द्र, नेपाल, इटहरी, सुनसरीका पदाधिकारीहरूबिच सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना , २०८०-०८३ (शैक्षिक गुणस्तर सुधार तथा साक्षरता कार्यक्रम) को ढाँचा, सर्वेक्षण औजार र विधि तयारी तथा कार्ययोजनाका विषयमा एक दिने गोष्ठीमा बृहदरूपमा छलफल अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको छ । उक्त कार्यक्रममा देहाय अनुसारका विषयमा निर्णय गरी अन्तिमरूप दिइएको छ।

क. परियोजनाका उद्देश्य र कार्यान्ययनको क्षेत्र निर्धारण

ख. परियोजनाका कार्यक्रमहरूको वर्गीकरण

ग. परियोजनाका प्राथमिकताका क्षेत्रहरू निर्धारण

घ. परियोजनाको ढाँचा निर्धारण

ङ. कार्यक्रम सम्पन्न गर्न लाग्ने बजेट तथा समयसीमा निर्धारण

**दोस्रो चरण**: स्थलगत अनुगमन-

उर्लाबारी नगरपालिकाअन्तर्गत परियोजना कार्यान्वय क्षेत्रका सामुदायिक एवं धार्मिक विद्यालयहरूको स्थलगत अनुगमनद्वा आवश्यकताको पहिचान र सुझाव सङ्कलन कार्य सञ्चालन गरी तथ्याङ्क सङ्कलन गरिएको छ।स्थलगत अनुगमनका लागि देहाय अनुसारका प्रक्रिया अवलम्बन गरिएको छ ।

क. कार्यविधि बमोजिम निर्धारित नगरपालिकामा सञ्चालित सामुदायिक २२ ओटा र धार्मिक ४ ओटासमेत २६ ओटा विद्यालय मध्ये नगरपालिकासँग समन्वय गरी परियोजना कार्यान्वयनका लागि स्थलगत अनुगमन गरीने ९ ओटा विद्यालयहरूको सूची तयार गरिएको।

ख. विद्यालयको स्थलगत अनुगमन गर्नु पूर्व छनौट गरिएका ९ ओटा विद्यालयहरूका प्रधानाध्यापकहरूसँग विद्यालय शैक्षिक सूचना सङ्कलन फारामसम्बन्धी अभिमुखीकरण,

छलफल र अन्तरक्रिया गर्दै स्थलगत अनुगमन कार्ययोजना निर्माण गरिएको छ । स्थलगत अनुगमन कार्ययोजना अनुसूची २ मा राखिएको छ ।

ग. अनुसूची ३ अनुसारका विद्यालय शैक्षिक सूचना सङ्कलन फारामको प्रयोग गरी सूचीमा परेका विद्यालयहरूमा विज्ञ समूहबाट स्थलगत अनुगमन भ्रमण गरी विद्यालयका शैक्षिक सूचनाहरू सङ्कलन गरिएको छ ।

घ. संस्थाका विज्ञहरूले तयार पारेको अनुसूची ३ अनुसारका विद्यालय शैक्षिक सूचना सङ्कलन फाराम प्रयोग गरी विद्यालयका प्रमुख सरोकारवालाहरू विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरूā अभिभावक प्रतिनिधिā प्रधानाध्यापकā शिक्षकā विद्यालय कर्मचारी र विद्यार्थी प्रतिनिधिहरूसँग अन्तर्क्रिया गरी आवश्यकताको पहिचान तथा वास्तविक शैक्षिक समस्या पत्ता लगाउने कार्य गरिएको छ।

ङ. छनौट गरिएका विद्यालयमा अनुगमन/अवलोकन गरी प्रमुख सरोकारवालाहरूको सल्लाह र सुझाव सङ्कलनका साथै विद्यालय शैक्षिक सूचना सङ्कलन फारामहरूको विस्तृत विवरण अनुसूची ४ मा समावेश गरिएको छ ।

च. आवश्यकताको पहिचान तथा सुझावबाट आएका विषयवस्तुहरूलाई परियोजना प्रस्तावमा समेट्ने प्रयास गरिएको छ ।

**तेस्रो चरण:** सरोकारवालाहरूसँग अन्तरक्रिया/ छलफल-

सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना , २०८०-०८३ (शैक्षिक गुणस्तर सुधार तथा साक्षरता कार्यक्रम) तयारीका क्रममा शैक्षिक सरोकारवालाहरू सबैको बढी भन्दा बढी सहभागिताका लागि यस उर्लाबारी नगरपालिकाका निम्नानुसारका शैक्षिक सरोकारवालाहरूसँग परियोजनाका बारेमा बृहदरूपमा अन्तरक्रिया/ छलफल गरी आवश्यकताको पहिचान र सुझाव सङ्कलन कार्यमा जोड दिइएको छ ।

क. उर्लाबारी नगर क्षेत्रका सामुदायिक एवं धार्मिक विद्यालयका प्र.अ. एवं वि.व्य.स. अध्यक्षहरूā यस क्षेत्रमा सफल अभ्यास भएका सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ./प्रिन्सिपलहरूसँग एक दिने गोष्ठीमा बृहत छलफल गरी उनीहरूले गरेका राम्रा अभ्यासहरूलाई परियोजना प्रस्तावमा समेट्ने प्रयास गरिएको छ।

ख. उर्लाबारी नगरकार्यपालिकाका पदाधिकारीहरूā नगर शिक्षा समितिका पदाधिकारीहरू र कार्यालय प्रमुख एवम् सम्बन्धित शाखा प्रमुखहरूसँग परियोजना प्रस्तावमा उल्लेख गर्नुपर्ने विषयवस्तुको बारेमा विस्तृत छलफल गरी थप सुझाव प्राप्त गरिएको छ ।

**चौथो चरण:** तथ्याङ्क व्यवस्थापन- (Primary Data & Secondary Data)सङ्कलनā प्रशोधन तथा विश्लेषण

क. तथ्याङ्क सङ्कलन

सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना , २०८०-०८३ (शैक्षिक गुणस्तर सुधार तथा साक्षरता कार्यक्रम) तयारीका क्रममा संस्थाका विज्ञहरूले तयार पारेको विद्यालय शैक्षिक सूचना सङ्कलन फाराम प्रयोग गरी आवश्यक प्राथमिक तथ्याङ्क, सूचना वा विवरण सङ्कलन गरिएको छ। साथै वस्तुगत विवरण तयारी तथा अद्यावधिक गर्न प्राथमिक स्रोतबाट सूचना सङ्कलन गर्न जोड दिइएको तथा प्राथमिक स्रोत उपलब्ध नहुने अवस्थामा द्वितीय स्रोतमार्फत विवरण सङ्कलन गरिएको छ ।जसमा निम्नलिखित स्रोतलाई प्राथमिक स्रोत तथा द्वितीय स्रोतकोरूपमा लिई सूचना सङ्कलन गरिएको छ :

प्राथमिक स्रोत

१. विद्यालय शैक्षिक सूचना सङ्कलन फाराम
२. अन्य सर्वेक्षण (जानिफकार तथा लक्षितसमूह अन्तर्क्रिया, छलफल, सहभागितामूलक लेखाजोखा अन्य)

द्वितीय स्रोत

१. केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गर्ने जनसंख्या सर्वेक्षण, गणना तथा अन्य सर्वेक्षण प्रतिवेदनहरू ।
२. शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित/व्यवस्थापन गरिएका IEMIS लगायतका अन्य शैक्षिक सूचनाहरू ।
३. उर्लाबारी नगरपालिकाको नगर पार्श्वचित्र २०७६ ।
४. उर्लाबारी नगरविकास योजना आ.व.२०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट ।
५. उर्लाबारी नगरपालिकाको शैक्षिक स्थिति प्रतिवेदन ।
६. विभिन्न आवधिक योजनाहरू ।
७. प्रमाणित भएका अनसुन्धान संस्था वा अनुसन्धानकर्ताका प्रकाशनहरू ।
८. आधिकारिक तथा विश्वसनीय अन्य प्रतिवेदन तथा प्रकाशनहरू ।

क. तथ्याङ्क प्रशोधन तथा विश्लेषण-

विद्यालय शैक्षिक सूचना सङ्कलन फारामबाट प्राप्त तथ्याङ्कलाई तथ्याङ्कको प्रकृति, स्रोत र आवश्यकताअनुसार प्रशोधन तथा विश्लेषण गरिएको छ। प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरिएको तथ्याङ्कलाई देहाअनुसार प्रशोधन तथा विश्लेषण गरिएको छ :-

१. विद्यालय शैक्षिक सूचना सङ्कलन फारामबाट प्राप्त तथ्याङ्कलाई कम्प्युटरको MS Excel सिटमा तथ्याङ्क प्रशोधन गरी तथ्याङ्क शास्त्रीय विधिबाट विश्लेषण गरिएको छ ।

२. उपर्युक्त अनुसार सङ्कलित तथ्याङ्कको प्रशोधन तथा विश्लेषण विज्ञबाट गरिएको छ ।

३. विश्लेषणबाट प्राप्त सूचनाहरूलाई विषय सूची बमोजिमको खण्डीकृत गरिएको छ ।

४. तथ्याङ्क प्रशोधन तथा विश्लेषणबाट प्राप्त सूचना तथा विवरणलाई आवश्यकताअनुसार उपयुक्त तालिका, सूचकाङ्क, रेखाचित्र, नक्शा वा अन्य उपयुक्त स्वरूपमा प्रस्तुत गरिएको छ ।

५. सम्भव भएसम्म विश्लेषणबाट प्राप्त सूचनालाई कम्तीमा दुई समयको अन्तरालमा वा केन्द्रीय विवरणसँग तुलना गरी प्रस्तुत गरिएको छ ।

६. सङ्कलित तथ्याङ्कको प्रशोधन, विश्लेषण र प्रस्तुति विज्ञ प्राविधिक टोलीले गरेको छ ।

**पाचौं चरण:** परियोजना/कार्यक्रम प्रस्तावको मस्यौदा लेखन तथा तयारी-

सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना , २०८०-०८३ को ढाँचा, स्थलगत अनुगमन, सरोकारवालाहरूसँग अन्तरक्रिया/छलफल, तथ्याङ्क सङ्कलन तथा विश्लेषण प्रक्रियाको अन्तिम परिणामका आधारमा निर्धारित ढाँचाअनुसार तथ्याङ्क विश्लेषणबाट प्राप्त सूचना तथा विवरणको आधारमा परियोजना तयार गरिएको छ। यससम्बन्धी अन्य विवरण देहाय अनुसार गरिएको छ :-

**१. कानुनी तथा नीतिगत आधारहरू**

(क) अनुसूची १.१.२. मा उल्लेखित नीतिगत व्यवस्थासम्बन्धी दस्तावेजहरूको पुनरावलोकन गरी मस्यौदा लेखन गरिएको छ ।

(ख) अध्ययन र अवलोकनमा अनुभूत गरिएका पक्षहरूā

(ग) विव्यसā शिअसं.ā प्रधानाध्यापकā पेशागत संघसंस्थाहरूā शिक्षक तथा कर्मचारीबाट प्राप्त सुझाव तथा प्रतिक्रियाहरूā

(घ) विद्यालयहरूको निरीक्षण तथा अनुगमन समितिको प्रतिवेदन

(ङ) उर्लाबारी नगरपालिकाको नगर शिक्षा समितिā सामाजिक विकास समितिā कार्यपालिकासहितको प्राप्त सुझाव तथा प्रतिक्रियाहरूā

**२. परियोजना/ कार्यक्रम लेखन ढाँचा**

माथि उल्लिखित दस्तावेज/विवरणहरूमा आधारित भई अनुसूची १ अनुसारको ढाँचामा परियोजना तयारी गरिएको छ ।

**३. तथ्याङ्क प्रशोधन तथा विश्लेषण प्रक्रिया**

(क) तथ्याङ्क विश्लेषण गरी प्राप्त भएको सूचनालाई क्षेत्रगत, लैङ्गिक तथा सामाजिक आधारमा खण्डीकृत गरी निर्धारित ढाँचा बमोजिमका तालिका, सूचकाङ्क, ग्राफ र चित्र, नक्शा आदि बीच तार्किक सम्बन्धको आधारमा क्रमबद्ध तरिकाले प्रस्तुत गरिएको छ ।

(ख) विश्लेषणका क्रममा कुनै विवरण अधुरो अस्पष्ट र विरोधाभासपूर्ण देखिएमा सो तथ्याङ्कलाई सरोकारवालासँग पुनः छलफल गरी निक्यौल गरिएको छ।

(ग) परियोजनालाई प्रस्तुत गर्न, बुझ्न र प्रयोग गर्न सजिलो हुने गरी उपयुक्त भाग, खण्ड र उपखण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

(घ) परियोजना तयारी कार्यसँग बैठक पुस्तिका तथा कागजात तथा प्रयोग गरिएका औजार (फाराम) हरूलाई अनुसूचीमा र प्रयोग भएका दस्तावेजहरूको विवरणलाई अनुसन्धान पद्धतिको मान्यताअनुरूप सन्दर्भ सामग्रीको सूचीमा राखिएको छ ।

**छैठौ चरणः** परियोजना/कार्यक्रमको मस्यौदा प्रस्तावमाथि छलफल र पृष्ठपोषण तथा आवश्यकता अनुसार परिमार्जन-

निर्धारित ढाँचामा परियोजना/कार्यक्रमको पहिलो मस्यौदा तयार भएपश्चात् परियोजना/ कार्यक्रमको मस्यौदामा छलफल गर्न नगरपालिकामा देहायअनुसार कम्तीमा एक दिने कार्यशालाको आयोजना गरिएको छ-

१ कार्यशालामा गरिएका कार्यहरू-

¶ प्रस्तुत भएका सूचना तथा विवरणहरूको शुद्धता र तथ्य यकिन गरी सुधारको लागि सुझाव सङ्कलन गर्ने,

¶ परियोजना/कार्यक्रमको मस्यौदाले समेट्न नसकेका विषय क्षेत्र वा परिमार्जन गर्नुपर्ने पक्षहरू केलाई समावेश गर्न सुझाव आदानप्रदान गर्ने,

¶ परियोजना/कार्यक्रममा प्रस्तुत तथ्याङ्क सूचना तथा विवरणहरूको अन्तरसम्बन्ध र तुलनात्मक पक्षहरू यकिन गर्ने,

¶ परियोजना/कार्यक्रम प्रकाशन पश्चात यसका विवरणहरू योजना तर्जुमा, विकास निर्माण, सेवा प्रवाह, कार्य सम्पादन र नतिजा अनुगमनमा उपयोग गर्ने प्रतिबद्धता जाहेर गर्ने,

२ कार्यशाला सञ्चालन विधि तथा प्रक्रिया-

¶ नगर कार्यपालिकाद्वारा कार्यशालाको आयोजना गरी नगर प्रमुखद्वारा अध्यक्षता गरिएको,

¶ परियोजना/कार्यक्रम तयारीमा संलग्न संस्थाका विज्ञ टोलीमार्फत मस्यौदाका प्रमुख विषय तथा सूचना विवरण प्रस्तुत गरिएको,

¶ प्रस्तुति पछि समूहगतरूपमा छलफलमार्फत सुझाव एवं मार्गदर्शन सङ्कलन  गरिएको,

¶ समूहगतरूपमा प्राप्त सुझाव एवं मार्गदर्शनलाई पूर्ण सत्रमा प्रस्तुत गरी लिपिबद्ध गरिएको,

¶ कार्यशालाको सुझाव एवं मार्गदर्शनलाई समावेश गरी परियोजना/कार्यक्रमलाई अन्तिम रूप दिइएको छ ।

३ कार्यशालामा सहभागिता-

नगर प्रमुख,नगर उपप्रमुख, कार्यालय प्रमुख,नगर कार्यपालिकका पदाधिकारीहरू,नगर शिक्षा समितिका पदाधिकारीहरू, सामुदायिक विद्यालयका प्र अ, आमन्त्रित सफल सामुदायिक तथा संस्थागत विद्यालयका प्र अ/प्रिन्सिपल र सम्बन्धित शाखा प्रमुखहरू।

**सातौं चरणः** परियोजना/कार्यक्रमको अन्तिम प्रस्ताव तयारी-

कार्यशालाबाट प्राप्त भएका सुझावहरूलाईसमेत समावेश गरी देहायअनुसार परियोजना/कार्यक्रमको  प्रस्तावलाई अन्तिम रूप दिई प्रकाशन गरिएको छः-

(क) मस्यौदा प्रतिवेदनमा परिमार्जन गर्नुपर्ने विषयहरू, कार्यशालाबाट प्रस्तुत सुझावहरू बारे सम्बन्धित सरोकारवालासँग आवश्यकतानुसार पुनःपरामर्श गरी परियोजनालाई पूर्णता दिइएको छ ।

(ख) परियोजनाको स्तरीयता र गुणस्तर सुनिश्चितताका लागि विज्ञहरूका सुझावहरूलाईसमेत ध्यान दिई समावेश गरिएकोछ ।

**आठौं चरण:** परियोजना/कार्यक्रमको प्रवोधीकरण तथा हस्तान्तरण-

परियोजना/कार्यक्रमको अन्तिम प्रस्ताव तयार गरी नगर शिक्षा समितिका पदाधिकारीहरूलाई परियोजना प्रस्तावभित्रका मुख्य मुख्य अङ्गहरूको जानकारी गराउँदै नगरपालिकालाई हस्तान्तरण गरिएको छ । परियोजना/कार्यक्रमको अन्तिम प्रस्तावको विद्युतीयप्रति तयार भई सकेपछि सो प्रतिवेदनलाई नगरपालिकामा सार्वजनिक गरी आवश्यकता अनुसार छाँयाप्रति, विद्युतीय वा छापा माध्यमबाट प्रकाशन गर्नेछ ।

## १.२ परियोजनाको पृष्ठभूमि (Background of the Project)

### १.२.१. नगरपालिकाको संक्षिप्त चिनारी

मोरङ्ग जिल्लाको सदरमुकाम विराटनगरबाट करिब ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१/०९/२५ गतेको निणर्यानुसार नगरपालिकाकोरूपमा घोषणा गरी तत्पश्चात् नेपाल सरकारको मिति २०७३/११/२७ को पुनः संरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स. र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन गरी हालको उर्लाबारी नगरपालिकाको रूपमा कार्यान्वयन गरिएको हो । मोरङ जिल्लाकै नमूना नगरको रूपमा परिचित हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिममा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ । ७४.६२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा सामुदायिक विद्यालय २२, धार्मिक विद्यालय ४, संस्थागत विद्यालय ४०, सामुदायिक क्याम्पस १ र प्रविधिक शिक्षालय १ सहित गरी कुल ६८ ओटा शैक्षिक संस्थाहरू संचालनमा रहेका छन् । २२ ओटा सामुदायिक विद्यालयमा विद्यालयमा आधारित ३१ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको हालको साक्षरता प्रतिशत ८४.८मा पुरुष साक्षरता ९०.३ र महिला साक्षरता दर ८० प्रतिशत रहेको छ । अपाङ्गता भएका जनसंख्या २.३ प्रतिशत मध्ये पुरुष अपाङ्गता २.६ र महिला १.९ प्रतिशत रहेको छ । यस नगरपालिकको जनघनत्व ९५० रहेको छ ।

### १.२.२. भौगोलिक अवस्थिति

भौगोलिकरूपमा २६.५५° देखि २६.७२° अक्षांश र ८७.५७° देखि ८७.६५° देशान्तर र समुद्री सतहबाट ११६ मि. देखि १६४ मि. उचाइसम्म फैलिएको यो नगरपालिका तराई मैदान र आवादी क्षेत्र भएकोले यस क्षेत्रमा घना जंगल र सिमसार क्षेत्रहरू प्रसस्त मात्रामा रहेको पाइन्छ। यहाँको केही भागमा धार्मिक तथा कबुलियत वन पाउन सकिन्छ । उष्ण मनसुनी हावापानीको असर पर्ने यस क्षेत्रमा उत्तरतर्फ भन्दा दक्षिणतर्फ तापक्रम बढी हुने गर्दछ । यस नगरपालिकालाई पूर्व-पश्चिम राजमार्गले मध्यभागबाट उत्तर दक्षिणमा विभाजन गरेको छ ।

जिल्लाको मध्य तथा दक्षिणी भागमा पर्ने यस क्षेत्रमा घना जंगल र सिमसार क्षेत्र तथा वनहरू प्रशस्त मात्रामा छन् । आधा दर्जन नदीनालाहरू रहेकोले पानीको स्रोत प्रशस्तै रहेको पाइन्छ । वेतनी सिमसार क्षेत्र, संग्रहालय तथा धिमाल जातिको संस्कृतिले यस नगरको आफ्नै विशिष्टता ओगटेको छ । जसमा अन्य विभिन्न सिमसार क्षेत्रहरूले यस नगरपालिकाको प्राकृतिक सुन्दरतालाई टेवा पुऱ्याइरहेको छ ।

### १.२.३. सामाजिक तथा सांस्कृतिक अवस्थाः

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा जम्मा घरधुरी संख्या १७६५० मा कुल जनसंख्या ७०९०८ रहेको देखिन्छ । परिवारको औषत आकार ४.०२ व्यक्तिहरू प्रति घरपरिवार रहेको छ । ८६.५ % घर परिवारको आफ्नै घर भएको र १२.३ % भाडामा रहने गरेको देखिन्छ । त्यसैगरी विजुली बत्तीको उपयोग गर्ने ९९.३%, खाना पकाउन एलपि ग्यासको प्रयोग गर्ने ७६.०%, फलस भएको (सेफ्टिक ट्याङ्क) शौचालय प्रयोग गर्ने ५४.२%, रहेको देखिन्छ । तथ्याङ्क अनुसार यहाँ बसोबास गर्ने मुख्य जातिमा क्षेत्री, ब्राम्हण, लिम्बु, नेवार, धिमाल, राई, तामाङ्गलगायत ३९ भन्दा बढी रहेका छन् । देशका अन्य भागमा जस्तै यस नगरपालिकाका वासिन्दाहरूले पनि राष्ट्रिय चाडपर्वका साथै आफ्नो जाति र धर्म विशेषका चाडपर्वहरू र रीतिरिवाजहरू मान्दछन् । अन्यत्र जस्तै यहाँ पनि विभिन्न धर्मसँग आवद्ध व्यक्तिहरूले विशेष चाडपर्वहरू आफ्नै आफ्नै ढंगबाट फरक-फरक तरिकाले मनाउने गरेको पाइन्छ । परम्परागतरूपमा मनाइने चाडपर्वहरूमा दशैं, तिहार, हरितालिका तीज, राम नवमी, शिवरात्री, फागुपूर्णिमा, नाग पञ्चमी, माघे सक्रान्ती, जितिया, साउने सक्रान्ती, चण्डी पूणिमा, उँधौली उँभौली, बुद्ध जयन्ती, ल्होसार, कृष्ण जन्माष्टमी, इद, कुर्वानी तथा अन्य चाडपर्वहरू परम्परागतरूपमा मनाइन्छ । यस नगरपालिकामा आधुनिक र परम्परागत दुवै शैलीको मानव वस्ती रहेको र सोहिअनुरूप चाडपर्वहरू पनि मनाइदै आएको पाइन्छ । यहाँ धिमाल सन्थाल समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभूषा, परम्परा र संस्कार रहेको

भेटिन्छ ।यस नगरपालिकाको वडा नं. १ देखि ९ सम्ममा विभिन्न धर्मावलम्बीसँग सम्बन्धित ६८ ओटा भन्दा बढी धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरू रहेकाछन् ।

### १.२.४. जनसाङ्खिक संरचनाः

राष्ट्रिय जनगणना २०७८ अनुसार उर्लाबारी नगरपालिकाको कुल जनसंख्या ७०९०८ रहेको मध्ये पुरुषको संख्या ३३३५६(४७%) र महिलाको संख्या ३७५५२(५३%) रहेको देखिन्छ भने जम्मा घरपरिवारको संख्या १७६५० रहेको देखिन्छ । त्यसैगरी लैङ्गीक अनुपात ८८.८३ (पुरुषप्रति १०० महिला), जन्म दर्ता गराउने ६८.३% र जन्म दर्ता नगराउने ३१.७%, औषत परिवार संख्या ५.१३ रहेको छ । यस न.पाको जनघनत्व ९५० प्रति व.कि.मी रहेको छ ।

### १.२.४.१ वडागत जनसंख्या विवरण

तालिकानं.१ वडागत जनसंख्या

| वडा नं. | पुरुष | महिला | जम्मा | पुरुष% | महिला% |
|---|---|---|---|---|---|
| १ | ४१६१ | ४६४३ | ८८०४ | ४७.२६ | ५२.७४ |
| २ | ३९५५ | ४४५८ | ८४१३ | ४७.०१ | ५२.९९ |
| ३ | ३४८६ | ३८१६ | ७३०२ | ४७.७४ | ५२.२६ |
| ४ | ४६२१ | ५१६९ | ९७९० | ४७.२ | ५२.८ |
| ५ | २५६६ | २९६९ | ५५३५ | ४६३६. | ५३.६४ |
| ६ | २६४९ | ३०२१ | ५६७० | ४६.७२ | ५३.२८ |
| ७ | ५०६८ | ५६५१ | १०७१९ | ४७.२८ | ५२.७२ |
| ८ | ३६३९ | ४२१२ | ७८५१ | ४६.३५ | ५३.६५ |
| ९ | ३२११ | ३६१३ | ६८२४ | ४७.०५ | ५२.९५ |
| जम्मा | ३३३५६ | ३७५५२ | ७०९०८ | ४७.०४ | ५२.९६ |

स्रोत; राष्ट्रिय जनगणना २०७८

### १.२.४.२ उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

उमेर समूहको आधारमा जनसंख्या विवरणलाई हेर्दा सबैभन्दा बढी १५ देखि १९ वर्षको जनसंख्या देखिन्छ जुन ९१०० जना रहेको छ । पुरुषको जनसंख्या मात्रै हेर्दा ५ देखि ९ वर्षको जनसंख्या बढी देखिन्छ भने महिलाको सबै भन्दा बढी जनसंख्या २५ देखि २९ वर्षको उमेर समूहमा देखिन्छ जनु क्रमशः ४८०० र ४८०० रहेको देखिन्छ ।

तालिका :२ उमेर समूह तथा लिङ्गको आधारमा जनसंख्या विवरण




स्रोत; राष्ट्रिय जनगणना २०७८

### १.२.५. आर्थिक अवस्थाः

आर्थिक विकास तथा सशक्तीकरण केन्द्रीय सरकारदेखि स्थानीय तहसम्मको प्रमुख उद्देश्यकारूपमा रहेको हुन्छ । रोजगारीको अवस्था सिर्जना, सामुदायिक एवं प्राविधिक/व्यावसायिक शिक्षा, उद्योग धन्दाको पूर्ण विकास, आधुनिक कृषि प्रणाली, जलविद्युत, पर्यटनको प्रर्वद्धन आदिबाट आर्थिक विकास हुनसक्ने मानिन्छ । वर्तमानमा उर्लाबारी नगरपालिकाबाट आर्थिक विकास तथा सशक्तीकरणका लागि गरिएका मुख्य कार्यहरूमा उर्लाबारी नगरपालिका घोषणा भए पश्चात् कार्यालय स्थापना गरी कार्यसञ्चालन, विकास निर्माणतर्फ बाटो ग्राभेल, कल्भर्ट निर्माण, विद्यालय, मठमन्दिर, निर्माण तथा मर्मत सुधार, लक्षित वर्गतर्फ विभिन्न सीपमूलक, आय आर्जन, क्षमता अभिवृद्धि तालिमहरू, चेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका छन् ।उर्लावारी नगरपालिकामा भएको कृषियोग्य भूमिलाई व्यावसायिकरूपमा उपयोग गर्न तथा कृषिमा आधुनिकीकरण ल्याउन सकेमा यस क्षेत्रमा वसोवास गर्ने जनताको

आर्थिक उन्नति छिट्टै हुने देखिन्छ ।यहाँको युवा जनशक्तिलाई सवल र सक्षम बनाउनको लागि विभिन्न क्षेत्रबाट विविध तालिमहरू प्रदान भएको पाइन्छ । यसरी तालिम प्राप्त गर्नेहरूमा विशेष गरी कृषिसम्बन्धी सीप तथा दक्षता हासिल हुने विभिन्न तालिमहरू लिएको देखिन्छ।यस नगरपालिकामा पनि धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्वका विभिन्न स्थलहरू रहेकाले यी स्थानहरूलाई धार्मिक, ऐतिहासिक, प्राकृतिक पर्यटकीय स्थलकारूपमा विकास गराउन सकिने सम्भावना रहेको देखिन्छ ।

### १.२.५.१ मुख्य पेशासम्बन्धी विवरण

उर्लाबारी नगरपालिकाको नगर पार्श्वचित्र २०७६ अनुसार यस नगरपालिकामा बसोबास गर्ने मानिसहरूले अपनाएको मुख्य पेशाकोरूपमा कृषि, व्यापार र नोकरीलाई लिन सकिन्छ । नगरपालिकाको वडा अनुसार विभिन्न पेशामा संलग्न मानिसहरूको विवरणलाई हेर्दा यहाँका मानिसहरू जीविकोपार्जनको लागि मुख्यरूपमा कृषिमा तथा नोकरीमा आश्रित तथा संलग्न भएको देखिन्छ । जनसंख्याको आधारमा हेर्दा यस नगरपालिकामा ९२७८ ( कुल जनसंख्याको १३.१ प्रतिशत) मानिसहरू कृषि पेशामा संलग्न रहेकाछन् । यस्तै व्यापार, जागिर, ज्यालामजदुरी तथा अन्य पेशामा संलग्न भएको विवरण मध्ये व्यापार गर्नेको संख्या २७३८ (३.९ प्रतिशत) छ भने जागिर गर्नेको संख्या २०१३ (कुल जनसंख्याको २.९ प्रतिशत) जना रहेका छन् । यसैगरी ज्यालादारी मजदुरीबाट २९०५ ( कुल जनसंख्याको ४.१ प्रतिशत) जनाले आफ्ना घर व्यवहार चलाएको देखिन्छ भने वैदेशिक रोजगारीमा संलग्नको संख्या ५८२० जना रहेका छन्। त्यस्तै गरी घरधन्दा गर्ने, कुनै पनि कामनगर्ने र १६ वर्षभन्दा कम उमेर समूहका काम गर्न नसक्नेहरू क्रमशः १३७२२ जना, ७१८४ र १७५३१ जना रहेको देखिन्छ । वैदेशिक रोजगारीको अवस्थालाई हेर्दा जम्मा विदेश जानेहरूको घरपरीवार संख्या ४१२९ रहेको छ भने ६ महिना वा त्यो भन्दा बढीका लागि अन्यन्त्र बसोबास गर्नेको संख्या ५००७ रहेको छ ।

### १.२.५.२ औषत मासिक पारिवारिक आम्दानी विवरण

उर्लाबारी नगरपालिकाको नगर पार्श्वचित्र २०७६ अनुसार यस नगरपालिकामा मासिकरूपमा औषत रु १००० भन्दा कम कमाउनेको परिवार संख्या १०८० रहेको देखिन्छ । १००० देखि २००० सम्म आम्दानी गर्नेको संख्या २४४ रहेको छ त्यसैगरी २००१ देखि ३००० सम्म कमाउने परिवार संख्या ९४ छ भने ३००१ देखि ५००० कमाउनेको संख्या ५४४ रहेको छ। समग्रमा यस नगरपालिका ४७२१ घरपरिवारको मासिक आम्दानी २५००० भन्दा बढी रहेको छ। मासिकरूपमा जति आम्दानी हुन्छ उत्तिकै मात्रामा खर्च हुनुले उनीहरूको आर्थिक अवस्था पनि कमजोर रहेको देखिन्छ। व्यापार, व्यवसायको क्षेत्रमा कम

संलग्नता, खेतीको असमान वितरण, चेतना र प्राविधिक ज्ञानको कमी आदि कारणले गर्दा यस नगरपालिकाका बासिन्दाको मासिक आयस्तर त्यति राम्रो भएको पाइदैन। आय कम भएका कारण नै मानिसहरूले अत्यावश्यक वस्तुहरूमा पनि कटौती गर्ने हुनाले यसका लागि सीपमूलक तालिम, शिक्षाको प्रचुरतम प्रचारप्रसार तथा आय आर्जनका वैकल्पिक उपायको खोजी गर्न पनि त्यत्तिकै आवश्यक देखिन्छ देशको अन्य स्थानहरूमा जस्तै यहाँ पनि कृषि मुख्य पेशाकोरूपमा रहेको तथा कृषि नै आय आर्जनको एक महत्वपूर्ण क्षेत्र भएकोले गर्दा कृषिमा आधुनिकीकरण गर्नेतर्फ बढी जोड दिनुपर्ने देखिन्छ।

१.२.६. शैक्षिक अवस्थाः

उर्लाबारी नगरपालिकाभित्र रहेको शिक्षा एवं बालबालिकाको वर्तमान अवस्थालाई निम्नानुसार अध्ययन विश्लेषण गरिएको छ ।

### १.२.६.१ शैक्षिक संस्थाहरू

### (क) शैक्षिक सत्र २०८० मा सञ्चालित शैक्षिक संस्थाहरूको विवरण

### १. सामुदायिक विद्यालय र क्याम्पस विवरण- २०८०:

सामुदायिक विद्यालय २३ओटामध्ये कक्षा ११-१२ देखि उच्च शिक्षासम्म सञ्चालित क्याम्पस १ ओटा, कक्षा १२ सम्म सञ्चालित ६ ओटा, कक्षा १० सम्मका ३ ओटा, कक्षा ९ सम्मका १ ओटा, कक्षा ८ सम्मका ८ ओटा, कक्षा ५ सम्मका ३ ओटार कक्षा २ सम्मका १ ओटा रहेका छन्। वडा नं. १, २, ८ र ९ मा ४-४ ओटा, वडा नं. ४ मा ३ ओटा, ७ मा २ ओटा, वडा नं. ३ र ६ मा १-१ ओटा सामुदायिक विद्यालय सञ्चालित छन् भने वडा नं. ५ मा कुनै पनि सामुदायिक विद्यालय नरहेको देखिन्छ ।

तालिका नं.३ सामुदायिक विद्यालय र क्याम्पस विवरण

| क्र.सं | IEMIS CODE | विद्यालयको नाम र ठेगाना | सञ्चालित कक्षा |
|---|---|---|---|
| १ | 050390019 | शारदा मा.वि. उर्लाबारी १ | बाल विकास-१० |
| २ | 050390012 | लक्ष्मी मा.वि. उर्लाबारी १ | बाल विकास-९ |
| ३ | 050390016 | नुनसरी आ.वि. उर्लाबारी १ | बाल विकास-८ |
| ४ | 050390003 | बालज्योति आ.वि. उर्लाबारी १ | बाल विकास-५ |
| ५ | 050640020 | सुनपकुवा मा.वि. उर्लाबारी २ | बाल विकास-१२ |
| ६ | 050640019 | सुनझोडा मा.वि. उर्लाबारी २ | बाल विकास-१० |
| ७ | 050640014 | सरस्वती आ.वि. उर्लाबारी २ | बाल विकास-८ |

| | | | |
|---|---|---|---|
| ८ | 050640015 | शान्ति आ.वि. उर्लाबारी २ | बाल विकास-८ |
| ९ | 050640003 | दुर्गा मा.वि. उर्लाबारी ३ | बाल विकास-१२ |
| १० | 050640001 | भानु आ.वि.उर्लाबारी ४ | बाल विकास-८ |
| ११ | 050640016 | सृजना आ.वि. उर्लाबारी ४ | बाल विकास-८ |
| १२ | 050640012 | राधिका मा.वि. उर्लाबारी ६ | बाल विकास-१२ |
| १३ | 050640011 | राधिका मा.वि. उर्लाबारी ७ | बाल विकास-१० |
| १४ | 050640009 | नमुनाशिक्षा सदन उर्लाबारी ७ | बाल विकास-२ |
| १५ | 050480001 | अरनिको मा.वि. उर्लाबारी ८ | बाल विकास-१२ |
| १६ | 050480012 | लक्ष्मी मा.वि. उर्लाबारी ८ | बाल विकास-१२ |
| १७ | 050480002 | बहादुरबाबाचौ. आ.वि.उर्लाबारी ८ | बाल विकास-५ |
| १८ | 050480010 | शान्तिक्षेत्र आ.वि. उर्लाबारी ८ | बाल विकास-५ |
| १९ | 050480009 | सार्वजनिक मा.वि. उर्लाबारी ९ | बाल विकास-१२ |
| २० | 050480004 | महाराज आ.वि. उर्लाबारी ९ | बाल विकास-८ |
| २१ | 050480007 | प्रभात आ.वि. उर्लाबारी ९ | बाल विकास-८ |
| २२ | 050480008 | राजघाटआ.वि. उर्लाबारी ९ | बाल विकास-८ |
| २३ | 050640048 | उर्लाबारी बहुमुखी क्याम्पस उर्लाबारी ४ | ११--१२/उच्च शिक्षा |

स्रोत:IEMIS 2080

## २. धार्मिक विद्यालय विवरण- २०८०:

धार्मिक विद्यालय ४ ओटा मध्ये कक्षा ५ सम्म सञ्चालित १ओटा, कक्षा ३ सम्मका २ओटा र कक्षा २ सम्मका १ ओटा रहेका छन् । हिन्दू धार्मिक विद्यालय २ ओटा, बौद्ध धार्मिक १ र मुस्लीम धार्मिक विदयालय १ ओटा सञ्चालन रहेको अवस्थाले यस नगर पालिकमा धार्मिक सहिष्णुता रहेको देखिन्छ ।

तालिका नं.४ धार्मिक विद्यालय विवरण

| क्र.सं | IEMIS CODE | विद्यालयकोनाम र ठेगाना | सञ्चालितकक्षा |
|---|---|---|---|
| १ | 050640045 | सिद्ध गुरुगोरक्षनाथ धार्मिक विद्यालय उर्लाबारी ३ | बाल विकास-३ |
| २ | 050640037 | नेपालबौद्ध गुम्बा उर्लाबारी ५ | १-२ |

| | | | |
|---|---|---|---|
| ३ | 050640023 | वेदव्यास गुरुकुलम् धार्मिक विद्यालय उर्लाबारी ६ | १-३ |
| ४ | 050640030 | तजबिदुल मदरसा उर्लाबारी ७ | बाल विकास-५ |

स्रोत:IEMIS 2080

## ३. बालविकास केन्द्र विवरण- २०८०:

यस नगरपालिकामा संचालित ३१ ओटा सबै बालविकास केन्द्रहरू २२ ओटा सामुदायिक विदयालयमा आधारित भई सञ्चालनमा रहेको देखिन्छ ।९ ओटा विद्यालयमा २-२ ओटा र १३ ओटा विद्यालयमा १-१ ओटा बालविकास केन्द्र सञ्चालनमा रहेकाछन् ।

तालिका नं.५ बालविकास केन्द्र विवरण

| क्र.सं | IEMIS CODE | विद्यालयको नाम र ठेगाना | बालविकास केन्द्र संख्या |
|---|---|---|---|
| १ | 050390019 | शारदा मा .वि. उर्लाबारी १ | २ |
| २ | 050390012 | लक्ष्मी मा.वि. उर्लाबारी १ | २ |
| ३ | 050390016 | नुनसरी आ.वि. उर्लाबारी १ | १ |
| ४ | 050390003 | बालज्योति आ.वि. उर्लाबारी १ | १ |
| ५ | 050640020 | सुनपकुवा मा.वि. उर्लाबारी २ | २ |
| ६ | 050640019 | सुनझोडा मा.वि. उर्लाबारी २ | २ |
| ७ | 050640014 | सरस्वती आ.वि. उर्लाबारी २ | २ |
| ८ | 050640015 | शान्ति आ.वि. उर्लाबारी २ | २ |
| ९ | 050640003 | दुर्गा मा.वि. उर्लाबारी ३ | २ |
| १० | 050640001 | भानु आ.वि.उर्लाबारी ४ | १ |
| ११ | 050640016 | सृजना आ.वि. उर्लाबारी ४ | १ |
| १२ | 050640012 | राधिका मा.वि. उर्लाबारी ६ | १ |
| १३ | 050640011 | राधिका मा.वि. उर्लाबारी ७ | २ |
| १४ | 050640009 | नमुनाशिक्षा सदन उर्लाबारी ७ | १ |
| १५ | 050480001 | अरनिको मा.वि. उर्लाबारी ८ | १ |
| १६ | 050480012 | लक्ष्मी मा.वि. उर्लाबारी ८ | २ |
| १७ | 050480002 | बहादुरबाबाचौ. आ.वि.उर्लाबारी ८ | १ |
| १८ | 050480010 | शान्तिक्षेत्र आ.वि. उर्लाबारी ८ | १ |

| | | | |
|---|---|---|---|
| १९ | 050480009 | सार्वजनिक मा.वि. उर्लाबारी ९ | १ |
| २० | 050480004 | महाराजआ.वि. उर्लाबारी ९ | १ |
| २१ | 050480007 | प्रभात आ.वि. उर्लाबारी ९ | १ |
| २२ | 050480008 | राजघाट आ.वि. उर्लाबारी ९ | १ |

स्रोत:IEMIS 2080

## ४. संस्थागत विद्यालय विवरण- २०८०:

संस्थागत विद्यालय ४० ओटा मध्ये कक्षा ११-१२ सञ्चालित १ ओटा, कक्षा १२ सम्म सञ्चालित ८ ओटा, कक्षा १० सम्मका १२ओटा, कक्षा ९ सम्मका ९ओटा, कक्षा ८ सम्मका ९ ओटा, कक्षा ६ सम्मका २ ओटा, कक्षा ५ सम्मका ६ ओटा, कक्षा २ सम्मका २ ओटा र बाल कक्षा सञ्चालित ५ ओटा रहेका छन् । सबैभन्दा धेरै संस्थागत विद्यालय रहेको वडा नं.७ मा १० ओटा विद्यालय सञ्चालित छन् भने सबै भन्दा कम संस्थागत विद्यालय रहेको वडा नं. २ मा १ ओटा विद्यालय सञ्चालन भएको देखिन्छ ।

तालिका नं.६ संस्थागत विद्यालय विवरण

| क्र.सं | IEMIS CODE | विद्यालयकोनाम र ठेगाना | सञ्चालितकक्षा |
|---|---|---|---|
| १ | 050390010 | झारसाँदी अंग्रेजी बोर्डिङ स्कूल उर्लाबारी १ | बालकक्षा-१० |
| २ | 050390028 | मधुमल्ला चिल्ड्रेनएकेडेमी उर्लाबारी १ | बालकक्षा-८ |
| ३ | 050480018 | सुन्दह इङ्लिस स्कुल उर्लाबारी १ | बालकक्षा-२ |
| ४ | 050640025 | सिर्जना मन्टेस्वरी स्कूल उर्लाबारी १ | बालकक्षा |
| ५ | 050640032 | ब्रिलियन्ट अंग्रेजी बोर्डिङ स्कूल उर्लाबारी २ | बालकक्षा-९ |
| ६ | 050640021 | विद्याज्योति बोर्डिङस्कुल उर्लाबारी ३ | बालकक्षा-१२ |
| ७ | 050640004 | हिमालय बालसंसार अंग्रेजी बोर्डिङ स्कूल उर्लाबारी ३ | बालकक्षा-१० |
| ८ | 050640031 | शुभकामना अंग्रेजीबोर्डिङ स्कूल उर्लाबारी ३ | बालकक्षा-१० |
| ९ | 050640017 | सनसाइन अंग्रेजी माध्यमिक बोर्डिङ स्कूल उर्लाबारी ३ | बालकक्षा-१० |
| १० | 050640024 | ब्रिलियन्ट एकेडेमी उर्लाबारी ३ | बालकक्षा-२ |
| ११ | ,050640046 | योङ् किडस मन्टेश्वरी स्कुल उर्लाबारी ३ | बालकक्षा |

| | | | |
|---|---|---|---|
| १२ | 050640013 | सप्तकोशी इङ्लिसबोर्डिङ सेकेन्डरी स्कूल उर्लाबारी ४ | बालकक्ष-१२ |
| १३ | 050640008 | श्री हिमचुली मावि उर्लाबारी ४ | बालकक्षा-१० |
| १४ | 050640047 | सेन्ट स्टेफेन्स स्कूल उर्लाबारी ४ | बालकक्षा-८ |
| १५ | 050640034 | नेशनल भिजन इंग्लिशबोर्डिङ स्कुल उर्लाबारी ४ | बालकक्षा-५ |
| १६ | | सिद्धार्थ मन्टेश्वरी उर्लाबारी ४ | बालकक्षा |
| १७ | 050640018 | सुनगाभा आवासिय मा विउर्लाबारी ५ | बालकक्षा-१२ |
| १८ | 050640044 | पल्लवी विद्यामन्दिर उर्लाबारी ५ | बालकक्षा-६ |
| १९ | 050140195 | माउन्ट जैन अंग्रेजी बोर्डिङ स्कूल उर्लाबारी ५ | बालकक्षा-५ |
| २० | ,050600015 | मनकामना विद्यासदन उर्लाबारी ५ | बालकक्षा-५ |
| २१ | 050640040 | लिटिल एन्जल्स इङ्लिस बोर्डिङ स्कूल उर्लाबारी ५ | बालकक्षा-५ |
| २२ | 050640005 | होली चाइल्ड अंग्रेजी माध्यमिक विद्यालय उर्लाबारी ६ | बालकक्षा-१२ |
| २३ | 050640007 | मोरङ मोडल आवासीय मावि उर्लाबारी ६ | बालकक्षा-१२ |
| २४ | 050640043 | कुडोस विद्यासदन उर्लाबारी ६ | बालकक्षा-९ |
| २५ | 050640042 | लालीगुराँस विद्यामन्दिर उर्लाबारी ६ | बालकक्षा-६ |
| २६ | 050640022 | भृकुटी मोडल एकेडेमी उर्लाबारी ७ | बालकक्षा-१२ |
| २७ | 050640010 | पशुपति आवासिय मा विउर्लाबारी ७ | बालकक्षा-१२ |
| २८ | 050640049 | नेपाल दर्शन मावि उर्लाबारी ७ | ११,१२ |
| २९ | 050640006 | लालीगुराँस अंग्रेजीबोर्डिङ स्कूल उर्लाबारी ७ | बालकक्षा-१० |
| ३० | 050580016 | नेपाल आदर्श अंग्रेजी माध्यमिक विद्यालय उर्लाबारी ७ | बालकक्षा-१० |
| ३१ | 050640029 | पार्लेन्स इन्टरनेशनल एकेडेमी उर्लाबारी ७ | बालकक्षा-१० |
| ३२ | 050480016 | मेरिगोल्ड नेशनल एकेडेमी उर्लाबारी ७ | बालकक्षा-५ |
| ३३ | 050640002 | बेथेल एकेडेमी उर्लाबारी ७ | बालकक्षा-५ |
| ३४ | ,050640026 | दिपशिखा मन्टेश्वरी उर्लाबारी ७ | बालकक्षा |

| | | | |
|---|---|---|---|
| ३५ | ,050640027 | संस्कार पाठशाला उर्लाबारी ७ | बालकक्षा |
| ३६ | 050480015 | नेबुला अंग्रेजी स्कूल उर्लाबारी ८ | बालकक्षा-१२ |
| ३७ | 050640033 | न्यू भिजन एकेडेमी  उर्लाबारी ८ | बालकक्षा-१० |
| ३८ | 050480006 | प्रतिभा बोर्डिङ स्कूल उर्लाबारी ८ | बालकक्षा-१० |
| ३९ | 050280017 | औवल ल्याब्रटरी अंग्रेजी स्कूल उर्लाबारी ९ | बालकक्षा-१० |
| ४० | 050480011 | शिशु शिक्षा सदन अंग्रेजी विद्यालय उर्लाबारी ९ | बालकक्षा-१० |

स्रोत:IEMIS 2080

### ५. प्रविधिक धार सञ्चालित विद्यालय विवरण- २०८०:

प्राविधिक धार सञ्चालित ३ ओटा विद्यालय मध्ये २ ओटा सामुदायिक विद्यालय छन् भने १ ओटा निजी स्रोतमा सञ्चालन भएको विद्यालय रहेको छ ।

तालिका नं.७ प्रविधिकधार सञ्चालित विद्यालय विवरण

| क्र.सं. | विद्यालयकोनाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | दुर्गा मा.वि. उर्लाबारी ३ | सामुदायिक |
| २ | राधिका मा.वि. उर्लाबारी ६ | सामुदायिक |
| ३ | मदन भण्डारी मेमोरियल एकेडेमी उर्लाबारी ३ | निजी |

स्रोत:IEMIS 2080

### (ख) शैक्षिक सत्र २०८० मा सञ्चालित शैक्षिक संस्थाहरुमा अध्ययनरत विद्यार्थी विवरण

IEMIS 2080 अनुसार शैक्षिक सत्र २०८० मा विद्यालयमा अध्ययनरत कुल विद्यार्थी २१७५१ जना रहेकाछन् । कुल विद्यार्थी मध्ये छात्रा १०४८१ अर्थात ४८.१९% र छात्र ११२७० अर्थात ५१.८१% छात्र रहेका छन् । त्यसैगरी लैङ्कि अनुपात ९२.९९(छात्रा प्रति १०० छात्र) रहेको देखिन्छ जुन कुल जनसंख्याको लैंगिक अनुपात ८८.८३ (पुरुष प्रति १०० महिला) को विपरीत देखिन्छ । यस तथ्याङ्कबाट कुल जनसंख्यामा महिलाको संख्या ५३% रहेकोमा कुल विद्यार्थिमा छात्राको संख्या४८.१९% मात्र भएबाट विद्यालयमा छात्रा सहभागिता कम रहेको देखिन्छ ।सामुदायिक विद्यालयमा अध्ययनरत कुल विद्यार्थी ९३२२ जनामा छात्रा ५२.३६% (४८८१) र छात्र ४७.६४% (४४४१) जनादेखिन्छ भने संस्थागत

विद्यालयमा अध्ययनरत कुल विद्यार्थी १२२६५ जनामा छात्रा ४५.५०% (५५८०) र छात्र ५४.५०% (६६८५) जना देखिन्छ ।

सामुदायिक विद्यालयमा तल्लो कक्षा बाट माथिल्लो कक्षामा छात्राको संख्या क्रमश बढ्दो क्रममा छ भने संस्थागत विद्यालयमा घट्दो क्रममा रहेको देखिन्छ । यस तथ्याङ्कबाट शैक्षिक अवसरमा लैङ्गिक विभेद रहेको देखिन्छ ।३१ औटा सामुदायिक बाल विकास केन्द्रमा अध्ययन गर्ने कुल विद्यार्थी ७१० जना छन् भने ४० औटा संस्थागत विद्यालयका बाल कक्षामा अध्ययन गर्ने कुल विद्यार्थी २६७९ अर्थात् सामुदायिकको भन्दा ३७७% बढी रहेका छन्, तर माध्यमिक तहमा भने ०.७४% मात्र विदयार्थी संस्थागत विद्यालयमा अध्ययनरत रहेकाछन् ।४ औटा धार्मिक विद्यालयमा विद्यार्थी संख्या ज्यादै न्यून रहेको देखिन्छ ।

तालिका नं.८ (क) आधारभूत तहमा अध्ययनरत छात्रा/छात्रहरुको संख्यात्मक विवरण

| क्र.सं. | विद्यालय | बाल विकासकेन्द्र | | | आधारभूत तह | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा १-८ | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सामुदायिक विद्यालय | ३३१ | ३७९ | ७१० | १४६४ | १३८३ | २८४७ | १३९९ | १२३१ | २६३० | २८६३ | २६१४ | ५४७७ |
| २ | धार्मिक विद्यालय | ४ | १५ | १९ | १६ | १२९ | १४५ | ० | ० | ० | १६ | १२९ | १४५ |
| ३ | संस्थागत विद्यालय | ११९३ | १४८६ | २६७९ | २३४२ | २८१७ | ५१५९ | ९५० | ११३४ | २०८४ | ३२९२ | ३९५१ | ७२४३ |
| | जम्मा | १५२८ | १८८० | ३४०८ | ३८२२ | ४३२९ | ८१५१ | २३४९ | २३६५ | ४७१४ | ६१७१ | ६६९४ | १२८६५ |

स्रोत:IEMIS 2080

तालिका नं.८ (ख) माध्यमिक तहमा अध्ययनरत छात्रा/छात्रहरुको संख्यात्मक विवरण

| क्र.सं. | विद्यालय | माध्यमिकतह | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कक्षा ९--१० | | | कक्षा ११-१२ | | | जम्मा | | | कुलजम्मा | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सामुदायिक विद्यालय | ९३३ | ८७९ | १८१२ | ७५४ | ५६९ | १३२३ | १६८७ | १४४८ | ३१३५ | ४८८१ | ४४४१ | ९३२२ |
| २ | धार्मिक विद्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २० | १४४ | १६४ |
| ३ | संस्थागत विद्यालय | ४३९ | ५२६ | ९६५ | ६५६ | ७२२ | १३७८ | १०९५ | १२४८ | २३४३ | ५५८० | ६६८५ | १२२६५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | १३७२ | १४०५ | २७७७ | १४१० | १२९१ | २७०१ | २७८२ | २६९६ | ५४७८ | १०४८१ | ११२७० | २१७५१ |

स्रोत:IEMIS 2080

## १.२.६.२ साक्षरता विवरण

उर्लाबारी नगरपालिकाको साक्षरतासम्बन्धी विवरणलाई हेर्दा राष्ट्रिय जनगणना २०७८ अनुसार साक्षरता दर ८४.८ प्रतिशत रहेको देखिन्छ जसमा पुरुष साक्षरता दर ९०.३ प्रतिशत रहेको छ भने महिला साक्षरता दर ८०.० प्रतिशत रहेको छ । यहाँको कुल जनसंख्या ७०९०८ मध्ये पढ्न लेख्न दुवै नजान्ने १५.२ प्रतिशत रहेको छ ।

उर्लाबारी नगरपालिकाको नगर पार्श्वचित्र २०७६ अनुसार यस नगरपालिकाभित्र जनसंख्याको आधारमा साक्षरतासम्बन्धी विवरणलाई हेर्दा साक्षर मात्र ५१४८ जना रहेको देखिन्छ भने आधारभूत तहमा अध्ययन गर्ने ९१७३ जना, निम्न माध्यमिक तह अध्ययन गर्ने ८२३५ जना र एस. एल. सी वा सो सरह पढ्ने १२३३३ जना रहेको देखिन्छ । स्नातक र डिग्री पास गर्नेको संख्या क्रमशः ३२९० र ८०१ देखिन्छ ।राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा भएका कुल जनसंख्या मध्ये ६०१२९ जना साक्षर छन् भने तुलनात्मकरूपमा हेर्दा त्यस मध्ये सबै भन्दा बढी एस.एल.सी वा सो सरह पढ्ने देखिन्छ र सबै भन्दा कम ८०१ जनाले स्नातकोत्तर वा सो भन्दा माथि पढेको देखिन्छ।

## १.२.६.३ शिक्षक तथा शैक्षिक जनशक्ति विवरण:

उर्लाबारी नगरपालिकाको अभिलेखएवं IEMIS 2080 अनुसार यस नगरपालिकामा सामुदायिक एवं धार्मिक विद्यालयमा कुल बाल शिक्षक ३१ जना, स्थायी शिक्षक १८६ जना, अस्थायी (करार) शिक्षक ४० जना, राहत शिक्षक ३४ जना, निजी स्रोतका शिक्षक ७७ जना, आंशिक समय शिक्षक १ जनासमेत गरी जम्मा ३६९ जना (प्रविधिक धारका शिक्षक र धार्मिक विद्यालयका शिक्षकसमेत ) शिक्षकहरू कार्यरत रहेको देखिन्छ भने विद्यालय कर्मचारीमा विद्यालय सहायक ९ जना र विद्यालय सहयोगी २१ जना गरी जम्मा ३१ जना कार्यरत रहेको पाइन्छ । विद्यालय शिक्षक एवं शैक्षिक जनशक्तिको विस्तृत विवरण यसप्रकार रहेको छ ।

### (क) बाल शिक्षक, प्राविधिक शिक्षक र कर्मचारी विवरण:

उर्लाबारी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको अभिलेखअनुसार यस नगरपालिकामा बालविकास केन्द्रमा कार्यरत बाल शिक्षक ३१ जना, प्रविधिक धारका प्रविधिक शिक्षक ८ जना र विद्यालय कर्मचारी ३१ जना कार्यरत रहेकाछन् ।बाल शिक्षक विद्यार्थी अनुपात १:२२.९ रहेको देखिन्छ ।

तालिका नं.९ बाल शिक्षक, प्राविधिक शिक्षक र कर्मचारी विवरण २०८०

| बाल शिक्षक | | | प्राविधिक शिक्षक | | | | विद्यालय कर्मचारी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | माशिद्वि.प्रा. | माशि द्वि | माशि तृ | सहायकप्रशिक्षक | विद्यालयसहायक | विद्यालयसहायक | जम्मा |
| ३१ | | ३१ | २ | २ | २ | २ | ९ | २२ | ३१ |

स्रोत:उर्लाबारी नपा/IEMIS 2080

### (ख) प्राथमिक तह शिक्षक विवरण:

उर्लाबारी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको अभिलेख एवं IEMIS 2080 अनुसार यस नगरपालिकामा प्राथमिक तहमा कार्यरत जम्मा १६५ जना शिक्षक मध्ये स्थायी शिक्षक ११० जना, अस्थायी (करार) १८ जना, राहत १६ जना र निजी स्रोतमा २१ जना कार्यरत रहेको देखिन्छ । कुल स्थायी शिक्षक ११० जनामा महिला भन्दा पुरुषको संख्या बढी देखिन्छ भने अस्थायी (करार), राहतर निजी स्रोतमा महिलाको संख्या बढी देखिन्छ । कुल शिक्षकमा महिला शिक्षक ५२.१२ प्रतिशत र पुरुष शिक्षक ४७.८८ प्रतिशत रहेको बाट लैङ्गिक अनुपात १:१.०९ देखिन्छ ।आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात १:१७.२५ मात्र भएबाट शिक्षक संख्या बढी रहेको पाइन्छ ।

तालिका नं.१० प्राथमिक तह शिक्षक विवरण २०८०

| स्थायी | | | अस्थायी (करार) | | | राहत | | | निजी स्रोत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ४३ | ६७ | ११० | १२ | ६ | १८ | १५ | ३ | १६ | १८ | ३ | २१ | ८६ | ७९ | १६५ |

स्रोत:उर्लाबारी नपा/IEMIS 2080

### (ग) निम्न माध्यमिक तह शिक्षक विवरण:

उर्लाबारी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको अभिलेख एवं IEMIS 2080 अनुसार यस नगरपालिकामा निम्न माध्यमिक तहमा कार्यरत जम्मा ९० जना शिक्षक मध्ये स्थायी शिक्षक ४३ जना, अस्थायी (करार) ३ जना, राहत १० जना र निजी स्रोतमा ३४ जना कार्यरत रहेको देखिन्छ । कुल शिक्षकमा महिला शिक्षक २४.४४ प्रतिशत र पुरुष शिक्षक ७५.५६ प्रतिशत रहेकोबाट लैङ्गिक अनुपात १:०.३२ मात्र देखिन्छ । निम्न माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात १:२९.२२ मात्र भएबाट शिक्षक संख्या बढी रहेको पाइन्छ तर विषयगत शिक्षकको भने अभाव रहेको अवस्था देखिन्छ ।

तालिका नं.११ निम्न माध्यमिक तह शिक्षक विवरण २०८०

| स्थायी | | | अस्थायी (करार) | | | राहत | | | निजी स्रोत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ६ | ३७ | ४३ | ० | ३ | ३ | ३ | ७ | १० | १३ | २१ | ३४ | २२ | ६८ | ९० |

स्रोत:उर्लाबारी नपा/IEMIS 2080

### (घ) माध्यमिक तह शिक्षक विवरण:

उर्लाबारी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको अभिलेख एवं IEMIS 2080 अनुसार यस नगरपालिकामा माध्यमिक तहमा कार्यरत जम्मा ३८ जना शिक्षक मध्ये स्थायी शिक्षक २२ जना, अस्थायी (करार) २ जना, राहत ४ जना र निजी स्रोतमा १० जना कार्यरत रहेको देखन्छ । कुल शिक्षकमा महिला शिक्षक २३.६८ प्रतिशत र पुरुष शिक्षक ७६.३२ प्रतिशत रहेको बाट लैङ्गिक अनुपात १:०.३१ मात्र देखिन्छ । माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात १:.४७.६१ मात्र भएबाट विद्यार्थी संख्याको आधारमा शिक्षक संख्या कमी रहेको देखिनुका साथै विषयगत शिक्षकको पनि अभाव रहेको अवस्था देखिन्छ । अधिकांश विद्यालयमा योग्यता भएका तर तल्लो तहका शिक्षकहरूबाट माथिल्लो तहका कक्षा शिक्षण हुँदै गरेको अवस्था रहेको पाइन्छ ।

तालिका नं.१२ माध्यमिक तह शिक्षक विवरण २०८०

| स्थायी | | | अस्थायी (करार) | | | राहत | | | निजी स्रोत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ३ | १९ | २२ | १ | १ | २ | ० | ४ | ४ | ५ | ५ | १० | ९ | २९ | ३८ |

स्रोत:उर्लाबारी नपा/IEMIS 2080

### (ङ) उच्च माध्यमिक तह शिक्षक विवरण:

उर्लाबारी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको अभिलेख एवं IEMIS 2080 अनुसार यस नगरपालिकामा उच्च माध्यमिक तहमा कार्यरत जम्मा ४० जना शिक्षक मध्ये स्थायी शिक्षक ११ जना, अस्थायी (करार) १७ जना, राहत ४ जना र निजी स्रोतमा ७ जना र आंशिक समय काम गर्ने (Part time teacher) १ जना कार्यरत रहेको देखिन्छ । कुल शिक्षकमा महिला शिक्षक १२.५ प्रतिशत र पुरुष शिक्षक ८७.५ प्रतिशत रहेकोबाट लैङ्गिक अनुपात १:०.०९ मात्र देखिन्छ । उच्च माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात १:.३३.०५ मात्र भएबाट विद्यार्थी संख्याको आधारमा शिक्षक संख्या बढी रहेको पाइन्छ तर विषयगत शिक्षकको भने अभाव रहेको अवस्था देखिन्छ । अधिकांश विद्यालयमा योग्यता

भएका तर तल्लो तहका शिक्षकहरूबाट माथिल्लो तहका कक्षा शिक्षण हुँदैगरेको अवस्था रहेको पाइन्छ ।

तालिका नं.१३ उच्च माध्यमिक तह शिक्षक विवरण २०८०

| स्थायी | | | अस्थायी (करार) | | | राहत | | | निजी स्रोत | | | आंशिक समय शिक्षक | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ११ | ११ | २ | १५ | १७ | ० | ४ | ४ | २ | ५ | ७ | १ | ० | १ | ५ | ३५ | ४० |

स्रोत:उर्लाबारी नपा/IEMIS 2080

### १.२.६.४ विद्यालयको भौतिक पूर्वाधारको विवरण:

उर्लाबारी नगरपालिकाको अनुगमन टोलीद्वारा स्थलगत अनुगमन गरी तयार गरिएको प्रतिवेदन अनुसार यस नगरपालिका भित्र संचालित सामुदायिक तथा धार्मिक विद्यालयहरूको वर्तमान भौतिक पूर्वाधारको अवस्थाका सम्बन्धमा निम्नानुसार भौतिक पूर्वाधारहरूको अभाव भएको पाइन्छ ।खेल मैदान नभएका ९ ओटा, घेराबारा नभएका ९ ओटा, छात्रा शौचालय नभएका १ र यूरिनल नभएका १३ ओटा, छात्र शौचालय नभएका ३ र यूरिनल नभएका १५ ओटा, शुद्ध पिउने पानीको प्रबन्ध नभएका १९ ओटा, ५ ओटा भन्दा कम कक्षा कोठा भएका ४ ओटा, २५ जोर भन्दा कम डेक्सत्रेञ्च भएका ५ ओटा, ICT तर्फ कम्प्युटर नभएका ४ ओटा. स्मार्टबोर्ड नभएका १२ ओटा, प्रोजेक्टर नभएका १० ओटा, विद्युतीय हाजिरी नभएका २२ ओटा र पुस्तकालय नभएका विद्यालय १२ ओटा रहेकाछन्।विद्यालयहरूको वर्तमान भौतिक पूर्वाधारको विस्तृत विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ।

## १.३ मुख्य शैक्षिक समस्याहरूः

विद्यालय स्थलगत अनुगमनमा प्रयोग गरिएको विद्यालय शैक्षिक सूचना सङ्कलन फाराममा आएका विषयवस्तु, सरोकारवालाहरूसँगको छलफल अन्तरक्रिया एवं विभिन्न अभिलेखहरूको अध्ययनबाट पहिचान गरिएका उर्लाबारी नगरपालिकामा देखिएका थुप्रै शैक्षिक समस्याहरू मध्ये प्रमुख शैक्षिक समस्याहरू यसप्रकार रहेको पाइन्छ ।

योजनाबद्ध शैक्षिक विकासका लागि शैक्षिक योजना निर्माण हुन नसक्नु, विद्यालय नक्साङ्कन नहुनु, सामुदायिक विद्यालयहरूमा उपयुक्त भौतिक पूर्वाधार हुन नसक्नु, वडा नं. ५ मा एउटा पनि सामुदायिक विद्यालय नहुनु, विद्यालयमा सिकाइ सामग्री पर्याप्त उपलब्ध हुन नसक्नु, प्रविधियुक्त कक्षाकोठाको अभाव, दरबन्दीअनुसार विषयगत शिक्षक सङ्ख्याको कमी, आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहमा विषयगत शिक्षक दरबन्दीमा कमी, सूचना

तथा सञ्चार प्रविधिलाई विद्यार्थीको शिक्षण सिकाइमा उपयोग गर्न नसकिएको, तालिम तथा पेशागत विकासमा शिक्षकको क्षमता विकासको प्रबन्धमा कमी, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धि कार्यक्रममा कमी, अभिभावक जागरण कार्यक्रमको अभाव, सामुदायिक विद्यालयमा समुदायको लगानीमा कमी, विपन्न, असहाय, अभिभावकविहीन बालबालिकाहरूको पहुँच र टिकाउमा समस्या, बालविकास केन्द्र शिक्षक र विद्यालय कर्मचारीहरूको लागि अभिप्रेरणामा कमी, विद्यार्थीको सिकाइ उपलब्धि न्यून रहनु, जनसङ्ख्याको अनुपात (महिला ५३%) मा छात्रा सङ्ख्या (४८%) न्यून रहेकोa सामुदायिक विद्यालयको बालकक्षादेखि कक्षा ५ सम्म विद्यार्थी संख्या न्यून हुनु जस्ता समस्या रहेका छन्।

## १.४. शिक्षा क्षेत्रका चुनौतीहरूः

यस नगरपालिकामा देखिएका शैक्षिक समस्याहरू समाधानका लागि देखिएका प्रमुख चुनौतीहरू यस प्रकार रहेका छन् ।

विद्यालय नक्शाङ्कन र समायोजन, विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चितता, गुणस्तरीय शिक्षाको प्रभावकारीरूपमा कार्यान्वयन, अनिवार्य शिक्षा कार्यान्वयन, पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणालीमा सुधार, सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, विपद् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण, उपयुक्त भौतिक पूर्वाधारको व्यवस्थापन, विद्यालय शिक्षामा सुशासन कायम गर्नु जस्ता चुनौतीहरू रहेका छन् ।

## १.५. अवसरहरूः

यस उर्लाबारी नगरपालिकामा धेरै शैक्षिक समस्या एवं चुनौतीहरूबिच शैक्षिक विकासका लागि निम्नानुसारका अवसरहरू पनि विद्यमान रहेको देखिन्छ ।

संवैधानिक र कानुनीरूपमा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा प्राप्त, आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क, माध्यमिक तहको शिक्षा निःशुल्क, नगर शिक्षा ऐन, नियम र कार्यविधि, नगर विकासको आवधिक योजना, विद्यालय विकासमा साझा प्रयत्न र भावना, ऊर्जाशील तथा लगनशील शिक्षकहरू, सूचना तथा सञ्चार प्रविधिको पहुँच, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन तथा क्रियाशिलता, तीनै तहका सरकार तथा साझेदार संस्थाबीच समन्वय, सहकार्य र जिम्मेवारी पूरा गर्न सक्ने

अधिकार, भौगोलिकरूपमा सुविधायुक्त स्थान, उद्योगधन्दा तथा व्यापारिक केन्द्र, रोजगारको अवसर सृजना, बिजुली, बाटो, खानेपानी, सञ्चार सेवा, स्वास्थ्य, कृषि तथा विद्यालय शिक्षा र उच्च शिक्षाको शैक्षिक हब (केन्द्र) जस्ता अवसरहरू रहेका छन् ।

# परिच्छेद दुईः परियोजनाको लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि (Vision)

"शिक्षाका समग्र पक्षमा सुधार: सक्षम, सुसंस्कृत र समृद्ध नगरको आधार।"

## २.२ ध्येय (Mission)

"शिक्षाको माध्यमबाट मानव व्यवहारमा परिवर्तन ल्याई नगरबासीलाई सक्षम, सुसंस्कृत, सुखी, समृद्ध र समुन्नत बनाई उर्लाबारीलाई एक उत्कृष्ट नगर बनाउने।' '

## २.३ लक्ष्य (Goal)

समतामूलक समाज निर्माणका लागि निरक्षर सबैलाई साक्षरता तथा निरन्तर शिक्षाको माध्यमबाट जीवनोपयोगी सीप प्रदान गर्नुका साथै विद्यालय शिक्षालाई प्रविधिमैत्री, सीपमूलक, व्यावहारिक र गुणस्तरीय बनाई स्वदेशमा नै गरीखान सक्ने एव राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्नसक्ने जनशक्ति उत्पादन गर्ने ।

## २.४ उद्देश्यहरू (Objectives)

२.४.१ विद्यालय शिक्षामा सबै अवस्थाका बालबालिकाहरूको सहज र समतामूलक पहुँचको सुनिश्चित गर्नु।

२.४.२ प्रविधियुक्त सिकाइ वातावरण सिर्जना गरी शैक्षिक गुणस्तरमा समयानुकुल सुधार गर्नु।

२.४.३ विद्यार्थीमा भएको अन्तर्निहित प्रतिभाको प्रस्फुटन तथा विकास हुने वातावरण सृजना गर्नु।

२.४.४ विद्यालयका सरोकारवालाहरूको क्षमतामा विकास गर्नु ।

२.४.५ विद्यालयको सुशासन, पारदर्शिता र व्यवस्थापकीय पक्षमा समय सान्दर्भिक सुधार गर्नु ।

२.४.६ निरक्षर प्रौढहरूलाई साक्षर बनाई जीवनोपयोगी सीप प्रदान गर्नु ।

## २.५ रणनीतिहरू (Strategies)

२.५.१ विद्यालयहरूको आवश्यकताको आधारमा विभिन्न किसिमका भौतिक सुविधाहरूको व्यवस्था गर्नुका साथै भौतिक संरचना निर्माणमा एकरूपता कायम गर्ने ।

२.५.२ आर्थिक, सामाजिक र लैङ्गिकरूपमा पछि पारिएका तथा शारीरिक एवं वौद्धिकरूपमा कमजोर विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा समतामूलक पहुँचको सुनिश्चित गर्न पाठ्यपुस्तक, छात्रवृत्ति, दिवाखाजा, उपयुक्त भौतिक संरचना, अभिभावक शिक्षा जस्ता कार्यक्रमको व्यवस्था गर्ने ।

२.५.३ विद्यालयमा बालबालिकाहरूको आकर्षण बढाउन सूचना तथा सञ्चार प्रविधिका साधनहरू, प्रयोगशाला, पुस्तकालय, पाठ्य तथा सिकाइ सामग्रीहरूलगायतका सिकारुमैत्री साधनहरूको आवश्यक व्यवस्था गर्ने।

२.५.४ सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न विद्यालय तथा शिक्षकहरूलाई उत्साहित गर्ने।

२.५.५ प्रभावकारी सिकाइ व्यवस्था तथा आधुनिक विधिको प्रयोगमा जोड दिनुका साथै मूल्याङकन प्रणालीमा सुधार ल्याउने ।

२.५.६ व्यावहारिक सिकाइ एवं शैक्षिक गुणस्तर सुधारका लागिन्यूनतम मानक (Minimum Standard) निर्धारण गरी कार्यान्वयन सुरु गर्ने ।

२.५.७ विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सहयोग कार्यक्रमलाई प्रभावकारी बनाउन नगरपालिकास्तरमा विज्ञसहितको संयन्त्र निर्माण गर्ने ।

२.५.८ नगरपालिकाले तोकेबमोजिम विज्ञहरूको सहयोगमा स्थानीय पाठ्यक्रम निर्माण/परिमार्जन गरी कार्यान्वयन गर्ने ।

२.५.९ बालिकाहरूको स्वास्थ्य र सुरक्षाका लागि किशोरी स्वास्थ्य तथा सरसफाइ र विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।

२.५.१० "हाम्रो विद्यालय, राम्रो विद्यालय" भन्ने नारालाई सार्थक बनाउन बालमैत्री तथा रमाइलो सिकाइ वातावरण, सुरक्षित भौतिक संरचना, स्वच्छ वातावरण जस्ता कुराहरूको सुनिश्चित गर्ने।

२.५.११ विद्यालयमा बालबालिकाहरूका विभिन्न क्लबहरू परिचालन, खेलकुद र संगीतको अभ्यास, प्रतिस्पर्धात्मक सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी बाल प्रतिभाको प्रस्फुटन र नैतिक आचरणको विकास हुने अवसर सृजना गर्ने।

२.५.१२ शिक्षकहरूलाई तालिमकेन्द्र र पालिकास्तरमा विषयगत ज्ञान, आधुनिक विधि, सूचना तथा सञ्चार प्रविधि लगायतका समसामयिक विषयवस्तुसम्बन्धी तालिमको व्यवस्था गरी शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने ।

२.५.१३ विद्यालयका प्रअ, कर्मचारी र व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि क्षमता विकाससम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने।

२.५.१४ विद्यालयहरूलाई विभिन्न किसिमका शैक्षिक योजनाहरू निर्माण गरी कार्यान्वयन गर्नका लागि सशक्तीकरण गर्ने ।

२.५.१५ नगरपालिकाको शिक्षा प्रणालीलाई योजनाबद्ध र प्रभावकारीढंगबाट अगाडी बढाउन नगर शिक्षा योजना निर्माण र विद्यालय नक्शाङ्कन गर्ने ।

२.५.१६ नगरपालिकास्तरमा विपद् व्यवस्थापन तथा आपतकालीन शिक्षाको योजना तयार गर्ने ।

२.५.१७ प्रचलित शिक्षा ऐन नियममा भएको प्रोत्साहन, पुरस्कार र दण्डको कानुनी व्यवस्थालाई वस्तुनिष्ठ मूल्याङ्कन गरी प्रभावकारीढंगबाट कार्यान्वयन गर्ने ।

२.५.१८ विद्यालयको सूचना अभिलेख विद्युतीय प्रणालीमा राखी सुशासन, पारदर्शिता र व्यवस्थापनमा सुधार गर्ने ।

२.५.१९ अभिभावकहरूको क्षमता अभिवृद्धि गर्न अनौपचारिक शिक्षासम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

## २.६ कार्यनीतिक योजना (Implementation Plan)

२.६.१ विद्यालयहरूको वर्तमान भौतिक अवस्थाको पहिचान तथा प्रथमिकीकरण गरी आवश्यकताको आधारमा कक्षाकोठा, फर्निचर, पुस्तकालय, प्रयोगशाला, प्रशासनिक कक्ष, खेलमैदान, घेराबारा, शौचालयआदि आवश्यक भौतिक संरचना व्यवस्था गरिनेछ।

२.६.२ भौतिक पूर्वाधार निर्माण गर्दा कक्षा अनुसारका फर्निचर, अपाङ्गमैत्री भवन, फर्निचर तथा शौचालय, छात्राहरूका लागि कपडा फेर्ने कोठा (Change room)तथा ईन्सिनेटर (प्याड जलाउने मेसिन) सुरक्षित डस्टबिन भएको छात्रामैत्री छुट्टै शौचालय जस्ता समतामूलक संरचना निर्माण गरिनेछ।

२.६.३ नगरपालिका स्तरका भौतिक संरचनाहरू जस्तै विद्यालय भवन र यसमा प्रयोग गर्नुपर्ने रंग, शौचालय, खेल मैदान, घेराबारा, प्रयोगशाला, खानेपानी स्वच्छता, फूलबारी, सेनेटरी प्याड तथा फोहोर व्यवस्थापन आदिसम्बन्धी न्यूनतम मानक (Minimum Standard) निर्धारण गरी कार्यान्वयन सुरु गरिनेछ ।

२.६.४ ५ वर्ष पूरा भएर पनि विद्यालय भर्ना नभएका र बिचैमा कक्षा छाड्ने बालबालिकाको पहिचान गरी भर्ना तथा पुनः भर्ना कार्यक्रम सञ्चालन गरिनेछ ।

२.६.५ सामाजिकरूपमा पछि परेका छात्रा, दलित तथा सीमान्तकृत वर्गका बालबालिकाहरूका लागि छात्रवृति, दिवाखाजा, उत्कृष्ट विद्यार्थी प्रोत्साहन जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुका साथै आमा-बुवा दुवै नभएका विद्यार्थीहरूलाई पोशाक, झोला र आवश्यक स्टेशनरी सामग्री उपलब्ध गराइनेछ ।

२.६.६ किशोरी स्वास्थ्य तथा सरसफाइ र विकास कार्यक्रम सञ्चालन गरी विद्यालय नर्स वा फोकल महिला शिक्षकर सेनिटरीप्याडको व्यवस्था गर्नुका साथै छात्रा सशक्तीकरण तालिमको प्रवन्धसमेत गरिनेछ।

२.६.७ शौचालयको प्रयोगमा शिक्षक र विद्यार्थीबिच विभेद नहुने व्यवस्था गरिने छ ।

२.६.८ प्राथमिक उपचारका न्यूनतम सामग्रीहरू र विद्यार्थी, शिक्षक, कर्मचारी विरामी हुँदा उपचार तथा आराम गर्ने कोठाको व्यवस्था गरिनेछ ।

२.६.९ अपाङ्गता भएका बालबालिका अध्ययन गर्ने सञ्चालनमा रहेका विद्यालयका स्रोतकक्षा तथा आवासको सुधारका लागि आवश्यक कार्य गरिनेछ ।

२.६.१० विद्यार्थी सिकाइ प्रभावकारी बनाउन विषयगत (विज्ञान, कम्प्युटर, गणित, भाषा आदि) प्रयोगशाला तथा विषयगत कुना, साधारण तथा इ-पुस्तकालय, टेलिभिजन, ल्यापटप तथा डेस्कटप कम्प्युटर, प्रोजेक्टर, स्मार्टबोर्ड/ इन्टरयाक्टिभ प्यानलबोर्ड, इन्टरनेट जस्ता आधुनिक सुविधाहरूको व्यवस्था र शिक्षकहरूका लागि यस किसिमका प्रविधिहरूको शिक्षण सिकाइमा प्रयोगसम्बन्धी आवश्यक सीप हासिल गर्ने व्यवस्था मिलाइनेछ ।

२.६.११ विद्यालयमा शिक्षकले कम्प्युटर सीप हासिल गरी सिकाइमा प्रयोग गर्नसक्ने सुनिश्चित भएमा १०० भन्दा बढी विद्यार्थी भएका आधारभूत विद्यालयलाई कम्तीमा १/१वटाप्रिन्टर,ल्यापटप र प्रोजेक्टर उपलब्ध गराउनुका साथै कक्षामा प्रयोगहुने विद्युतीय सिकाइ सामग्री ल्याउन एकपटकका लागि ICT को सीप भएका सबै शिक्षकहरूलाई १/१वटा पेनड्राइभको व्यवस्था गरिनेछ ।

२.६.१२ प्रोत्साहनमूलक सिकाइ वातावरणका लागि प्रयोगात्मक विधि, भ्रमण अवलोकन विधि, प्रतिस्पर्धात्मक विधि, खेल तथा गीत विधि, परियोजना विधि, सहपाठी सिकाइ विधि, समस्या समाधान विधि, अनुभव आदान प्रदान विधि जस्ता बालमैत्री सिकाइ तरिका तथा विद्यार्थीकेन्द्रित विधिबाट सिक्ने वातावरण सृजना गरिनेछ।

२.६.१३ प्रदेश भित्रका उत्कृष्ट विद्यालयहरूको अवलोकन गरी राम्रा अभ्यासहरू कार्यान्वयन गर्न विद्यालयहरूलाई प्रोत्साहन गरिनेछ ।

२.६.१४ विषयगत ज्ञान र सुपरीवेक्षण तथा तालिमसम्बन्धी अनुभवी विज्ञहरूरहेको पालिकास्तरमा संयन्त्र बनाई शिक्षक तालिम, विद्यालय अनुगमन, सुपरीवेक्षण र शिक्षक सहयोगका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२.६.१५ विज्ञसहितको टोली कम्तीमा वर्षको ३ पटक विद्यालयमा पुगी शिक्षक विज्ञसहितको सह शिक्षण (co teaching) कार्य गर्ने र त्यसको भिडियो अभिलेख कार्यपालिका तथा शिक्षा समिति सदस्यहरूले संयुक्त अवलोकन गर्न समय मिलाउने कार्य गरिनेछ ।

२.६.१६ प्राविधिक धारको शिक्षालाई गुणस्तरीय बनाउन शिक्षक तालिमको व्यवस्था र प्रयोगशालामा सुधार गरी OJT का लागि विषयसँग सम्बन्धित संस्थासँग समन्वय गरिनेछ ।

२.६.१७ आधारभूत विषयगत ज्ञान नभएका, कमजोर सिकाइ क्षमता भएका, बिचैमा कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने र न्यून सिकाइ उपलब्धि भएका विद्यार्थीहरूलाई कक्षामा विशेष प्राथमिकता दिई सिकाउने तथा कोचिङ कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२.६.१८ शिक्षक विद्यार्थीलाई नियमितता र कक्षा समयको पूर्ण उपयोग (पालना) सम्बन्धी योजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने विद्यालयहरूलाई प्रोत्साहन गरिनेछ ।

२.६.१९ साना कक्षामा व्यवहारिक सिकाइ र शैक्षिक गुणस्तर सुधारका लागि "गुणस्तरीय शिक्षाको आधार, प्राथमिक शिक्षामा व्यापक सुधार" भन्ने नारा तयार गरी सो तहको चौतर्फी व्यवस्थापनमा सुधार गर्नुका साथै कक्षा १, २ र ३ मा सिकाउनै पर्ने भनी निश्चित ज्ञान, सीप र धारणाको किटान गरी मुख्य विषयमा सिकाइको न्यूनतम मानक निर्धारण गरी कार्यान्वयन सुरु गरिनेछ ।

२.६.२० विद्यालयका सरोकारवालाहरू प्र.अ. तथा वि.व्य.स. अध्यक्षसँग नगरपालिकाले र सबै शिक्षकसँग प्र.अ. तथा वि.व्य.स. अध्यक्षले न्यूनतम उपलब्धि प्राप्त गराउने गरी कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था गरिनेछ ।

२.६.२१ नगरपालिकाले हरेक वर्ष २ वटा कक्षाका कम्तीमा ३ विषयको स्तरीकृत परीक्षा सञ्चालन गरी गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाउने छ ।

२.६.२२ स्थानीय आवश्यकताका आधारमा नगरपालिकाले तोकेबमोजिम विज्ञहरूको सहयोगमा नैतिक तथा असल आचरण विकास हुने विषयवस्तुसमेत समाविष्ट स्थानीय पाठ्यक्रम निर्माण/परिमार्जन गरी कार्यान्वयन गर्नेछ ।

२.६.२३ विद्यालयहरूको वास्तविक अवस्था आफै पहिचान गरी वस्तुनिष्ठ योजना निर्माण गर्न "विद्यालय स्वमूल्याङ्कन" (SSA) कार्यक्रम सञ्चालन गरी सबै विद्यालयहरूलाई विद्यालय सुधार योजना, वार्षिक कार्य योजना, विषयगत शैक्षणिक योजना, शिक्षण सुधार योजना, दैनिक पाठ योजना वा पाठनोट जस्ता योजनाहरू तयार गरी शिक्षण गर्नका लागि सरोकारवालाहरूलाई सशक्तीकरण गरिने छ ।

२.६.२४ वार्षिकरूपमा कार्य सम्पादनमा उत्कृष्ट शिक्षक, प्र.अ., वि.व्य.स. र विद्यालयलाई पुरस्कृत गर्ने र पुरस्कृत विद्यालयलाई वार्षिक कम्तीमा १ लाख रुपैया थप शैक्षिक प्रवर्तनमा प्रयोग गर्ने गरी विनियोजनको सुनिश्चितता गर्नुका साथै यस्तो पुरस्कार प्राप्त विद्यालय मूल्याकनको मापदण्ड र उसले प्राप्त गरेको अंक सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

२.६.२५ विद्यार्थीहरूलाई कुलत, दुर्व्यसनी, यौन दुर्व्यवहार, मोबाइल फोनको दुरूपयोग तथा अत्यधिक प्रयोग जस्ता खराब आचरणबाट जोगाई नैतिकवान र अध्ययनप्रति सकारात्मक बनाउन परामर्श दिने तथा पथप्रदर्शन गर्ने व्यवस्था मिलाइनेछ।यसका लागि पालिकाबाट केही शिक्षकलाई मनोपरामर्श तथा पथप्रदर्शनसम्बन्धी तालिमको व्यवस्था गरिनेछ। कक्षा ८, १० र १२ मा अध्ययनरत विद्यार्थीहरूलाई शिक्षकले माथिल्लो तहमा अध्ययन गर्ने विषयक्षेत्र छनोटका लागि उसको क्षमता, रुचि र प्रवृतिअनुसार पथप्रदर्शन गर्ने व्यवस्था मिलाइनेछ ।

२.६.२६ विद्यार्थीहरूलाई ट्राफिक प्रहरीसँग समन्वय गरी पैदल हिड्दा र सवारी साधन चलाउदा पालन गर्नुपर्ने सामान्य ट्राफिक नियमसम्बन्धी जानकारी दिने व्यवस्था मिलाइनेछ।

२.६.२७ विद्यालयहरूमा विद्यार्थीका सदन, बालक्लब, स्काउट, जुनियर रेडक्रस,NCC आदि क्लबहरू निर्माण गरी उनीहरूलाई जिम्मेवार बनाई विभिन्न किसिमका सिर्जनात्मक तथा सकारात्मक कार्यहरू गर्न प्रोत्साहन गरिनेछ।

२.६.२८ प्रतिस्पर्धात्मक सह तथा अतिरिक्त क्रियाकलापमार्फत उनीहरूमा भएका अन्तर्निहित प्रतिभाहरू प्रस्फुटन हुने अवसर सृजना गर्नुका साथै नगरपालिकास्तरमा विद्यार्थी पहिचान कार्यक्रम सञ्चालन गरिनेछ।

२.६.२९ बालविकास तथा आधारभूत तहमा अध्ययन गर्ने बालबालिकाहरूलाई बालमैत्री र रमाइलो बातावरणमा सिक्न आवश्यक सिकाइ तथा खेल सामग्रीहरू व्यवस्था गरिनेछ ।

२.६.३० नगरपालिकास्तरमा रहेका नृत्य र गायन प्रशिक्षकद्वारा तोकिएको विद्यालयसँग समन्वय गरी समय मिलाएर इच्छुक बालबालिकाहरूलाई सम्बन्धित विधाका सैद्धान्तिक ज्ञान-सीप सिकाउने तथा व्यावहारिक अभ्यास गराउनुका साथै विद्यालयबाट खेलकुद सिकाउने तथा प्रतिष्पर्धा गराउने व्यवस्था मिलाइनेछ ।

२.६.३१ बालबालिकाहरूले सिर्जना गरेका प्रतिभाहरूलाई प्रदर्शन गर्न विद्यालयमा समूहगत प्रदर्शनस्थलको र नगरपालिकास्तरमा विद्यार्थी निर्मित सामग्री प्रदर्शनको व्यवस्था मिलाइनेछ।

२.६.३२ विद्यालय प्राङ्गणमा उत्कृष्ट फूलबारी निर्माण तथा वृक्षारोपण गरी संरक्षण गर्ने प्रत्येक विद्यालयका विद्यार्थीका सदन/समूहलाई "वातावरण प्रेमी पुरस्कार" र नगरपालिकाभरिमा प्रथम हुनेलाई "उत्कृष्ट वातावरण प्रेमी पुरस्कार" प्रदान गरिनेछ।

२.६.३३ समाजकाविशेष क्षमता भएका ज्येष्ठनागरिक तथा अनुभवी सफल व्यक्तिसँग विद्यार्थीले भेट्न पाउने वातावरण मिलाई मानव जीवनका विभिन्न पक्षकोबारेमा अनुभव हासिल गर्ने अवसर मिलाइनेछ ।

२.६.३४ विद्यार्थीहरूले सिर्जना गरेका विभन्न साहित्यिक सांगीतिक तथा खोजमूलक रचनाहरू विद्यालयमा भित्ते पत्रिकामा र नगरपालिकाबाट मासिक शैक्षिक जर्नल प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ।

२.६.३५ प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण तथा परीक्षाफल विश्लेषणसम्बन्धी कार्यशाला सञ्चालन गरिनेछ।

२.६.३६ शिक्षक संख्या पर्याप्त भएका विद्यालयमा अनिवार्य कक्षा शिक्षणको व्यवस्था मिलाउने विद्यालयलाई प्रोत्साहन गर्नुका साथै कक्षा शिक्षण र वहु कक्षा शिक्षण गर्ने शिक्षकलाई सम्बन्धित विषय क्षेत्रको तालिम प्रदान गरिने छ ।

२.६.३७ पढाइ क्षमताको विकास गर्न साना कक्षाका बिद्यार्थीहरूलाई पठन सीप विकाससम्वन्धी विभिन्न क्रियाकलापहरू गराउन शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।

२.६.३८ आधारभूत तहसम्म लागू भएको निरन्तर विद्यार्थी मूल्याङकन प्रणालीलाई सहज तरिकाबाट कार्यान्वयन गर्न आवश्यक मूल्याङ्कन फारामहरू उपलव्ध गराई शिक्षकहरूको सहभागितामा कार्यशाला सञ्चालन गरिनेछ ।

२.६.३९ निर्माणात्मक र आवधिक परीक्षा पछि परीक्षाफलको विश्लेषण गरी परीक्षा प्रणालीमा सुधार तथा विद्यार्थीलाई थप सिकाइ गर्न शिक्षकहरूलाई तालिम प्रदान गरिनेछ।

२.६.४० शिक्षकहरूलाई नवप्रवर्तनात्मक ज्ञान, बालमैत्री सिकाइ, सकारात्मक सोच, शैक्षिक खोज अनुसन्धान, आधुनिक विधि र सूचना तथा सञ्चार प्रविधिसम्बन्धी छोटो तथा लामो अवधिको तालिम दिई उत्साहित, सिर्जनशील, सीपयुक्त र सक्षम बनाइनेछ ।

२.६.४१ तालिम अप्राप्त प्रअहरूलाई प्रअव्यवस्थापन तालिम, विद्यालय सहायकलाई लेखा तथा प्रशासनिक व्यवस्थापन र व्यवस्थापन समितिका पदाधिकारीलाई विद्यालय व्यवस्थापन क्षमता विकाससम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२.६.४२ बालमैत्री वातावरणमा सिक्न सिकाउनका लागि चाहिने आवश्यक सामग्री तथा शिक्षक तालिम, छात्रा फोकल शिक्षक तालिम, विद्यार्थी परामर्श तथा पथप्रदर्शनसम्बन्धी तालिम सञ्चालन गर्ने।

२.६.४३ सिकाइमा कमजोर भएका विद्यार्थीका लागि विशेष सहयोग तथा उपचरात्मक शिक्षण पद्धतिसम्बन्धी शिक्षकका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

२.६.४४ सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालयका शैक्षिक, आर्थिक, भौतिक र मानवीय सूचनाहरू व्यवस्थापन गरी कार्यकुशलता, जवाफदेहिता, सुशासन र पारदर्शिता कायम गर्नुका साथै शैक्षिक सत्रको अन्तमा विद्यालयको स्थिति प्रतिवेदन तयार गर्ने प्रवन्ध मिलाइनेछ ।

२.६.४५ विद्यालयका शिक्षक कर्मचारीहरूलाई गत महिनाको भर्पाइ तथा हाजिरीसमेतका आधारमा मासिक तलब वितरणको व्यवस्था मिलाइनेछ ।

२.६.४६ सबैभन्दा बढी उपस्थित हुने विद्यार्थीलाई प्रोत्साहन र अनुपस्थित हुने विद्यार्थीका अभिभावकलाई फोन गर्नका लागि सबै बालबालिकाका अभिभावकको टेलिफोन नम्बर विद्यालयमा राख्ने व्यवस्था मिलाइनेछ।

२.६.४७ हरेक कक्षामा विद्यार्थीको र विद्यालयमा शिक्षकको आचार संहिता निर्माण गर्न लगाई कडाइका साथ पालना गराउने विद्यालयलाई प्रोत्साहन गरिनेछ।

२.६.४८ शिक्षक तथा कर्मचारीलाई कार्यसम्पादन र विद्यार्थी सिकाइ उपलव्धिको आधारमा विद्यालय र संयन्त्रका विज्ञहरूको सिफारिसमा हरेक वर्ष प्रोत्साहन गरिनेछ । प्रचलित शिक्षा ऐन नियममा भएको कानुनी व्यवस्थालाई जिम्मेवारीपूर्वक पालाना गरे नगरेको आधारमासमेत मूल्याङकन गरिनेछ।

२.६.४९ विद्यालयहरूको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा (IEMIS) व्यवस्थित र सुदृढ गर्दै लगिनेछ र यस प्रणालीमा विद्यालयको अभिलेख राख्न र सेवाप्रवाह गर्न १जना कम्प्युटर जान्ने कर्मचारी वा शिक्षकलाई अभिमुखीकरणको व्यवस्था मिलाइनेछ।

२.६.५० सामुदायिक वद्यालयको शैक्षिक विकास र अनौपचारिक शिक्षासम्बन्धी परियेजना तयार गरिएको।

२.६.५१ योजनाबद्ध र प्रभावकारी शैक्षिक विकासका लागि आ.व. २०८१/०८२ मा ५ वर्षे नगर शिक्षा योजना निर्माण गरी सोको कार्यान्वयन सुरु गरिनेछ ।

२.६.५२ आगामी वर्षमा विद्यालय नक्शांकन कार्यलाई अगाडि बढाइने र नक्शांकनका आधारमा विद्यालय वा तह गाभ्ने तथा नयाँ विद्यालय स्थापना वा तह थप गर्ने कार्यको व्यवस्था मिलाइनेछ।

२.६.५३ बिपद व्यवस्थापन योजना निर्माण गर्नुका साथै विपद्को अवस्थामा बालबालिकाको सिकाइलाई निरन्तरता दिन आपतकालीन शिक्षाको तयारी गर्ने व्यवस्था मिलाइनेछ।

२.६.५४ विद्यालयको भौतिक तथा शैक्षिक अवस्थाकोझलक दिने किसिमको एक वृतचित्र निर्माण गरिनेछ ।

२.६.५५ नगरपालिकाभित्र रहेका विद्यालयहरूमा सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको नगरपालिकास्तरबाट निरीक्षण अनुगमन गरिनेछ ।

२.६.५६ अभिभावकहरूको क्षमता अभिवृद्धि गर्नका लागि शिक्षाको महत्त्व र विद्यार्थी नियमितता, अभिभावक शिक्षा लगायतका विषयमा सचेतना अभियान कार्यक्रम सञ्चालन गरिनेछ।

२.६.५७ निरक्षर प्रौढहरूलाई साक्षरता कक्षा सञ्चालन गरी साक्षर हुनेलाई निरन्तर शिक्षाको माध्यमबाट जीवनोपयोगी सीप विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२.६.५८ सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी एउटा साझा सिकाइ-थलोकोरूपमा यसको विकास गरिनेछ ।

**२.७ अपेक्षित उपलब्धिः**(Expected outcomes)

२.७.१ वर्तमान अवस्थाको तुलनामा पर्याप्त भौतिक पूर्वाधार निर्माण भई उपयुक्त फर्निचर, अपाङ्गमैत्री संरचना, छात्रामैत्री छुट्टै शौचालय जस्ता समतामूलक संरचना निर्माण भएको हुने।

२.७.२ समावेशी तथा समतामूलक अवसर सुनिश्चित भई विद्यालय उमेरका सबै वर्ग, लिङ्ग, समुदाय, जातजाति, भौगोलिक र शारीरिक अवस्थाका बालबालिकाहरू विद्यालयमा भर्ना भई अध्ययनरत रहेको हुने।

२.७.३ आधारभूत तथा माध्यमिक तहमा गतवर्षको तुलनामा बालबालिकाहरूको उत्तीर्ण दर तथा उच्च श्रेणी प्रप्त गर्ने दर र औसत सिकाइ उपलव्धि दरमा वृद्धि भएको हुने।

२.७.४ प्रारम्भिक बालविकास शिक्षामा थप बालबालिकाहरू भर्ना भएका र सामान्य व्यावहारिक सीप सिकेका हुने।

२.७.५ विद्यार्थीहरूको उपस्थितिदरमा वृद्धि भएको र कक्षा दोहोर्‍याउनेतथा कक्षा छाड्ने दरमा कमी आएको हुने।

२.७.६ शिक्षण सिकाइ र विद्यालयको सूचना व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने ।

२.७.७ पालिकास्तरमा शिक्षक तालिम, विद्यालय अनुगमन, सुपरीवेक्षण र शिक्षक सहयोगका लागि विज्ञहरूको संयन्त्र निर्माण भएको हुने ।

२.७.८ स्थानीय आवश्यकताअनुरूपको स्थानीय पाठ्यक्रम निर्माण तथा परिमार्जन भई आधारभूत तहका कक्षाहरूमा कार्यान्वयन भएको हुने ।

२.७.९ वौद्धिक क्षमता प्रदर्शन, सिर्जना, खेलकुद, गायन र नृत्यका क्षेत्रमा जिम्मेवार, सक्षम र प्रतिभावान विद्यार्थीहरू उत्पादन भई विभिन्न क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरेको पाइने।

२.७.१० शिक्षकहरूले पेशागत विकासका अवसर पाई आधुनिक विधि, सूचना तथा सञ्चार प्रविधिलगायतका समसामयिक विषयवस्तुमा तालिम प्राप्त गरेको हुने।

२.७.११ विद्यालयमा विद्युतीय सूचना व्यवस्थापनमा भएको हुने ।

२.७.१२ विद्यालयमा सुशासन, पारदर्शिता, नियमितता र व्यस्थापकीय पक्षमा सुधार भएको हुने।

२.७.१३ विभिन्न किसिमका शैक्षिक योजनाहरू निर्माण भएको हुने ।

२.७.१४ निरक्षर प्रौढहरू साक्षर एवम् सचेत भएको र जीवनोपयोगी सीप सिकी दैनिक जीवनमा सुधार आएको हुने । यसका प्रभावले विद्यार्थीको उपस्थिति दरमा वृद्धि भएको हुने।

## २.८ सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना २०८०-०८३ का मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः

**(Main performance Indicators and Goal Determination)**

सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना २०८०-०८३ को प्रगति मापन गर्न ४३ प्रकारका मुख्य कार्य सम्पादन सूचकहरू र ४४ प्रकारका थप कार्यसम्पादन सूचकहरू तल दिइएका छन् । यी सूचकहरू समग्र परियोजना नतिजा कार्यढाँचाको हिस्साकोरूपमा रहेकाछन् । कार्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता अनुसार यिनमा समायोजन गरिने छ ।

तालिका नं. १४ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः
(Main performance Indicators and Goal Determination)

| क्र.सं. | सूचक | राष्ट्रिय/स्थानीय | आधार वर्ष २०७९ | २०८० सम्मको उपलब्धि | परियोजना अबधिको लक्ष्य | | | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ | २०८२ | २०८३ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१. | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | स्थानीय | ७२.२ | ६९.९ | ७६.९ | ७७.४ | ८४.२ | IEMIS |
| | | राष्ट्रिय | ८६.२ | | | | | फ्ल्यासरिपोर्ट |
| १.२. | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका(%) | स्थानीय | ८६.२ | ७९.४ | ९०.६ | ९३. | ९४.८ | IEMIS |
| | | राष्ट्रिय | ७३. | | | | | फ्ल्यासरिपोर्ट |
| २ | आधारभूत शिक्षा(कक्षा१-८) | | | | | | | |
| २.१. | कक्षा१ मा भर्ना भएका | स्थानीय | ९८.४ | ९८.८ | ९९.२ | ९९.६ | १०० | IEMIS |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको खुद भर्ना दर(%) | राष्ट्रिय | ९७.५ | | | | | फ्ल्यासरिपोर्ट |
| २.२. | कक्षा१ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर(%) | स्थानीय | १३१.५ | १२५.५ | १२२.३ | ११९.५ | ११५.६ | IEMIS |
| | | राष्ट्रिय | ११५ | | | | | फ्ल्यासरिपोर्ट |
| २.३. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर(%) | स्थानीय | ९७.७ | ९८.१ | ९८.५ | ९९. | ९९.५ | IEMIS |
| | | राष्ट्रिय | ९९ | | | | | फ्ल्यासरिपोर्ट |
| २.४. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर(%) | स्थानीय | १२३.३ | ११९.२ | ११६.३ | ११३.७ | ११३. | IEMIS |
| | | राष्ट्रिय | ११५ | | | | | फ्ल्यासरिपोर्ट |
| २.५. | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर(%) | स्थानीय | ९९. | ९९.१ | ९९.३ | ९९.५ | ९९.९ | IEMIS |
| | | राष्ट्रिय | ९८.३ | | | | | फ्ल्यासरिपोर्ट |
| २.६. | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर(%) | स्थानीय | ११९.२ | ११५.३ | ११२.५ | १११. | १०९.२ | IEMIS |
| | | राष्ट्रिय | ११० | | | | | फ्ल्यासरिपोर्ट |
| २.७. | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर(%) | स्थानीय | ८४.४ | ८८.५ | ९०. | ९२.२ | ९४.५ | IEMIS |
| | | राष्ट्रिय | ९३ | | | | | फ्ल्यासरिपोर्ट |
| २.८. | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर(%) | स्थानीय | ८० | ८२ | ८६ | ९० | ९३ | IEMIS |
| | | राष्ट्रिय | ९३.१ | | | | | फ्ल्यासरिपोर्ट |
| २.९. | आधारभूत तहमा (प्राथमिक कक्षा १-५ )मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका(%) | स्थानीय | २८ | २६ | २४ | २२ | २० | IEMIS |
| | | राष्ट्रिय | २० | | | | | फ्ल्यासरिपोर्ट |
| २.१०. | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | ०.७६ | ०.८८ | ०.९२ | ०.९६ | १०० | IEMIS |
| | | राष्ट्रिय | १.०६ | | | | | फ्ल्यासरिपोर्ट |
| २.११. | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर(%) | स्थानीय | ९६.८ | ९७.६ | ९८.४ | ९९.२ | १०० | IEMIS |
| | | राष्ट्रिय | ९९ | | | | | फ्ल्यासरिपोर्ट |
| २.१२. | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर(%) | स्थानीय | १२२.९ | ११९.६ | ११६.७ | ११३.५ | १०९.८ | IEMIS |
| | | राष्ट्रिय | ११०.४ | | | | | फ्ल्यासरिपोर्ट |
| २.१३. | आधारभूत तहको कक्षा | स्थानीय | ८४.४ | ८८.५ | ८९.७ | ९१.५ | ९३.५ | IEMIS |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ८ सम्म टिकाउ दर(%) | राष्ट्रिय | ७९.३ | | | | | फ्ल्यासरिपोर्ट |
| २.१४. | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर(%) | स्थानीय | ६६ | ६८ | ७० | ७२ | ७४ | IEMIS |
| | | राष्ट्रिय | ७२.७ | | | | | फ्ल्यासरिपोर्ट |
| २.१५. | आधारभूत तह (कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | ०.९२ | ०.९२ | ०.९४ | ०.९६ | ०.९ | IEMIS |
| | | राष्ट्रिय | १.०१ | | | | | फ्ल्यासरिपोर्ट |
| २.१६. | विद्यालय बाहिर रहेका बालबालिका(%) | | | | | | | |
| | आधारभूत त ह(कक्षा१-५) | स्थानीय | २.३ | २ | १.५ | १ | ०.५ | फ्ल्यासरिपोर्ट |
| | | राष्ट्रिय | १ | | | | | |
| | आधारभूत तह (कक्षा१-८) | स्थानीय | ३.२ | ३ | २.८ | २.४ | १.२ | |
| | | राष्ट्रिय | ६.६ | | | | | |
| २.१७. | आधारभूत त ह(कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको सङ्ख्या(%मा) | स्थानीय | ३९.८ | ४२.३ | ४४.५ | ४६.५ | ४९.८ | IEMIS |
| | | राष्ट्रिय | ४५ | | | | | |
| ३ | माध्यमिक शिक्षा (कक्षा९-१२) | | | | | | | |
| ३.१. | माध्यमिक तह (कक्षा ९-१२)मा खुद भर्ना दर(%) | स्थानीय | ५३.९ | ५५.८ | ५९.१ | ६२.७ | ६५.८ | IEMIS |
| | | राष्ट्रिय | ६५ | | | | | |
| ३.२. | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर(%) | स्थानीय | ८०.२ | ८४. | ८८.२ | ९२.१ | ९७.२ | IEMIS |
| | | राष्ट्रिय | ७१.४ | | | | | |
| ३.३. | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | १.०४ | १.०३ | १.०६ | १.०९ | १.१२ | IEMIS |
| | | राष्ट्रिय | १.०२ | | | | | |
| ३.४. | आधाभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर(%) | स्थानीय | ८०.५ | ८१.२ | ८३.१ | ८५.३ | ८८.१ | IEMIS |
| | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५. | कक्षा१ माभर्ना भएका बालबालिका मध्ये कक्षा१० मा पुग्ने दर(%) | स्थानीय | ६७.३ | ६९.२ | ७१.४ | ७४ | ७६.१ | IEMIS |
| | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६. | कक्षा१ मा भर्ना भएका बालबालिका मध्ये कक्षा१२ मा पुग्ने दर(%) | स्थानीय | ५३.९ | ५८.४ | ६०.२ | ६२.४ | ६४.१ | IEMIS |
| | | राष्ट्रिय | २४ | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.७. | माध्यमिक तह(कक्षा ९-१२)मा कार्यरत महिला शिक्षक सङ्ख्या(%) | स्थानीय | २०.८ | २१.९ | २३ | २५.९ | २७.५ | IEMIS |
| | | राष्ट्रिय | २२ | | | | | |
| ३.८. | कक्षा८ का विद्यार्थी सिकाइ उपलब्धि(अङ्कमा) | | | | | | | |
| | नेपाली भाषा | स्थानीय | ५९.३ | ६०.३ | ६१.४ | ६२.७ | ६३.९ | IEMIS |
| | | राष्ट्रिय | ४८ | | | | | |
| | अङ्ग्रेजी | स्थानीय | ५७.२ | ५९.३ | ६१.४ | ६३.५ | ६५.५ | |
| | | राष्ट्रिय | | | | | | |
| | गणित | स्थानीय | ५०.४ | ५१.३ | ५२.५ | ५३.७ | ५५. | |
| | | राष्ट्रिय | ३५ | | | | | |
| | विज्ञान | स्थानीय | ५८.४ | ६०. | ६१.१ | ६२.२ | ६३.४ | |
| | | राष्ट्रिय | | | | | | |
| ४ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ | | | | | | | |
| ४.१. | कुल साक्षरता दर(%) | स्थानीय | ८४.८ | ८६.५ | ८८.८ | ९१.१ | ९३.२ | Censes 2078 |
| | | राष्ट्रिय | ७६.२ | ० | ० | ० | ० | |
| ४.२. | कुल साक्षरता दर(पुरुष )(%) | स्थानीय | ९०.३ | ९१.१ | ९३.७ | ९४.८ | ९५.५ | Censes 2078 |
| | | राष्ट्रिय | ८३.६ | ० | ० | ० | ० | |
| ४.३. | कुल साक्षरता दर (महिला )(%) | स्थानीय | ८० | ८२.२ | ८४.३ | ८७.४ | ९०.९ | Censes 2078 |
| | | राष्ट्रिय | ६९.४ | ० | ० | ० | ० | |
| ४.४. | साक्षरता दर(१५ वर्षभन्दा माथि) (%) | स्थानीय | ० | ० | ० | ० | ० | Censes 2078 |
| | | राष्ट्रिय | ९५ | | | | | |
| ४.५. | साक्षरता दर(६ वर्षभन्दा माथि) (%) | स्थानीय | ० | ० | ० | ० | ० | Censes 2078 |
| | | राष्ट्रिय | ८९ | | | | | |
| ४.६. | साक्षरता दर(१५ - २४ उमेर समूह) (%) | स्थानीय | ० | ० | ० | ० | ० | Censes 2078 |
| | | राष्ट्रिय | ९२ | | | | | |
| ४.७. | साक्षरता दरमा लैङ्गिक समता | स्थानीय | ०.९८ | ०.९८ | ०.९९ | १०० | १०० | Censes 2078 |
| | | राष्ट्रिय | ० | ० | ० | ० | ० | |
| ५ | सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ५.१. | आधारभूत तह(कक्षा १-५)मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १७ | १७ | २० | २३ | २५ | IEMIS |
| | | राष्ट्रिय | २४ | | | | | |
| ५.२. | आधारभूत तह(कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २९ | २९ | ३१ | ३३ | ३५ | IEMIS |
| | | राष्ट्रिय | ३० | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.३. | आधारभूत तह(कक्षा १-८)मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | २२ | २२ | २४ | २६ | २८ | IEMIS |
| | | राष्ट्रिय | ३१ | | | | | |
| ५.४. | माध्यमिक तह(कक्षा ९-१०)मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४७ | ४७ | ४८ | ४९ | ५० | IEMIS |
| | | राष्ट्रिय | ४० | | | | | |
| ५.५. | माध्यमिक तह(कक्षा ९-१२)मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ३३ | ३३ | ३५ | ३७ | ३९ | IEMIS |
| | | राष्ट्रिय | ३५ | | | | | |
| ६ | शिक्षामा लगानी | | | | | | | |
| ६.१. | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (%) | स्थानीय | ५.२ | ५.३९ | ८. | १२. | १५. | उनपा |
| | | राष्ट्रिय | १५ | | | | | |
| ६.२. | आधारभूत तह(कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू.हजारमा) | स्थानीय | १३. | १४. | १७. | १९. | २१. | उनपा |
| | | राष्ट्रिय | २१ | | | | | |
| ६.३. | माध्यमिक त ह(कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू.हजारमा) | स्थानीय | १०. | १०. | १२. | १४. | १६. | उनपा |
| | | राष्ट्रिय | १५ | | | | | |
| ६.४. | आधारभूत तथा माध्यमिक तह (कक्षा १-१२)मा विशेष एवम् अन्य अनुदान खर्च (रू.हजारमा) | स्थानीय | १.५ | ७.५ | ९.५ | १०. | १०. | उनपा |
| | | राष्ट्रिय | | | | | | |

## तालिका नं.१५ थप कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः (Additional performance Indicators and Goal Determination)

| क्र.सं. | सूचक | राष्ट्रिय र स्थानीय तहको सूचक | आधार वर्ष २०७९ | २०८० सम्मको उपलब्धि | परियोजना अवधिको लक्ष्य | | | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ | २०८२ | २०८३ | |
| १ | विचैमा पढाइ छाड्ने दर (कक्षा १-१०) | | | | | | | IEMIS |
| १.१ | कक्षा १ | स्थानीय | २.१ | २ | १.३ | ०.७ | ० | |
| | | राष्ट्रिय | | | | | | |
| १.२ | कक्षा १-५ | स्थानीय | १.५ | १.३ | ०.९ | ०.५ | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | | | | | |
| १.३ | कक्षा ६-८ | स्थानीय | १.९ | १.८ | १.२ | ०.६ | ० | |
| | | राष्ट्रिय | | | | | | |
| १.४ | कक्षा ९-१० | स्थानीय | ०.५ | ०.४ | ०.२ | ० | ० | |
| | | राष्ट्रिय | | | | | | |
| २ | कक्षा दोहोर्याउने दर (कक्षा १-१०) | | | | | | | IEMIS |
| २.१ | कक्षा १ | स्थानीय | ५.५ | ५ | ३.३ | १.६ | ० | |
| | | राष्ट्रिय | | | | | | |
| २.२ | कक्षा १-५ | स्थानीय | ३.४ | ३.२ | २.१ | १ | ० | |
| | | राष्ट्रिय | | | | | | |
| २.३ | कक्षा ६-८ | स्थानीय | ०.५ | ०.४ | ०.३ | ०.२ | ० | |
| | | राष्ट्रिय | | | | | | |
| २.४ | कक्षा ९-१० | स्थानीय | ०.६ | ०.५ | ०.४ | ०.२ | ० | |
| | | राष्ट्रिय | | | | | | |
| ३ | कक्षा उत्तीर्ण दर (कक्षा१-१०) | | | | | | | IEMIS |
| ३.१ | कक्षा १ | स्थानीय | ८८ | ९०. | ९३ | ९५ | १०० | |
| | | राष्ट्रिय | | | | | | |
| ३.२ | कक्षा १-५ | स्थानीय | ९४ | ९५ | ९७ | ९९ | १०० | |
| | | राष्ट्रिय | | | | | | |
| ३.३ | कक्षा ६-८ | स्थानीय | ९७.४ | ९८ | ९९ | १०० | १०० | |
| | | राष्ट्रिय | | | | | | |
| ३.४ | कक्षा ९-१० | स्थानीय | ९८.४ | ९९ | १०० | १०० | १०० | |
| | | राष्ट्रिय | | | | | | |
| ४ | टिकाउ दर (कक्षा १-१०) | | | | | | | IEMIS |
| ४.१ | आधारभूत तह (कक्षा १-८) | स्थानीय | ७८ | ७९ | ८२ | ८५ | ९० | |
| | | राष्ट्रिय | | | | | | |
| ४.२ | माध्यमिक तह (कक्षा९-१०) | स्थानीय | ७१ | ७२ | ७५ | ८० | ९० | |
| | | राष्ट्रिय | | | | | | |
| ५ | विद्यालय छाड्ने दर (कक्षा १-१०) | | | | | | | IEMIS |
| ५.१ | आधारभूत तह (कक्षा १-८) | स्थानीय | ८.६ | ८ | ६ | ४ | १ | |
| | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.२ | माध्यमिक तह(कक्षा९-१०) | स्थानीय | ८.७ | ८ | ६ | ४ | १ | |
| | | राष्ट्रिय | | | | | | |
| ६ | कक्षा ८ को विषयगत सिकाइ उपलब्धि | | | | | | | IEMIS |
| ६.१ | अंग्रेजी | स्थानीय | ५७ | ५८ | ६० | ६२ | ६५ | |
| | | राष्ट्रिय | | | | | | |
| ६.२ | गणित | स्थानीय | ५० | ५२ | ५५ | ५८ | ६२ | |
| | | राष्ट्रिय | | | | | | |
| ६.३ | विज्ञान | स्थानीय | ५७ | ५८ | ६० | ६२ | ६५ | |
| | | राष्ट्रिय | | | | | | |
| ६.४ | नेपाली | स्थानीय | ५९ | ६० | ६२ | ६५ | ६८ | |
| | | राष्ट्रिय | | | | | | |
| ७ | कक्षा १० को विषयगत सिकाइ उपलब्धि | | | | | | | IEMIS |
| ७.१ | अंग्रेजी | स्थानीय | ५८ | ५९ | ६३ | ६६ | ७० | |
| | | राष्ट्रिय | | | | | | |
| ७.२ | गणित | स्थानीय | ४१ | ४३ | ४८ | ५३ | ५८ | |
| | | राष्ट्रिय | | | | | | |
| ७.३ | विज्ञान | स्थानीय | ५४ | ५५ | ५७ | ५९ | ६२ | |
| | | राष्ट्रिय | | | | | | |
| ७.४ | नेपाली | स्थानीय | ६२ | ६३ | ६५ | ६७ | ७० | |
| | | राष्ट्रिय | | | | | | |
| ८ | कक्षा १-५ को विषयगत सिकाइ उपलब्धि | | | | | | | IEMIS |
| ८.१ | अंग्रेजी | स्थानीय | ६४ | ६५ | ६७ | ६९ | ७१ | |
| | | राष्ट्रिय | | | | | | |
| ८.२ | गणित | स्थानीय | ६४ | ६५ | ६७ | ६९ | ७१ | |
| | | राष्ट्रिय | | | | | | |
| ८.३ | विज्ञान | स्थानीय | ६४ | ६५ | ६७ | ६७ | ७० | |
| | | राष्ट्रिय | | | | | | |
| ८.४ | नेपाली | स्थानीय | ५३ | ५४ | ५७ | ६१ | ६५ | |
| | | राष्ट्रिय | | | | | | |
| ९ | कक्षा १ को विषयगत सिकाइ उपलब्धि | | | | | | | IEMIS |
| ९.१ | अंग्रेजी | स्थानीय | ७२ | ७३ | ७५ | ७७ | ७९ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | | | | | |
| ९.२ | गणित | स्थानीय | ७० | ७१ | ७४ | ७७ | ८० | |
| | | राष्ट्रिय | | | | | | |
| ९.३ | विज्ञान | स्थानीय | ६८ | ६९ | ७१ | ७३ | ७५ | |
| | | राष्ट्रिय | | | | | | |
| ९.४ | नेपाली | स्थानीय | ७३ | ७४ | ७६ | ७८ | ८० | |
| | | राष्ट्रिय | | | | | | |
| १० | आधारभूत तहको विषयगत सिकाइ उपलब्धि | | | | | | | IEMIS |
| १०.१ | अंग्रेजी | स्थानीय | ६१ | ६२ | ६४ | ६६ | ६८ | |
| | | राष्ट्रिय | | | | | | |
| १०.२ | गणित | स्थानीय | ५८ | ५९ | ६१ | ६३ | ६५ | |
| | | राष्ट्रिय | | | | | | |
| १०.३ | विज्ञान | स्थानीय | ६० | ६१ | ६३ | ६५ | ६७ | |
| | | राष्ट्रिय | | | | | | |
| १०.४ | नेपाली | स्थानीय | ५६ | ५७ | ५९ | ६१ | ६३ | |
| | | राष्ट्रिय | | | | | | |
| ११ | माध्यमिक तहको (९-१०) | | | | | | | IEMIS |
| ११.१ | अंग्रेजी | स्थानीय | ५५ | ५६ | ५८ | ६० | ६२ | |
| | | राष्ट्रिय | | | | | | |
| ११.२ | गणित | स्थानीय | ४५ | ४६ | ४८ | ५० | ५२ | |
| | | राष्ट्रिय | | | | | | |
| ११.३ | विज्ञान | स्थानीय | ५२ | ५३ | ५५ | ५७ | ५९ | |
| | | राष्ट्रिय | | | | | | |
| ११.४ | नेपाली | स्थानीय | ५६ | ५७ | ५९ | ६१ | ६३ | |
| | | राष्ट्रिय | | | | | | |
| १२ | उर्लाबारी नगरपालिकाको विषयगत ओषत सिकाइ उपलब्धि (समग्र) | | | | | | | IEMIS |
| १२.१ | अंग्रेजी | स्थानीय | ५८ | ५९ | ६१ | ६३ | ६५ | |
| | | राष्ट्रिय | | | | | | |
| १२.२ | गणित | स्थानीय | ५२ | ५३ | ५५ | ५७ | ५९ | |
| | | राष्ट्रिय | | | | | | |
| १२.३ | विज्ञान | स्थानीय | ५६ | ५७ | ५९ | ६१ | ६३ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | | | | | |
| १२.४ | नेपाली | स्थानीय | ५६ | ५७ | ५९ | ६१ | ६३ | |
| | | राष्ट्रिय | | | | | | |

# परिच्छेदः ३. परियोजनाका मुख्य उपक्षेत्रहरू

## ३.१. विद्यालय शिक्षामा बालबालिकाहरूको पहुँचः

### ३.१.१. वर्तमान अवस्था

शिक्षा क्षेत्रमा राष्ट्रिय बजेटको ठूलो हिस्सा विनियोजन हुने गरेको तथ्यले नै शिक्षा राष्ट्रको प्राथमिकता क्षेत्र भएको जनाउँछ । विगतका दशकमा शिक्षामा हुने सार्वजनिक खर्चको आयतन बढ्दोरूपमा रहेको देखिन्छ । हालका तथ्याङ्कले राष्ट्रिय बजेटको सबैभन्दा बढी हिस्सा शिक्षा क्षेत्रले ओगट्ने गरेको देखाउँछ । आ.व. २०७९/०८० कुल राष्ट्रिय बजेटको १५ प्रतिशत बजेट शिक्षा क्षेत्रमा छुट्याउनुले यसलाई पुष्टि गरेको देखाउँछ । उर्लाबारी नगरपालिकाको आ.व. २०८०,०८१ को बजेटमा पनि शिक्षा क्षेत्रमा कुल बजेटको ५.२ प्रतिशत बजेट छुट्याइको देखिन्छ । शिक्षा क्षेत्रका लागि छुट्याइएको बजेटको ८० प्रतिशतभन्दा बढी रकम विद्यालय शिक्षामा (कक्षा १-१२) जाने गरेको छ । यसका अतिरिक्त प्रदेश र स्थानीय तहबाट पनि विद्यालयहरूमा अनुदान जानुका साथै अभिभावक तथा घर परिवारले पनि शिक्षामा ठूलै लगानी गर्ने गरेका छन् ।

विगत दुई दशकमा आधारभूत शिक्षाको पहुँचमा उल्लेख्य प्रगति भएको छ ।राष्ट्रियस्तरका विभिन्न शैक्षिक कार्यक्रमहरूले राखेको लक्ष्यमा सबै बालबालिका, विशेषरूपले बालिका तथा कठिन परिस्थितिमा परेका बालबालिका र सामाजिक सांस्कृतिकरूपले पिछडिएका आदिबासी जनजाति समुदायका बालबालिकाका लागि राम्रो गुणस्तरको अनिवार्य तथा निःशुल्कप्राथमिक शिक्षा पूरा गर्नका लागि पहुँचको सुनिश्चित गर्ने भनिएअनुसार सन् २०२२ मा कक्षा १ मा भर्ना हुने उपयुक्त उमेरका बालिकाहरूको खुद प्रवेश दर ९७.५ पुग्यो । यसै गरी आधारभूत शिक्षा (कक्षा १-५) को खुद भर्ना दर ९९.० प्रतिशत पुगेको देखिन्छ । उर्लाबारी नगरपालिकाको शैक्षिक सत्र २०७९ मा कक्षा १ मा भर्ना हुने उपयुक्त उमेरका बालिकाहरूको खुद प्रवेश दर ९८.४ प्रतिशत र आधारभूत शिक्षा (कक्षा १-५) को खुद भर्ना दर ९७.७ प्रतिशत पुगेको देखिन्छ ।

यस नगरपालिकका अधिकांश विद्यालयमा प्रभावकारी सिकाइका अनुकुल वातावरण तयार हुनसकेको छैन । प्रायशः विद्यालयहरू समुदायले निर्माण गरेका हुनाले सिकाइ क्रियाकलाप

सञ्चालन तथा सुरक्षाका दृष्टिले उपयुक्त छैनन् । कतिपय प्रारम्भिक बालशिक्षा तथा पूर्व प्राथमिक लगायतका विद्यालयहरू घेराबारा तथा आवश्यक सिकाइ सामग्रीका दृष्टिकोणले अभावग्रस्त अवस्थामा रहेका छन् भने कक्षाहरूमा आधारभूत उपकरण तथा खेल सामग्रीका अभाव रहेकाछन् ।विद्यालयहरू अझै पनि सिकाइका लागि अनुकुल वातावरण तयार गर्न संघर्षरत छन् ।

विद्यालयहरूले तोकिएका आवश्यक न्यूनतम पूर्वाधार पूरा गर्न सम्पादन गर्नुपर्ने कार्यहरू र स्रोत साधनको सीमिततालाई दृष्टिगत गरी  शिक्षा मन्त्रालयले सन् २०१३ मा २५ मध्ये प्राथमिकताका आधारमा शिक्षक विद्यार्थी अनुपात, कक्षाकोठाको स्थापना, पाठ्यपुस्तकको उपलव्धता, छात्र छात्राका लागि पर्याप्त पानीसहितको छुट्टाछुट्टै शौचालय र प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गरी आधारभूत तहका लागि जम्मा ५ प्रकारका प्राथमिकताका न्यूनतम मापदण्ड हुनुपर्ने निर्णय गऱ्यो । यसैगरी माध्यमिक तहका लागि पनि निर्धारित शिक्षक विद्यार्थी अनुपात पूरा गर्न आवश्यक शिक्षक संख्या, सुरक्षित विद्यालय भवन, लैङ्गिकमैत्री भौतिक सुविधा, छानिएका विद्यालयमा विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला र पाठ्यपुस्तक, पाठ्यक्रम, तथा शिक्षण सिकाइ सामग्री जम्मा ५ प्रकारका प्राथमिकताका न्यूनतम मापदण्ड हुनुपर्ने निर्णय गऱ्यो । तथापि स्रोतको साधनको अभावले गर्दा कतिपय विद्यालयहरूले यी ५ न्यूनतम मापदण्ड पनि पूरा गर्न सकेका छैनन् । विद्यालयहरूले प्रति विद्यार्थी लागत (शिक्षक तलब शीर्षकबाहेक) को रकम सिकाइ वातावरण तथा शिक्षणका गुणस्तर सुधारमा खर्च गर्न सक्ने भए पनि धेरै विद्यालयहरू खास गरी पूर्वाधार विकासका लागि थप स्रोतको अभाव खेपिरहेका छन् ।

यस नगरपालिकाका सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधारको वर्तमान अवस्थालाई हेर्दा कुल १३७ भवन मध्ये ४४ ओटा मात्र पूर्ण पक्की भवन भएकाले अधिकांश भवनहरू मर्मत तथा पुनःनिर्माण गर्नुपर्ने अवस्थामा रहेको देखिन्छ भने अन्य भौतिक पूर्वाधारहरू घेराबेरा, खेल मैदान, शौचालय, युरिनल, खानेपानी, फर्निचर आदिको अवस्थामा ठूलो लगानीका साथ सुधार गर्नुपर्ने देखिन्छ।स्थलगत अनुगमनको प्राथमिक सूचनाले पनि भौतिक पूर्वाधारको सुधारका लागि अत्यधिक माग रहेको पाइएको छ ।

### ३.१.२. समस्या तथा चुनौतीहरूः

उर्लाबारी नगरपालिकामा सञ्चालित सामुदायिक, धार्मिक एवं संस्थागत विद्यालयहरूको पहुँचको अवस्थालाई हेर्दा शैक्षिक सत्र २०८० मा विद्यालयमा अध्ययनरत कुल विद्यार्थी २१,७५१

जना रहेकामा छात्रा १०,४८१ अर्थात् ४८.१९% र छात्र ११२७० अर्थात् ५१.८१% छात्र रहेका छन् । त्यसैगरी लैङ्गिक अनुपात ९२.९९ (छात्रा प्रति १०० छात्र) रहेको देखिन्छ जुन कुल जनसंख्याको लैङ्गिक अनुपात ८८.८३ (पुरुष प्रति १०० महिला) को विपरीत देखिन्छ । यस तथ्याङ्कबाट कुल जनसंख्यामा महिलाको संख्या ५३% रहेकोमा कुल विद्यार्थीमा छात्राको संख्या ४८.१९% मात्र भएबाट विद्यालयमा छात्रा सहभागीता कम रहेको देखिन्छ । आधारभूत शिक्षाको खुद भर्ना दरमा केही प्रगति भए तापनि ठूलो संख्यामा बालबालिका विशेषत बालिकाहरू विद्यालय बाहिरै रहेको पाइएको छ । विद्यालय बाहिर रहेका यस समूहका बालबालिका मध्ये धेरैले बहुआयामिक व्यवधानको सामना गर्नुपरेको छ।अतः यस्ता बालबालिकाका लागि विशेषरूपले तयार पारिएका तथ्यमा आधारित सिकाइका कार्यक्रमको विकास आवश्यक छ ।

विगतका दुई दशकमा खास गरी बालिका शिक्षालाई प्राथमिकतामा राख्दै शिक्षामा पहुँचको विकासलाई दिएको महत्त्वका कारण समतामा धेरै प्रगति भएको छ र आधारभूत तथा माध्यमिक शिक्षाका कैयौं सूचकहरूमा लैङ्गिक समता कायम भएको छ, तर पनि लैङ्गिकता, सामाजिक-आर्थिक स्थिति, भाषा, जातजाति, भौगोलिक अवस्थिति तथा विभिन्न प्रकारका अपाङ्गताका कारण गुणस्तरीय शिक्षामा पहुँच र उपलब्धि स्तरमा ठूलो भिन्नता कायम छ । अपाङ्गता भएका बालबालिकालाई मूलधारका कक्षामा समाहित गर्ने प्रयत्न भएको भए तापनि अपाङ्गता भएका बालबालिकाको भर्ना तथा अर्थपूर्ण सहभागीताको स्थिति उत्साहजनक हुन सकिरहेको छैन ।यस्ता बालबालिकाहरू विद्यालयमा भर्ना नहुने वा अन्य बालबालिकासँग न्यून अन्तर्क्रिया हुने गरी विशेष विद्यालय वा कक्षामा भर्ना हुन चाहने प्रवृत्ति छ । यस प्रकारका धारणामा परिवर्तन ल्याउने तथा असमानतालाई सम्बोधन गर्ने प्रमुख साधन शिक्षा हुनसक्छ । समग्र समाज, विद्यालय, तथा कक्षाकोठाहरूमा गर्नुपर्ने रूपान्तरणको सम्बोधन गर्न अझैपनि धेरै चुनौतीहरू रहेकाछन् ।

स्थानीय समुदायको सक्रिय सहभागीताकै कारण यस नगरपालिकको शिक्षा प्रणालीको विकासले वर्तमान समयमा द्रुतगति लिन सम्भव भएको हो ।स्थानीयरूपमा चन्दा उठाएर र कतिपय अवस्थामा श्रमदानबाट धेरै विद्यालयहरू निर्माण गरिए । यस प्रकारको सहभागीताले शिक्षाप्रति स्थानीय स्वामित्वमा बढोत्तरी भयो र शिक्षा प्रणालीको विस्तारले गतिलियो । तर

मापदण्ड पूरा नगरी बनाइएका कमजोर विद्यालय भवनहरू यसको नकारात्मक पक्ष रहन गयो । २०७२ सालको भूकम्पपछिका अनुभवले विद्यालयका नयाँ भवनको निर्माण तथा भइरहेका विद्यालय भवनको सुरक्षित तथा भूकम्प प्रतिरोधी छन् भन्ने सुनिश्चित गर्नु अत्यन्त जरुरी देखिएको छ।

### ३.१.३. पहुँचमा सुधारका लागि गर्नुपर्ने प्रमुख क्रियाकलापहरू

¶ सबै विद्यालयहरूमा किशोरी स्वास्थ्य तथा सरसफाइ र विकास कार्यक्रम सञ्चालन गरी विद्यालय नर्स वा फोकल महिला शिक्षकको व्यवस्था गरी तोकिएका उमेर समूहका सबै छात्राहरूका लागि सेनिटरीप्याडको व्यवस्था गर्नुका साथै छात्रा सशक्तीकरण तालिमको प्रवन्धसमेत मिलाउनुपर्ने।

¶ प्राथमिक उपचारका न्यूनतम सामग्रीहरूसहितको प्राथमिक उपचार बाकस सबै विद्यालयलाई उपलब्ध गराई शिक्षक, कर्मचारी र विद्यार्थी बिरामी हुँदा विद्यालयमै प्राथमिक उपचार तथा आराम गर्ने कोठाको व्यवस्था गर्नुपर्ने ।

¶ विद्यालय उमेर समूहका विद्यालय भर्ना नभएका र बिचैमा कक्षा छाड्ने बालबालिकाको पहिचान गरी भर्ना तथा पुनः भर्ना कार्यक्रम सञ्चालन गर्नुपर्ने।

¶ अपाङ्गता भएका बालबालिका अध्ययन गर्नका लागि सञ्चालनमा रहेका विद्यालयका स्रोतकक्षा तथा आवासको सुधारका लागि आवश्यक कार्य गर्नुपर्ने ।

¶ सामुदायिक तथा धार्मिक विद्यालयहरूको वर्तमान भौतिक अवस्थाको पहिचान तथा प्रथमिकीकरण गरी आवश्यकताको आधारमा कक्षाकोठा, फर्निचर, पुस्तकालय, प्रयोगशाला, प्रशासनिक कक्ष, खेलमैदान, घेराबारा, शौचालय आदि आवश्यक भौतिक संरचनाको निर्माण एवं मर्मत सम्भारको व्यवस्था गर्नुपर्ने।

¶ भौतिक पूर्वाधार निर्माण एवं मर्मत सम्भार गर्दा कक्षाअनुसारका फर्निचर अपाङ्गमैत्री भवन फर्निचर र शौचालय ,छात्राहरूका लागि कपडा फेर्ने कोठा (Change room) तथा ईन्सिनेटर (प्याड जलाउने मेसिन) वा सुरक्षित डस्टबिन भएको छात्रामैत्री छुट्टै शौचालय जस्ता समतामूलक संरचना निर्माण गर्नुपर्ने ।

¶ यूरिनल तथा शौचालयको प्रयोगमा शिक्षक र विद्यार्थीबिच विभेद नहुने व्यवस्था गरिने।

¶ नगरपालिकास्तरका भौतिक संरचनाहरू जस्तै विद्यालय भवन र यसमा प्रयोग गर्नुपर्ने रङ्ग, शौचालय, खेल मैदान, घेराबारा, प्रयोगशाला, खानेपानी स्वच्छता, फूलबारी, सेनेटरी प्याड तथा फोहोर व्यवस्थापन आदिसम्बन्धी न्यूनतम मानक)Minimum Standard) निर्धारण गरी कार्यान्वयन सुरु गरिनेछ ।सामाजिकरूपमा पछि परेका छात्रा दलित तथा सीमान्तकृत वर्गका बालबालिकाहरूका लागि छत्रवृत्ति दिवाखाजा उत्कृष्ट विद्यार्थी

प्रोत्साहनजसत् कार्यक्रमहरू सञ्चालन गर्नुका साथै आमाबुबा दुवै नभएका (बेसहारा) विद्यार्थीहरूलाई पोशाक झोला र आवश्यक स्टेशनरी उपलब्ध गर्नुपर्ने ।

### ३.१.४. परियोजना अवधिमा पहुँचमा सुधारका लागि गरिने प्रमुख कार्यक्रम तथा लक्ष्य निर्धारण

तालिका नं. १६ पहुँचमा सुधारका लागि गरिने प्रमुख कार्यक्रम तथा लक्ष्य निर्धारण

| क्र.सं. | थिम१ः विद्यालय शिक्षामा पहुँच | एकाइ | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | |
| १ | सबै बालबालिकालाई विद्यालय भर्ना तथा पुनः भर्ना कार्यक्रम | पटक | १ | १ | १ |
| २ | विद्यालयको भौतिक पूर्वाधार विकास | विद्यालय | २६ | २६ | २६ |
| ३ | आमाबुवा नभएका विद्यार्थीका लागि ड्रेस, झोलातथास्टेसनरी व्यवस्थापन | पटक | ० | १ | १ |
| ४ | किशोरीहरूका लागि चेन्ज रुम सहितको शौचालय र इन्सिनेटर, डस्टविन व्यवस्थापन | विद्यालय | ० | ५ | ५ |
| ५ | विद्यालयलाई प्राथमिक उपचारको बाकस व्यवस्थापन | विद्यालय | ० | ९ | १७ |
| ६ | विशेष शिक्षा स्रोतकक्षाका वालवालिकको लागि सिकाइ तथा खेल सामग्री व्यवस्थापन | विद्यालय | २ | ० | २ |

## ३.२. शैक्षिक गुणस्तर र प्रविधियुक्त सिकाइ वातावरणः

### ३.२.१ वर्तमान अवस्था

सबै नागरिकमा देश विकासका लागि आवश्यक ज्ञान तथा सीप विकास गराउनु र विश्वव्यापी समुदायमा आबद्ध गराउनु शिक्षाको दीर्घकालीन उद्देश्य हो । यस लक्ष्यको प्राप्तिका लागि सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाप्रत्याभूत गर्दै कामका अवसरको सिर्जना र बजारको अपेक्षाअनुरूप शिक्षाको विकासतर्फ लागिपरेको अवस्था छ । सूचना तथा सञ्चार प्रविधिको भूमिका बढ्दै गएको वर्तमान परिप्रेक्ष्यमा प्रविधिको ज्ञान तथा प्रयोगको जानकारी अनिवार्य रहेको महसुस गरिएको छ । त्यस कारण विद्यार्थीलाई सूचना तथा सञ्चार प्रविधिको ज्ञान र यसको उपयोगको सीप प्रदान गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्ने, सिकाइ सामग्रीमा पहुँच बढाउने, शैक्षिक प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी तथा सक्षम बनाउने जस्ता कार्य गर्ने लक्ष्य राखिएको छ ।

यस नगरपालिकाका केही विद्यालयहरूमा कम्प्युटर प्रयोगशाला र इन्टरनेट जडान गरी शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको थालनी गरिसकिएको अवस्था छ ।तर विद्यालयहरूमा यसको प्रयोग धरैजसो प्रशासनिक प्रयोजनमा मात्र सीमित रहेको देखिएको छ, शिक्षण सिकाइमा यसको प्रभाव देख्न सकिएको छैन ।यसले प्रयोगकर्तामा संस्थागत सीपको अभावको झल्को दिन्छ ।सबैभन्दा महत्त्वपूर्ण विषयउपलब्ध प्रविधिको सही प्रयोग गर्ने अनुकुल वातावरण तथा सुविधा जस्तैः बिजुली, इन्टरनेट जडान आदिको उपलब्धता आदि हुन् । यसका लागि संस्थागत क्षमता तथा दक्षताको आवश्यकता उत्तिकै महत्त्वपूर्ण हुन्छ ।यसैगरी ८ ओटा विद्यालयमा भएका विज्ञान प्रयोगशालाको उचित प्रयोग तथा व्यवस्थापनको खाँचो रहेको देखिन्छ भने गणित र भाषा प्रयोगशालाको त थालनीनै नभएको अवस्था छ ।

पाठ्यक्रमले विद्यार्थीले हासिल गर्नुपर्ने सीप, अभिवृत्ति, ज्ञान, बुझाइ तथा मूल्यहरू सबैलाई समेटेको हुन्छ।यसमाशिक्षण सिकाइलाई सहजीकरण गर्न अपनाउनुपर्ने विधि तथा कक्षाकोठाको व्यवस्थापनसमेत समेटिएको हुनेगर्दछ । यसमा प्राज्ञिक सीपका साथै जीवनोपयोगी सीप, वातावरणीय सचेतना तथा विपत्का लागि तयारी जस्ता विषयहरू पनि समेटिएका हुन्छन् ।उर्लाबारी नगरपालिकाका सबै सामुदायिक विद्यालयहरूमा पाठ्यक्रमको उपलब्धता भए तापनि यसको प्रयोगको अवस्था न्यून रहेको पाइन्छ । साथै शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीको उपलब्धता र प्रयोग दुवै कमजोर रहेको देखिन्छ ।स्थानीय सरकारले स्थानीय तथा मातृभाषाका पाठ्यक्रम निर्माण गर्ने कानुनी आधारअनुसार यस नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरेको भए तापनि हालसम्म पनि उक्त पाठ्यक्रम लागू हुननसकेको अवस्था देखिन्छ ।

परीक्षालाई सिकाइ उपलब्धिको सुदृढीकरणको साधनकारूपमा लिइन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षक तथा अभिभावकहरूले राम्ररी आत्मसात् गर्न नसकेकाले निर्णयात्मक परीक्षाले बढी महत्त्वपाइरहेको छ । शैक्षिक सत्र २०७९ मा यस नगरपालिकाको समग्रमा औषत सिकाइ उपलब्धि ५६ मात्र रहेको पाइन्छ । माध्यमिक तहमा विषयगत शिक्षकहरूको अभाव रहेको पाइन्छ भने अधिकांश विद्यालयमा शैक्षिक योग्यता पुगेका तर तल्लो तहका शिक्षकहरूबाट कक्षा शिक्षण हुँदैआएको अवस्था देखिन्छ । शिक्षक विद्यार्थी अनुपातलाई हेर्दा एक जना शिक्षक बराबर आधारभूत तह (कक्षा १-५) मा १७, आधारभूत

तह (कक्षा ६-८) मा २९, माध्यमिक तह (कक्षा ९-१०) मा ४८ र माध्यमिक तह (कक्षा ११-१२) मा ३३ जना विद्यार्थी रहेको अवस्था छ ।

नगरपालिकाबाट योजनाबद्ध रूपमा नियमित अनुगमन र पृष्ठपोषणको कार्य हुन नसकिरहेको अवस्था छ भने विद्यालय व्यवस्थापन समिति,प्रधानाध्यापकबाट पनि शिक्षकको कक्षा शिक्षणको सुपरीवेक्षण तथा शिक्षक सहयोगका क्रियाकलापहरू ज्यादै न्यून मात्रमा हुने गरेको अवस्था रहेको छ । यसैगरी शिक्षकको पेशागत विकासकालागि शिक्षक,कर्मचारी प्रोत्साहन कार्यक्रमलाई सबै सरोकारवालाहरूले महत्त्व दिइएतापनि सीमित विद्यालयहरूमा मात्र आंशिकरूपमा कार्यन्वयनमा रहेको देखिन्छ ।

**३.२.२. समस्या तथा चुनौतीहरूः**

विभिन्न समयमा सञ्चालन गरिए विभिन्न शैक्षिक कार्यक्रमहरूबाट थुप्रै उपलब्धि हासिल भएको भए तापनि शिक्षाका सबै तहमा गुणस्तर तुलनात्मकरूपमा कमजोर देखिएको छ । विद्यालयमा अवलम्बन गरेका शैक्षणिक पद्धति लगायत धेरै तत्वहरूले शिक्षाको गुणस्तर प्रभावित हुनपुगेका छन्। शिक्षणसिकाइका पद्धतिमा परिवर्तनका लागि धेरै प्रयत्न गरिएको भए तापनि पुस्तक तथा शिक्षककेन्द्रित विधि नै प्रयोगमा आइरहेका छन् । तथ्यहरूलाई समालोचनारहित हिसाबले ग्रहण गर्ने परिपाटी तथा घोकन्ते पद्धतिको अवलम्बनमा खासै सुधार आएको छैन । शिक्षकहरूलाई विभिन्न किसिमका तालिम प्रदान गरिएको भए तापनि सिकाइका नयाँ पद्धतिहरू कक्षाकोठाका रूपान्तरित हुन सकेका छैनन् ।

शिक्षकहरूलाई पाठ्यक्रमबारे अभिमुखीकरण गरिएको भए तापनि अधिकांशलाई सक्षमतामा आधारित पाठ्यक्रमको प्रयोग गर्ने तरिकाबारे समग्रमा तालिमप्रदान गरिएको छैन ।धेरै शिक्षक तथा सर्वसाधारणले पाठ्यपुस्तक नै पाठ्यक्रमको हो र पाठ्यपुस्तकमा उल्लेख गरिएका सूचना कण्ठस्थ गराउनु नै पढाउनु हो भन्ने ठानेका छन् । शिक्षण सिकाइका सामग्रीको अभावले पनि पाठ्यपुस्तकमा आधारित शिक्षणले निरन्तरता पाइरहेको अवस्था विद्यमान छ ।परिणाम सिकाइ उपलब्धि कमजोर हुनुको प्रमुख कारण यही रहनगएको छ ।

वर्तमान समयमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सफलतापूर्वक सुदृढीकरण गरिएको, विद्यार्थीका उपलब्धिको राष्ट्रिय मूल्याङ्कन गरिएको तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना गरिएको भए तापनि विद्यालयतहको अनुगमन तथा मूल्याङ्कनमा अझै पनि समस्या कायम छन् । धेरै विद्यालयहरूमा अपेक्षा गरेअनुरूप निरन्तरमूल्याङ्कन पद्धति कार्यान्वयन गर्ने

क्षमताको पनि अभाव छ र सोको अवधारणागत स्पष्टताको पनि कमी छ । थोरै शिक्षकले मात्र आफ्नो अध्यापनमा सुधार गर्ने प्रयोजनका लागि कक्षाकोठा स्तरका निर्माणात्मक परीक्षाको उपयोग गरेका छन् । शिक्षकद्वारा सञ्चालन गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनले अपेक्षा गरिएअनुरूप गुणात्मक परिणाम ल्याउन सकेका छैनन् ।अधिकांश विद्यार्थीहरूले शिक्षण सिकाइका लागि निर्धारित न्यूनतम दिनहरू (अवधि) प्राप्त गर्न सकेका छैनन् । विद्यालय व्यवस्थापन समितिको क्षमताको सीमितताका कारण विद्यालय तहको सुपरिवेक्षण प्रभावकारी हुन सकिरहेको छैन ।

विश्वभरि नै शिक्षकहरूले परीक्षामुखी शिक्षणमा जोड दिनेगरेको पाइन्छ । अतः शिक्षक तथा विद्यार्थीको शिक्षणविधिमा उचित परिमार्जन नगरेसम्म उपयुक्त परिपाटीमा परिवर्तन आउने सम्भावना रहँदैन । नेपालमा धेरैजसो विद्यालयहरूले आवधिक तथा वार्षिक परीक्षाका साथै कक्षा ८, ९, १०, ११ तथा १२ का अन्तिम परीक्षाहरूमा निर्णयात्मक मूल्याङ्कनमा धेरै जोडदिने प्रचलन रहिआएको छ । वर्तमान परीक्षा तथा मूल्याङ्कन प्रणालीले संश्लेषण तथा प्रयोगमा जोड दिने कुरालाई सुदृढपार्न बाँकी नै छ ।यो प्रचलन प्रारम्भिक तहदेखि कक्षा १२ सम्मै व्याप्त रहेको छ । यसले घोकन्ते सिकाइलाई प्रोत्साहन गरेको तथा विद्यार्थीको विश्लेषणात्मक सीपको प्रयोगलाई निरूत्साहित गर्दै आएको छ ।

### ३.२.३. शैक्षिक गुणस्तर र प्रविधियुक्त सिकाइ वातावरणमा सुधारका लागि गरिने प्रमुख क्रियाकलापहरू

¶ विद्यालयमा शिक्षकले कम्प्युटर सीप हासिल गरी सिकाइमा प्रयोग गर्नसक्ने सुनिश्चितता भएमा १०० भन्दा बढी विद्यार्थी भएका आधारभूत विद्यालयलाई कम्तीमा १,१ ओटाप्रिन्टर, ल्यापटप र प्रोजेक्टर उपलब्ध गराउनुका साथै कक्षामा प्रयोगहुने विद्युतीय सिकाइ सामग्री ल्याउन एकपटकका लागि ICT को सीप भएका सबै शिक्षकहरूलाई १,१ ओटा पेनड्राइभको व्यवस्था गर्नुपर्ने।

¶ आधारभूत विषयगत ज्ञान नभएका, कमजोर सिकाइ क्षमता भएका, बिचैमा कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने र न्यून सिकाइ उपलब्धि भएका विद्यार्थीहरूलाई कक्षामा विशेष प्राथमिकता दिई सिकाउने तथा कोचिङ कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्ने ।

¶ साना कक्षामा व्यावहारिक सिकाइ र शैक्षिक गुणस्तर सुधारका लागि "गुणस्तरीय शिक्षाको आधार, प्राथमिक शिक्षामा व्यापक सुधार" भन्ने नारा तयार गरी सो तहको चौतर्फी व्यवस्थापनमा सुधार गर्नुका साथै कक्षा १, २ र ३ मा सिकाउनै पर्ने भनी निश्चित ज्ञान, सीप

र धारणाको किटान गरी मुख्य विषयमा सिकाइको न्यूनतम मानक निर्धारण गरी कार्यानवयन सुरु गर्नुपर्ने।

¶ नगरपालिकाले हरेक वर्ष २ओटा कक्षाका कम्तीमा ३ विषयको स्तरीकृत परीक्षा सञ्चालन गरी गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने ।

¶ विद्यालयहरूको वास्तविक अवस्था आफै पहिचान गरी वस्तुनिष्ठ योजना निर्माण गर्न "विद्यालय स्वमूल्याङ्कन" (SSA) कार्यक्रम सञ्चालन गरी सबै विद्यालयहरूलाई विद्यालय सुधार योजना, वार्षिक कार्य योजना, विषयगत शैक्षणिक योजना, शिक्षण सुधार योजना, दैनिक पाठ योजना वा पाठनोट जस्ता योजनाहरू तयार गरी शिक्षण गर्नका लागि सरोकारवालाहरूलाई सशक्तीकरण गर्नुपर्ने ।

¶ विद्यार्थीको सिकाइ प्रभावकारी बनाउन विषयगत (विज्ञान, कम्प्युटर, गणित, भाषा आदि) प्रयोगशाला तथा विषयगत कुना, सधारण तथा इ-पुस्तकालय, स्मार्टबोर्ड, इन्टरेक्टिभ प्यानेल बोर्ड, प्रोजेक्टर, ल्यापटप तथा डेक्सटप कम्प्यूटर, टेलिभिजन, इन्टरनेट जस्ता आधुनिक सुविधाहरूको व्यवस्था र शिक्षकहरूका लागि यस किसिमका प्रविधिहरूको शिक्षण सिकाइमा प्रयोगसम्बन्धी आवश्यक सीप हासिल गर्ने व्यवस्था मिलाउनुपर्ने ।

¶ प्रोत्साहनमूलक सिकाइ वातावरणका लागि प्रयोगात्मक विधि, भ्रमण अवलोकन विधि, प्रतिस्पर्धात्मक विधि, खेल तथा गीत विधि, परियोजना विधि, सहपाठी सिकाइ विधि, समस्या समाधान विधि, अनुभव आदानप्रदान विधि जस्ता बालमैत्री सिकाइ तरिका तथा विद्यार्थीकेन्द्रित विधिबाट सिक्ने वतावरण सिर्जना गर्नुपर्ने।

¶ प्रदेश भित्रका उत्कृष्ट विद्यालयहरूको अवलोकन गरी राम्रा अभ्यासहरू कार्यान्वयन गर्न विद्यालयहरूलाई प्रोत्साहनगर्नुपर्ने।

¶ विषयगत ज्ञान र सुपरीवेक्षण तथा तालिमसम्बन्धी अनुभवी विज्ञहरू रहेको पालिकास्तरमा संयन्त्र बनाई शिक्षक तालिम, विद्यालय अनुगमन, सुपरिवेक्षण र शिक्षक सहयोगका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।उक्त टोलीले वर्षको कम्तीमा ३ पटक विद्यालयमा पुगी शिक्षक, विज्ञसहितको सह-शिक्षण (co-teaching) कार्य गर्ने र त्यसको भिडियो अभिलेख कार्यपालिका तथा शिक्षा समिति सदस्यहरूले संयुक्त अवलोकन गर्न समय मिलाउने कार्य गर्नुपर्ने।

¶ शिक्षक विद्यार्थीलाई नियमितता र कक्षा समयको पूर्ण उपयोग (पालना) सम्बन्धी योजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने विद्यालयहरूलाई प्रोत्साहनगर्नुपर्ने।

¶ प्राविधिक धारको शिक्षालाई गुणस्तरीय बनाउन शिक्षक तालिमको व्यवस्था र प्रयोगशालामा सुधार गरी OJT का लागि विषयसँग सम्बन्धित संस्थासँग समन्वय गर्नुपर्ने ।

- ¶ स्थानीय आवश्यकताका आधारमा नगरपालिकाले तोकेबमोजिम विज्ञहरूको सहयोगमा नैतिक तथा असल आचरण विकास हुने विषयवस्तुसमेत समाविष्ट स्थानीय पाठ्यक्रम निर्माण, परिमार्जन गरी कार्यान्वयनमा ल्याउनुपर्ने।
- ¶ विद्यालयका सरोकारवालाहरू प्रअसँग नगरपालिकाले र सबै शिक्षकसँग प्रअले न्यूनतम उपलब्धि प्राप्त गराउने गरी कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था गर्नुपर्ने ।
- ¶ कार्य सम्पादनमा उत्कृष्ट वि.व्य.स., शिक्षक र विद्यालयलाइ पुरस्कृत गर्ने र पुरस्कृत विद्यालयलाइ बार्षिक कम्तीमा १ लाख रुपैया थप शैक्षिक प्रवर्तनमा प्रयोग गर्ने गरी विनियोजनको सुनिश्चितता गर्नुका साथै यस्तो पुरस्कार प्राप्त विद्यालय मूल्याकनको मापदण्ड र उसले प्राप्त गरेको अंक सार्वजनिक गर्ने व्यवस्था मिलाउनुपर्ने ।

## ३.२.४. परियोजना अवधिमा शैक्षिक गुणस्तर र प्रविधियुक्त सिकाइ वातावरणमा सुधारका लागि गरिने प्रमुख कार्यक्रमहरू र लक्ष्य निर्धारण

तालिका नं. १७ शैक्षिक गुणस्तर र प्रविधियुक्त सिकाइ वातावरणमा सुधारका लागि गरिने प्रमुख कार्यक्रमहरू र लक्ष्य निर्धारण

| क्र.सं. | थिम२ः शैक्षिक गुणस्तर र प्रविधियुक्त सिकाइ वातावरण<br>कार्यक्रम | एकाइ | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|---|
| १ | विद्यार्थीको स्तरीकृत परीक्षा सञ्चालन तथा शैक्षिक गुणस्तर परीक्षण कार्यक्रम | पटक | १ | ० | १ |
| २ | न्यूनतम सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | ० | १ | ० |
| ३ | न्यूनसिकाइ क्षमता भएका तथा आधारभूत ज्ञान नभएका विद्यार्थीहरूको लागि थप सिकाइ तथाकोचिङ कक्षा संचालन | विद्यालय | ० | ११ | ११ |
| ४ | सामुदायिक विद्यालय स्वःमूल्याङ्कन (SSA) कार्यक्रम | पटक | १ | ० | ० |
| ५ | विज्ञ समूहको गठन तथा परिचालन गरी विद्यालय सुपरीवेक्षण तथा शिक्षक सहयोग कार्यक्रम | पटक | १ | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | उत्कृष्ट प्र अ, शिक्षक, कर्मचारी, विव्यस र विद्यालयलाई पुरस्कार तथा प्रोत्साहन कार्यक्रम (आधारभूत र माध्यमिक) | पटक | १ | १ | १ |
| ७ | विद्यालयमाICT संरचना विस्तार तथा उपकरण (Smart,interactive pannel board, Projector, Laptop etc.) व्यवस्थापन | विद्यालय | २६ | २६ | २६ |
| ८ | पुस्तकालय र पुस्तक-कुना | विद्यालय | ० | १३ | १३ |
| ९ | सूचना प्रविधि (Computer) प्रयोगशाला | विद्यालय | ० | २ | ३ |
| १० | विज्ञान प्रयोगशाला | विद्यालय | ० | ३ | २ |
| ११ | गणित प्रयोगशाला | विद्यालय | ० | ४ | ३ |
| १२ | भाषा प्रयोगशाला (अंग्रेजी र नेपाली) | विद्यालय | ० | ४ | ६ |
| १३ | प्राविधिक तथा व्यावसायिक शिक्षासञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | विद्यालय | ० | १ | १ |
| १४ | स्थानीय पाठ्यक्रम निर्माण तथा परिमार्जन | पटक | ० | १ | ० |

## ३.३. विद्यार्थी प्रतिभा विकास

### ३.३.१ वर्तमान अवस्थाः

भविष्यमा देशको अभिभारा बोक्ने आजका बालबालिकाहरूमा अनन्त प्रतिभा लुकेको हुन्छ। उनीहरूमा भएको अन्तर्निहित प्रतिभाको विकास गर्नसके हाम्रो देशलाई संसारमा पहिचान राख्न सक्ने एउटा सुनौलो राष्ट्र बनाउन र हाम्रा विद्यार्थीलाई प्रतिभाशाली नेपाली भनेर चिनाउन सकिन्छ । त्यसैले बालबालिकाको प्रतिभाको विकासका लागि सानै उमेरदेखि नै विभिन्न किसिमका रमाइला अवसरहरू विद्यालयमा सृजना गरिदिनुपर्छ । उनीहरूलाई खेलकुद, गीत, नृत्य, हाजिरी जवाफ, बादविवाद, चित्रकला, हस्तकला, हास्यव्यंग्य, कविता, नाटक जस्ता कार्यक्रममा सहभागी गराएर प्रतिभाको विकास गराउन सकिन्छ ।

आधुनिक संसारमा तीव्र गतिमा उत्पादन भइरहेको प्रविधिको प्रयोगबाट उनीहरूले नयाँ नयाँ कुराहरूको सृजना गर्न सक्ने भएकोले त्यस्तो अवसर जुटाउनु विद्यालय लगायत हामी सबैको दायित्व हो । विद्यार्थीका विभिन्न क्लबहरू निर्माण गरी प्रतिष्पर्धा गर्ने अवसर दिएमा

उनीहरूले धेरै सृजनात्मक कार्यहरू गर्न सक्दछन्।त्यस्तै सबै विद्यार्थीहरूले सृजना गरेका प्रतिभा तथा सामग्रीहरू प्रदर्शन गर्ने अवसर उपलव्ध गराउन पनि उत्तिकै आवश्यक छ ।

हाम्रो समाजमा मात्र होइन विद्यालयमा पनि छात्राहरूको अवस्था अझ कमजोर छ ।विभिन्न होस्टल, ट्युसन केन्द्र, विद्यालयमा तथा अन्य एकान्त ठाँउमा छात्राहरू यौनहिंसामा परेका घट्नाहरू हामीले सुनिरहेका छौं । यस्ता हिंसाबाट जोगिन तथा प्रतिकार गर्न बालिकाहरूलाई तालिममार्फत सशक्तीकरण गर्न जरुरी छ । सुरक्षित तथा व्यवस्थित शौचालय सबै विद्यालयमा छैन ।यही कारणले पनि उनीहरूले महिनावारीको समयमा शिक्षण सिकाइमा तथा अतिरिक्त क्रियाकलापमा भाग लिन सकिरहेका छैनन् । त्यसकारण छात्राहरूको लागि कपडा फेर्ने कोठासहित भएको सेनिटरी प्याड साबुन पानी भएको छुट्टै व्यवस्थित शौचालय सवै विद्यालयमा आवश्यक छ ।

### ३.३.२. समस्या तथा चुनौतीहरूः

विद्यालयहरूमा बालबालिकाका लागि संगीत सिक्ने, विचार तथा भावना प्रस्तुत गर्ने, रुचि भएका खेलकुदमा भागलिने, समुहमा काम गर्ने जस्ता कुराहरूको त्यति राम्रो अवसर छैन । खेलकुद तथा संगीतका पर्याप्त सामग्रीहरू छैनन् । विद्यालयमा सह तथा अतिरिक्त क्रियाकलापका कमै कार्यक्रम हुने गर्छन् । भएपनि सबै विद्यार्थीले भागलिने अवसर हुँदैन । उनीहरूले गरेका सृजनात्मक कार्यको त्यति महत्त्व र सम्मान पनि दिने वातावरण छैन । हाम्रो समाजमा छोरीहरूलाई घरबाहिर गएर प्रतिभा तथा सिर्जना प्रदर्शन गर्ने वातावरण पनि अनुकुल नभएको अवस्था छ । अभिभावकको प्राथमिकतामा अतिरिक्त क्रियाकलाप तथा कला प्रदर्शनी भन्दा पढाइ लेखाइ नै पर्ने गर्दछ । विद्यालयले पनि विद्यार्थीको प्रतिभाको विकासमा भन्दा घोकाएर भएपनि उच्च श्रेणीमा धेरै विद्यार्थी उत्तीर्ण गराउन वढी जोड दिएको पाइन्छ । यति हुँदाहुँदै पनि केही विद्यालयमा बालक्लब गठन भएको छ, सह, अतिरिक्त क्रियाकलापका कार्यक्रम सञ्चालन हुने गर्दछन्, कहिलेकाहीँ विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम हुनेगरेको छ । विद्यार्थीका यस्ता अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउने तथा सृजनाको विकास हुने कार्यक्रहरू प्रशस्त गरेर सबै विद्यार्थीहरूलाई अवसर प्रदान गर्नु आजको आवश्यकता हो।

### ३.३.३. विद्यार्थी प्रतिभाको विकासका लागि गर्नुपर्ने प्रमुख क्रियाकलापहरूः

- विद्यालयहरूमा विद्यार्थीका सदन, बालक्लब, स्काउट, जुनियर रेडक्रस, NCC आदि क्लबहरू निर्माण गरी उनीहरूलाई जिम्मेवार बनाई विभिन्न किसिमका सिर्जनात्मक तथा सकारात्मक कार्यहरू गर्न प्रोत्साहन गर्नुपर्ने ।
- किशोरी स्वस्थ्य तथा सरसफाइ र विकास कार्यक्रमअन्तर्गत सामुदायिक तथासंस्थागत विद्यालयका ६ कक्षादेखि माथिका छात्राहरूलाई सशक्तीकरण तालिम सञ्चालन गर्नुपर्ने ।
- बालबालिकाहरूले सिर्जना गरेका प्रतिभाहरूलाई प्रदर्शन गर्न विद्यालयमा समूहगत प्रदर्शनस्थलको व्यवस्था मिलाउनुका साथै नगरपालिकास्तरमा विद्यार्थी निर्मित सामग्री प्रदर्शनी कार्यक्रम आयोजना गर्नुपर्ने ।
- प्रतिस्पर्धात्मक सह तथा अतिरिक्त क्रियाकलापमार्फत उनीहरूमा भएका अन्तर्निहित प्रतिभाहरू प्रस्फुटन हुने अवसर सृजना गर्नुपर्ने।
- नगरस्तरीय विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम आयोजना गर्नुपर्ने ।
- समाजका विशेष क्षमता भएका ज्येष्ठनागरिक तथा अनुभवी सफल व्यक्तिसँग विद्यार्थीहरूले भेट्न पाउने वातावरण मिलाई मानव जीवनका विभिन्न पक्षकोबारेमा अनुभव हासिल गर्ने अवसर मिलाउनुपर्ने ।
- विद्यालय प्राङ्गणमा उत्कृष्ट फूलबारी निर्माण तथा वृक्षारोपण गरी संरक्षण गर्ने प्रत्येक विद्यालयका विद्यार्थीका सदन, समूहलाई "वातावरण प्रेमी पुरस्कार" र नगरपालिका भरीमा प्रथम हुनेलाई "उत्कृष्ट वातावरण प्रेमी पुरस्कार" प्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- विद्यार्थीहरूले सिर्जना गरेका विभिन्न साहित्यिक सांगीतिक तथा खोजमूलक रचनाहरू विद्यालयमा भित्ते पत्रिकामा र नगरपालिकाबाट मासिक शैक्षिक जर्नल प्रकाशन गर्ने व्यवस्था मिलाउनुपर्ने।
- विद्यार्थीहरूलाई ट्राफिक प्रहरीसँग समन्वय गरी पैदल हिड्दा र सवारी साधन चलाउदा पालन गर्नुपर्ने सामान्य ट्राफिक नियमसम्बन्धी जानकारी दिने व्यवस्था मिलाउनुपर्ने ।
- नगरपालिकास्तरमा रहेका नृत्य र गायन प्रशिक्षकद्वारा तोकिएको विद्यालयसँग समन्वय गरी समय मिलाएर इच्छुक बालबालिकाहरूलाई सम्बन्धित विधाका सैद्धान्तिक सीप सिकाउने तथा व्यावहारिक अभ्यास गराउनुका साथै विद्यालयले खेलकुद सिकाउने तथा प्रतिष्पर्धा गराउने व्यवस्था मिलाउनुपर्ने।
- विद्यार्थीहरूलाई कुलत, दुर्व्यसनी, यौन दुर्व्यवहार, मोबाइल फोनको दुरूपयोग तथा अत्यधिक प्रयोग जस्ता खराब आचरणबाट जोगाई नैतिकवान र अध्ययनप्रति सकारात्मक बनाउन परामर्श, मनोपरामर्श दिने तथा पथप्रदर्शन गर्ने व्यवस्था मिलाउनुपर्ने।त्यसैगरी माथिल्लो

तहमा अध्ययन गर्ने विषयक्षेत्र छनोटका लागि विद्यार्थीहरूको क्षमता, रुचि र प्रवृतिअनुसार पथप्रदर्शन गर्नुपर्ने।

¶ बालविकास तथा आधारभूत तहमा अध्ययन गर्ने बालबालिकाहरूलाई बालमैत्री र रमाइलो बातावरणमा सिक्न आवश्यक सिकाइ तथा खेल सामग्रीहरू व्यवस्था गर्नुपर्ने ।

### ३.३.४. परियोजना अवधिमा विद्यार्थी प्रतिभा विकासका लागि सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा लक्ष्य निर्धारणः

तालिका नं. १८ विद्यार्थी प्रतिभा विकासका लागि सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा लक्ष्य निर्धारण

| क्र.सं. | थिम३ः विद्यार्थी प्रतिभा विकास<br>कार्यक्रमहरू | एकाइ | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|---|
| १ | बालक्लब लगायत विद्यार्थीका समूह गठन तथा परिचालन | विद्यालय | २२ | २२ | २२ |
| २ | किशोरी स्वस्थ्य तथा सरसफाइ र विकास कार्यक्रम (सामुदायिक तथासंस्थागत विद्यालयका ६+ कक्षाका छात्राहरूलाई तालिम सञ्चालन) | विद्यालय | ० | ४४ | ४४ |
| ३ | विद्यार्थी निर्मित सामग्री प्रदर्शनी (नगरस्तरीय) | पटक | ० | १ | १ |
| ४ | विभिन्न विधामा नगरस्तरीय सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | ० | १ | १ |
| ५ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम (नगरस्तरीय) | पटक | ० | १ | १ |
| ६ | विद्यार्थी क्षमता अभिवृद्धि कार्यक्रम (ज्येष्ठनागरिक तथा अनुभवी सफल व्यक्तिसँग विद्यार्थी आदि) | विद्यालय | ० | १३ | १३ |
| ७ | विद्यार्थी समूहका लागि वातावरण प्रेमी पुरस्कार | विद्यालय | ० | २६ | २६ |
| ८ | नगरपालिकाबाट मासिक शैक्षिक जर्नल प्रकाशन | पटक | ० | १२ | १२ |
| ९ | ट्राफिक नियमसम्बन्धी सचेतना कार्यक्रम | पटक | १ | ० | १ |
| १० | विद्यालयमा संगीत तथा खेल सामग्री व्यवस्थापन | विद्यालय | २२ | २२ | २२ |

## ३.४ सरोकारवालाहरूको क्षमता विकासः

### ३.४.१ वर्तमान अवस्थाः

विद्यालय शिक्षालाई प्रभावकारीरूपमा सञ्चालन गर्न र बालबिलकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षकā अभिभावकā विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ लगायतका सरोकारवालाहरूको अहम् भूमिका रहको हुन्छ ।विद्यालयको शैक्षिक नेतृत्व प्रधानाध्यापकले गरेको हुन्छ र भने विद्यालयको रेखदेख र व्यवस्थापनको जिम्मा विद्यालय

व्यवस्थापन समितिको हुन्छ।विद्यालय सञ्चालनका प्रमुख कार्यहरू यिनै सरोकारवालाहरूबाट सम्पादन हुनेगर्छ । विद्यालयमा सम्पादन गरिने प्रमुख कार्यमध्ये विभिन्न योजनाहरू निर्माण गरी कार्यान्वयन गर्ने एक हो। विद्यालय सुधार योजनाā वार्षिक शैक्षिक तथा आर्थिक योजनाā वार्षिक कार्यतालिकाā वार्षिक शैक्षणिक योजनाā मासिक साप्ताहिक तथा दैनिक पाठ योजना साथै शिक्षण सिकाइ सुधार योजना जस्ता योजना विद्यालयमा कार्यसम्पादन गर्न कार्यान्वयनमा ल्याइन्छ ।

दोस्रो महत्त्वपूर्ण कार्य भनेको शिक्षण सिकाइ क्रियाकलाप हो । जसका लागि सूचना तथा सञ्चार प्रविधियुक्त सिकाइ वातावरण क्कक्षाकोठामा वा विद्यालयमा विविधताको व्यवस्थापनā समतामूलक सहभागीताā सम्मानका साथ सिकाइ तथा बालमैत्रीसिकाइ वातावरणका लागि उपयुक्त विद्यार्थी केन्द्रीत शिक्षण विधिā सिकाइ सामग्रीको पर्याप्त प्रयोगā कक्षाकार्यā गृहकार्यā प्रयोगात्मक कार्य क्परियोजना कार्यā खेल तथा गीतको माध्यमबाट सिकाइā लघु शैक्षिक भ्रमणā कार्यमूलक अनुसन्धानā घटना अध्ययनā खोज तथा अनुसन्धनात्मक विधिā अन्तर्वार्ता तथा स्रोतव्यक्तिसँगको अन्तर्क्रियाā प्रतिष्पर्धात्मक सिकाइā विषयकेन्द्रित अतिरिक्त क्रियाकलाप ā सबैखाले क्रियाकलाप र कार्यक्रममा विद्यार्थीको समतामूलक सहभागीताā सकारात्मक हौसला पुनरावृत्तिā पुनर्वलā पृष्ठपोषण क्सावधानीका लागि सन्देश क्शैक्षिक विषय छनोट तथा मनोपरामर्श आदि सुधारात्मक, उपचारात्मक तथा निदानात्मक शिक्षण अति आवश्यक मानिन्छ ।

तेस्रो कार्य भनेको विद्यार्थीहरूको सही मूल्याङ्कन गर्नु हो । सही मूल्याङ्कनले विद्यार्थीको साथसाथै विद्यालयको कार्यसम्पादनकोसमेत परीक्षण गर्दछ । विद्यालयमा गरिने निर्माणात्म तथा निरन्तर विद्यार्थी मूल्याङ्कनका साथै निर्णयात्मक र स्तरीकृत परीक्षण आदि मूल्याङ्कन पद्धति अन्तरगत पर्दछन्। यस प्रक्रियामासमेत प्र.अ.शिक्षक तथा कर्मचारीहरूले कार्यसम्पादन गर्दा विशेष सावधानी अपनाउनुपर्ने हुन्छ। शिक्षकले मौखिक लिखित तथा प्रयोगात्मक परीक्षका लागि प्रश्नपत्र बनाउनुपर्ने हुन्छ र परीक्षण पनि गर्नुपर्ने हुन्छ । त्यसका लागि विशिष्टीकरण तालिकाको प्रयोग गर्ने सीप र उत्तरकुञ्जिका अनुसार उत्तरपुस्तिका परीक्षण गर्नुपर्ने सीप पनि जरुरी पर्दछ ।साथै शिक्षककोā समग्र विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्न तथा कमजोर विद्यार्थीका लागि सुधारात्मक एवम् उपचारात्कम शिक्षण गर्न साथै अन्य विद्यालयहरूसँग तुलना गरी तिनीहरू भन्दा राम्रो बनाउन परीक्षाफलको विश्लेषण तथा स्वमूल्याङ्कन गर्ने सीपसमेत प्र.अ.तथा शिक्षकहरूमा हुन जरुरी छ।अतिरिक्त क्रियाकलाप लगायतका माध्यमबाट विद्यार्थीहरूको प्रतिभा प्रष्फुटन गराउनु पनि जिम्मेवारी रहेकाले प्रतिभा मञ्चको व्यवस्थापन (खेलकूद प्रशिक्षणā संगीत प्रशिक्षणā अवलोकन भ्रमणā शैक्षिक जर्नल तथा

भित्ते पत्रिका प्रकाशनā शैक्षिक प्रदर्शनीā प्रतिभा पहिचानā नागरिक सचेतता अभियानमा सम्लग्न आदि) मा पनि कार्य गर्नुपर्ने हुन्छ ।

विद्यालयका सबै गतिविधिहरू पारदर्शी हुनुपर्ने हुन्छ । त्यसैले सबै क्रियाकलापको सूचना संप्रेषण तथा लाभग्राहीहरूको अधिकारको सुनिश्चितताā मितव्ययिताā निस्पक्षता अर्थात् विद्यालयमा सुशासनको जरुरी पर्दछ । सरोकारवाला सबैसँग समन्वयā सहकार्यā सहअस्तित्व समझदारी हुन र सो अनुसारको व्यवहार पनि हुन जरूरी छ । यी सबै कार्यका लागि सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न नितान्त आवश्यक देखिएको हो ।

उर्लाबारी नगरपालिकाका सामुदायिक विद्यालयहरूमा १२२ जना महिला शिक्षकसहित ३६९ जना शिक्षकहरू कार्यरत छन् । संस्थागत विद्यालयहरूमा १९२ जना महिला शिक्षकसहित ४१५ जना शिक्षकहरू कार्यरत छन् । सामुदायिक विद्यालयअन्तर्गत प्रारम्भिक बाल विकासमा ३१ जना महिला, संस्थागत पूर्व प्राथमिक तहमा महिला १२५ र पुरुष ६ जना कार्यरत छन् । प्राथमिक तहमा ८६ जना महिला सहित १६५ जना, निम्नमाध्यमिक तहमा २२ जना महिला सहित ९० जना, माध्यमिक तहमा १४ जना महिला सहित ७३ जना शिक्षकहरू कार्यरत रहेकाछन् ।२६ जना प्रधानाध्यापकहरूद्वारा शैक्षिक नेतृत्व प्रदान गरिएको छ ।सबै सामुदायिक विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गरिएको छ ।

### ३.४.२. समस्या तथा चुनौतीहरू

शिक्षण सिकाइका विषयवस्तुहरू बालबालिकाहरूमा प्रस्तुत गर्दा पाठ्यक्रम र पाठ्यवस्तु केन्द्रित भई शिक्षकहरूले विद्यार्थी केन्द्रित तथा अन्तरक्रियात्मक विधिद्वारा शिक्षण गरेको पाइन्छ । शिक्षण सिकाइ प्रभावकारी बनाउन कक्षा कार्य, परियोजना कार्य तथा लघु शैक्षिक तथा अवलोकन भ्रमण आदिको प्रयोग गरिएको भए तापनि सबै विद्यालयहरूमा यी प्रक्रियाहरू अवलम्बन गरेको पाइदैन । केही विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिद्वारा शिक्षण कार्य सञ्चालित छ । तर यो प्रविधिको प्रयोग सबै विद्यालयहरूमा सञ्चालन हुन सकिरहेको छैन। शिक्षकहरूलाई प्रविधिसम्बन्धी तालिम र प्रविधिको पहुँच हुन सकिरहेको छैन । नयाँ पाठ्यक्रम र विषयवस्तुको प्रवोधीकरण, सूचना तथा सञ्चार प्रविधिको क्षमता विकास र अल्पकालिन पुनर्ताजगी तालिम सञ्चालन हुँदै आएको भए तापनि सबै शिक्षकहरूलाई समेट्न सकिएको छैन। समय समयमा नगरपालिका र विज्ञ समूहको तर्फबाट पेशागत सहयोग अभिवृद्धि गर्न सुपरिवेक्षण र अनुगमनको काम हुनेगरेको छ । आफ्नो जिम्मेवारी तथा विषयप्रति शिक्षकहरूलाई उत्तरदायी वहन गराउनका लागि नगरपालिका र शिक्षकका पेसागत

संस्थाहरूलाई जिम्मेवार बनाइएको छ । शिक्षक दरबन्दी कम भएका विद्यालयहरूमा नगरपालिकाबाट शिक्षण सहयोग अनुदान प्रदान गर्दै आइएको छ । अनुमति लिई सञ्चालन भएका सामुदायिक विद्यालयहरूमा शिक्षा नियमावली अनुसार तोकिएको न्यूनतम शिक्षक दरबन्दी पनि वितरण गर्न सकिएको छैन । संस्थागत विद्यालयहरूका शिक्षकहरूको विवरण अध्यावधिक हुन सकेको छैन ।

उर्लाबारी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा विद्यालय सुधार योजना त बनिएका छन् तर अध्यावधिक भने भएका छैनन् साथै योजनाको कार्यान्वयनमा खासै चासो गएको देखिदैन ।अन्य शैक्षिकā आर्थिक तथा शैक्षणिक योजनाहरू पनि कि नबनिएका वा बनिएका पनि राम्ररी कार्यान्वयनमा नआएको अवस्था छ ।विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गरिएको भए तापनि प्रायजसो औपचारिक कार्यमा मात्र अल्झिएकोलेसमग्र विकास र समन्वयको कमी देखिन्छ । त्यसैले विद्यालका हरेक कार्यक्रमहरूमा विद्यालय व्यवस्थापन समितिā शिक्षक अभिभावक संघ तथा अभिभावकहरूको सहभागीता न्यूनाधिक रहेको अवस्था छ ।शिक्षकहरूको शिक्षण सिकाइ प्रक्रियामा खासै फेरबदल आउन सकेको पाइदैन । सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा दक्षताको खाँचो अझै रहेको छ । शिक्षण सिकाइमा अनुसन्धनात्मक तथा सिर्जनात्मक प्रयोगको सोच अझसम्म बलियो हुन सकेको छैन । सिकाइ साधन वा सामग्रीको उपलव्धता पर्याप्त नहुने कुरा त छँदैछ साथै भएका सामग्रीको प्रयोगमा पनि उदासिनता झल्कन्छ । सिर्जनात्मक कलाको गुणात्मक शिक्षण र खेलकूदको पेशागत विकास गर्न नसकेको अवस्था विद्यमान छ भने पेशागत सीप विकासका लागि शिक्षकहरूलाई अवसर पनि नगन्य छ । विद्यार्थी मूल्याङ्कनको पुरानो परिपाटी यथावत् छ । मूल्याङ्कनका सबै साधनहरूको समुचित अवसरको सुनिश्चितता छैन ।समतामूलक तथा उपचारात्मक सिकाइ वातावरण अझै सिर्जना गर्न सकिएको छैन ।

शिक्षण पेशाप्रति नागरिकको आकर्षण, माथिल्लो शैक्षिक योग्यता, तालिम प्राप्त, विषयगत विज्ञता, धेरै जसो स्थायी, पेशाप्रति समर्पित, अधिकांश शिक्षकहरू अवसरका रूपमा रहेका छन् भने सूचना तथा सञ्चार प्रविधिसम्बन्धी एवं पुनर्ताजगी तालिमको नियमितता, विद्यालयमा काम गर्ने वातावरण, शिक्षकलाई उच्च मनोवल तथा उत्प्रेरणा, शिक्षक दरबन्दीको पर्याप्तता तथा न्यायोचित वितरण, समयमै रिक्त दरबन्दीमा पदपूर्ति, विषयगत शिक्षक, सुपरिवेक्षण तथा अनुगमनको प्राथमिकता, संस्थागत विद्यालयहरूका शिक्षकहरूलाई तालिमको व्यवस्था जस्ता चुनौतीहरू रहेका छन्।

सबै सरोकारवालाहरूमा सकारात्मक सोचाइ र प्रवृत्तिलाई पुनर्स्थापित गर्नुपर्नेaआचारसंहिताको समुचित कार्यान्वयनa दण्ड पुरस्कारको व्यवस्था र कार्यान्वयनa प्रायः शिक्षकको कार्यबोझ अत्यधिकaकरार वा विद्यालय स्रोतबाट व्यवस्थापन गरिने शिक्षकको सङ्ख्या उल्लेख्यaकार्यालय सहयोगी र सहयोगी कार्यकर्ताद्वारा कक्षा सञ्चालनaअतिरिक्त कक्षा, माथिल्लो कक्षा लिएको वा उत्कृष्ट नतिजा वा कार्य गरेवापत कुनै प्रकारको प्रत्साहन पुरस्कार व्यवस्था गर्न नसकिएकोa समतामूलक पहूँच, विद्यालय शिक्षक दरबन्दी व्यवस्थापन, निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन, पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार, गुणस्तरीय शिक्षाको प्रभावकारीरूपमा कार्यान्वयन, संस्थागत क्षमता विकास, सिकाइका लागि वाह्य वातावरण सिर्जना, सरोकारवालाहरूको अपनत्त्व र सहभागीता, विपद् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण, उपयुक्त भौतिक पूर्वाधारको निर्माण, विद्यालय शिक्षामा सुशासन कायम गर्नु आदिसमेत विद्यालय शिक्षाका मुख्य चुनौतीहरू रहेका छन् ।

### ३.४.३ सरोकारवालाहरूको क्षमता विकासका लागि गर्नुपर्ने प्रमुख क्रियाकलापहरूः

¶ विद्यालयका योजनाहरू SIP,TLIP, शैक्षणिक योजना आदि निर्माणसम्बन्धी तालिम प्रदान गर्नुपर्ने।

¶ शिक्षकलाई कम्प्युटर सीप विकाससम्बन्धी लामो अवधिको र शिक्षण सिकाइमा सूचना तथासञ्चार प्रविधिको प्रयोगसम्बन्धी छोटो अवधिको तालिम प्रदान गर्नुपर्ने।

¶ शिक्षक संख्या पर्याप्त भएका विद्यालयमा अनिवार्य कक्षा शिक्षणको व्यवस्था मिलाउने विद्यालयलाई प्रोत्साहन गर्नुका साथै कक्षा शिक्षण गर्ने शिक्षकलाई तालिम प्रदान गरिने छ। यसका अतिरिक्त वहु कक्षा शिक्षण गर्नुपर्ने विद्यालयका शिक्षकलाई सम्बन्धित विषय क्षेत्रको तालिम प्रदान गर्नुपर्ने।

¶ पढाइ क्षमताको विकास गर्न साना कक्षाका बिद्यार्थीहरूलाई पठन सीप विकाससम्वन्धी विभिन्न क्रियाकलापहरू गराउन शिक्षकलाई तालिमको व्यवस्था गर्नुपर्ने।

¶ आधारभूत तहसम्म लागू भएको निरन्तर विद्यार्थी मूल्याङकन प्रणालीलाई सहज तरिकाबाट कार्यान्वयन गर्न आवश्यक मूल्याङ्कन फारामहरू उपलव्ध गराई शिक्षकहरूको सहभागीतामा कार्यशाला सञ्चालन गर्नुपर्ने।

¶ प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षणतथा परीक्षाफल विश्लेषणसम्बन्धी कार्यशाला सञ्चालन गर्नुपर्ने।

¶ निर्माणात्मक र आवधिक परीक्षा पछि परीक्षाफलको विश्लेषण गरी परीक्षा प्रणालीमा सुधार तथा विद्यार्थीलाई थप सिकाइ गर्न शिक्षकहरूलाई तालिम प्रदान गर्नुपर्ने।

- ¶ शिक्षकहरूलाई नवप्रवर्तनात्मक ज्ञान, बालमैत्री सिकाइ, सकारात्मक सोच, शैक्षिक खोज अनुसन्धान, आधुनिक विधि र सूचना तथा सञ्चार प्रविधिसम्बन्धी छोटो तथा लामो अवधिको तालिम दिई उत्साहित, सिर्जनशील, सीपयुक्त र सक्षम बनाउनुपर्ने ।
- ¶ प्र. अ. तथा शिक्षकलाई सकारात्मक सोचसम्बन्धी तालिम प्रदान गर्नुपर्ने।
- ¶ सिकाइ हस्तान्तरणका लागि असल अभ्यासको अवलोकन भ्रमण गरी कार्यान्वयन गर्ने ।
- ¶ विद्यार्थीको प्रतिभालाई प्रष्फुटन गर्न खेलकुद प्रशिक्षकको तयारीतथा संगीत प्रशिक्षकको व्यवस्थापन गर्नुपर्ने।
- ¶ तालिम अप्राप्त प्रअहरूलाई प्रअ. व्यवस्थापन तालिम, विद्यालय सहायकलाई लेखा तथा प्रशासनिक व्यवस्थापन र व्यवस्थापन समितिका पदाधिकारीलाई विद्यालय व्यवस्थापन क्षमता विकाससम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्ने ।
- ¶ बालमैत्री वातावरणमा सिक्न सिकाउनका लागि चाहिने आवश्यक सामग्री तथा शिक्षक तालिम, छात्रा फोकल शिक्षक तालिम, विद्यार्थी परामर्श तथा पथप्रदर्शनसम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने।
- ¶ सिकाइमा कमजोर भएका विद्यार्थीका लागि विशेष सहयोग तथा उपचरात्मक शिक्षण पद्धतिसम्बन्धी शिक्षाकका लागि क्षमता विकास तालिम सञ्चालन गर्नुपर्ने।

### ३.४.४ परियोजना अवधिमा सरोकारवालाहरूको क्षमता विकासका प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

तालिका नं. १९ सरोकारवालाहरूको क्षमता विकासका प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| | थिम ४: सरोकारवालाहरूको क्षमता विकास | एकाइ | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|---|
| १ | **शिक्षकको पेसागत विकास सहयोग कार्यक्रम** | | ० | ० | ० |
| (क) | शिक्षकलाई कम्प्युटर सीप विकाससम्बन्धी लामो अवधिको र शिक्षण सिकाइमा सूचना तथासञ्चार प्रविधिको प्रयोगसम्बन्धी छोटो अवधिको तालिम | जना | ० | १०० | १०० |
| (ख) | कक्षा शिक्षण तथा बहुकक्षा शिक्षणसम्बन्धी तालिम | जना | ० | २६ | २६ |
| (ग) | प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण तथा परीक्षाफल विश्लेषणसम्बन्धी कार्यशाला | जना | ० | २६ | २६ |
| (घ) | प्रारम्भिक कक्षामा पठन सीप विकाससम्बन्धी तालिम | जना | ० | २६ | २६ |

| | | | | | |
|---|---|---|---|---|---|
| (ङ) | परामर्श,मनोपरामर्श र पथप्रदर्शनसम्बन्धी तालिम | जना | ० | २६ | ० |
| (च) | शैक्षिक खोज अनुसन्धान तथा रचनात्मक कार्यसम्बन्धी तालिम | जना | ० | २६ | २६ |
| २ | प्रअ. तथा शिक्षकलाई सकारात्कम सोचसम्बन्धी तालिम | जना | ५२ | ० | ० |
| ३ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | जना | ० | ७८ | ० |
| ४ | लेखा तथा प्रशासनिक व्यवस्थापनसम्बन्धी तालिम (प्रधानाध्यापक रविद्यालय सहायक) | जना | ० | ३६ | ० |
| ५ | असल अभ्यासको अवलोकन भ्रमण | विद्यालय | ० | २२ | २२ |
| ६ | बाल शिक्षक तथा बालमैत्री शिक्षण सिकाइसम्बन्धी प्राथमिक शिक्षकलागि तालिम | जना | ३१ | ३० | ६० |
| ७ | विद्यालयका योजनाहरू (SIP,TLIP,शैक्षणिक योजना आदि ) निर्माणसम्बन्धी तालिम | जना | ० | ० | २६ |
| ८ | विद्यालय कर्मचारी (सहायक तथा सहयोगी) हरूकालागि कार्यसम्पादन सम्बन्धी तालिम | जना | ० | ० | ३६ |
| ९ | सिकाइमा कमजोर भएका विद्यार्थीका लागि विशेष सहयोग तथा उपचरात्मक शिक्षण पद्धतिसम्बन्धी क्षमता विकास तालिम | जना | ६६ | ० | ० |
| १० | खेलकुद प्रशिक्षक तयारी | जना | ० | १५ | ० |
| ११ | संगीत प्रशिक्षक व्यवस्थापन (६+कक्षाका विद्यार्थीका लागि) | विद्यालय | ० | १८ | १८ |

# ३.५. शैक्षिक व्यवस्थापन र सुशासन

## ३.५.१. वर्तमान अवस्था

विद्यालयको समग्र पक्षको विकासको लागि कुशल व्यवस्थापन र सुशासनको अत्यन्त ठूलो भूमिका हुन्छ । विद्यालय व्यवस्थापन समिति र प्रअ जति जागरुक इमान्दार मेहेनती हुन्छन् त्यति नै विद्यालयको विकास हुन सक्छ । प्रअ सबै गुणले भरिपूर्ण भएको एक नमूनायोग्य र गतिशिल व्यक्तित्व हुनुपर्दछ । नेतृत्व र समन्वय गर्ने क्षमता, विषयवस्तुमा दक्षता, प्रविधिको राम्रो ज्ञान सीप, पारदर्शी, निडर, दूरद्रष्टा आदि उसमा हुनुपर्ने न्यूनतम गुणहरू हुन् । प्रअले शिक्षक, विद्यार्थी, अभिभावक, माथिल्लो निकाय, संघसंस्थाहरू सबैसँग असल सम्वन्ध कायम गर्ने सके विद्यालयको व्यवस्थापन प्रभावकारी भई सुशासनको प्रत्याभूति दिन सकिन्छ । यसका लागि विद्यालयले विभिन्न किसिमका योजनाहरू निर्माण गरी कार्यान्वयन गर्न सके विद्यालय सफल हुन सक्छ ।

विद्यालयलाई प्रभावकारीरूपमा सञ्चालन गर्दै उच्च उपलव्धि हासिल गरी एउटा राम्रो शिक्षण सिकाइ वातावरण भएको राम्रो विद्यालयको रूपमा चिनाउनका निमित्त विद्यालयमा विभिन्न किसिमका योजनाहरू बनाइनु पर्दछ । ती योजनाहरूमा दैनिक कार्य तालिका, पाठनोट, दैनिक पाठ योजना, एकाइ योजना, वार्षिक शैक्षणिक योजना,समय सुधार योजना, शिक्षण सिकाइ सुधार योजना, वार्षिक कार्यतालिका, वार्षिक शैक्षिक तथा आर्थिक योजना, विद्यालय सुधार योजना जस्ता योजनाहरू पर्दछन्।

हालको अवस्थामा हाम्रा विद्यालयहरूमा दैनिक कार्य तालिका तथा वार्षिक कार्यतालिका प्रायः सबै विद्यालयहरूमा बनाउने गरेको भए तापनि दैनिक पाठ योजना,एकाइ योजना, वार्षिक शैक्षणिक योजना, समय सुधार योजना, शिक्षण सिकाइ सुधार योजना जस्ता योजनाहरू त्यति निर्माण गरेको पाइदैन । विद्यालय सुधार योजना कतिपय विद्यालयमा नाम मात्रको बनाइएको छ । विद्यालय सुधार योजनामा नै विद्यालयको सम्पूर्ण पक्षको विकास गर्ने योजनाहरू समावेश हुनेहुँदा यसलाई राम्ररी बनाएर कार्यान्वयन गर्नुपर्छ । विद्यालय सुधार योजनाको मूल ध्येय शैक्षिक गुणस्तर सुधारका लागि राम्रो विद्यालय (Better school), राम्रो शिक्षण (Better teaching) र राम्रो सिकाइ (Better learning) को सुनिश्चितता प्रदान गर्नु हो । विद्यालय सुधार योजना विद्यालयको आफ्नै पहलमा शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयलाई सहयोग गर्ने एउटा साधन हो । विद्यालय व्यवस्थापन समितिको नेतृत्व र सबै

सरोकारवालाहरूको सहयोग तथा सहभागीतामा विद्यालयको शैक्षिक गुणस्तरमा जोड दिनुको साथै समग्र पक्षको सुधारमा केन्द्रित रही विद्यालय सुधार योजना तयार गर्नु पर्दछ ।

माथिका योजनाहरूका अतिरिक्त विद्यालयले स्थिति प्रतिवेदन र विपद् पूर्व तयारीको योजनासमेत तयार गर्न अति आवश्यक छ । एक वर्षभित्र विद्यालयले सम्पादन गर्न लक्षित गरिएका र सम्पन्न गरेका सम्पूर्ण कार्यहरूको समावेश गरी हरेक वर्ष स्थिति प्रतिवेदन तयार गर्न आवश्यक हुन्छ । यो प्रतिवेदन सबै सरोकारवालाहरूले हेर्न पाउनु पर्छ । यसले विद्यालयको सुशासन र पारदर्शिताको ऐनाको काम गर्दछ । त्यसरी नै समय समयमा आउने विभिन्न किसिमका आपत् विपद्हरूबाट जोगिन विपद् पछाडि सिकाइलाई निरन्तरता दिनका लागि विपद्को पूर्व तयारी योजना बनाउन अनिवार्य छ । यो योजनाले विपद् हुनु भन्दा पहिले के के तयारी गर्ने विपद् परिरहेको समयमा कसरी सुरक्षित रहने र विपद् पछाडि सिकाइलाई कसरी निरन्तरता दिने तथा पुनर्उत्थान गर्ने जस्ता स्पष्ट योजनाहरू बनाएर राख्नु पर्छ । सुशासन र पारदर्शिताका लागि सबै गतिविधिहरू तथ्याङ्क व्यवस्थित गरी राख्नु पनि उत्तिकै जरुरी छ ।

नगरपालिकाले पनि विद्यालयको सहयोगका लागि शैक्षिक स्थिति प्रतिवेदन, विपद्को पूर्व तयारी योजना बनाउन, शैक्षिक तथ्याङ्क व्यवस्थित गरी राख्न तथा नगरशिक्षा योजना निर्माण गरी यो योजनाअनुरूप विद्यालयका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ ।त्यसरी नै विद्यालय नक्साङ्कन र वर्गीकरण योजना बनाई कार्यान्वयनमा ल्याउन पनि जरुरी छ ।

सुशासन र पारदर्शिताका लागि विद्यालयको आर्थिक तथा सामाजिक परीक्षण गराई र यसको प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ । प्रअ, शिक्षक र विद्यालय कर्मचारी नियमित, नैतिकवान, जिम्मेवार, इमान्दार र कर्तव्यनिष्ठ भई विद्यार्थी र समुदायको एउटा नमूनायोग्य व्यक्ति बन्नुपर्ने हुन्छ । विद्यालयको कुशल व्यवस्थापनका लागि विव्यसले जहिले खटिरहने र प्रअ, शिक्षक तथा कर्मचारीको मूल्याङ्कन गरी पुरस्कार प्रोत्साहन गर्नुपर्ने हुन्छ ।

### ३.५.२. समस्या तथा चुनौतीहरुः

हाम्रा विद्यालयहरूमा व्यवस्थापन र सुशासको दृष्टिले धेरै समस्या तथा चुनौतीहरू रहेका छन्।पाठ्यक्रममा तोकिएको पाठ्यभारअनुसार केही विद्यालयहरूको दैनिक कार्यतालिकासमेत निर्माण भए छैन ।केही विद्यालयमा वार्षिक कार्यतालिकासमेत निर्माण भएको छैन । दैनिक पाठयोजना तयार गरी कक्षा प्रवेश गर्ने शिक्षक संख्या अत्यन्त न्यून छ ।एकाइ योजना

बनाउने चलन नै हराइसक्यो ।हरेक विषय शिक्षकले निर्माण गर्नुपर्न वार्षिक शैक्षणिक योजना बनाउने जाँगर सीप धेरै शिक्षकहरूमा छैन ।शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरी पठाएको समय सुधार योजना व्यावहारिक नभएकोले कार्यान्वयन नै हुन सकेको देखिदैन ।पेशागत विकास तालिम लिएका बखत सिकेको शिक्षण-सिकाइ सुधार योजना शिक्षकहरूले विद्यालयमा आएर कार्यान्वयन गरेको कमै उदाहरण पाइन्छ ।हरेक ५ वर्षका लागि विद्यालयको आवश्यकता साधन र स्रोतको अवस्था आदि कुरासम्बन्धी स्पष्ट खाका तथा प्राथमिकता निर्धारण भई आफ्नो मौलिक विद्यालय सुधार योजना निर्माण हुनसकेको छैन भने कतिपय विद्यालयमा नाम मात्रको बनाइएको र योजनामा भएका क्रियाकलाप कार्यान्वयन नभएको अवस्था छ ।त्यस्तै गरी विद्यालयहरूले वार्षिक शैक्षिक स्थिति प्रतिवेदन र विपद् तथा आपतकालीन सिकाइको योजना बनाउन नसक्नु पनि एउटा चुनौतीको रूपमा रहेको छ।

नगरपालिकास्तरमा निर्माण हुनुपर्ने विपद्को पूर्व तयारी योजना, नगर शिक्षा योजना, विद्यालय नक्साङ्कन र वर्गीकरण योजना निर्माण गर्नुपर्ने र उक्त योजनाहरूलाई कार्यान्वयनमा ल्याउनु पनि चुनौती देखिन्छ।विद्यालयको भौतिक आर्थिक र शैक्षिक पक्षको सामाजिक परीक्षणमार्फत सम्पूर्ण कुराहरू पारदर्शी गर्न कतिपय विद्यालयहरू हिच्किचाइरहेको अवस्था छ ।सबै विद्यालयले योग्यता पुगेको, जाँगर, जोस, सीप र बुद्धि भएको वरिष्ठतम शिक्षकलाई प्रअकोरूपमा पाउन नसक्नु पनि विद्यालयको समस्या हो । केही विद्यालयहरूमा शिक्षक, कर्मचारी नियमित र जिम्मेवार नहुँदा पठनपाठन नियमित नभई शैक्षिक गुणस्तरमा ह्रास आउनु विद्यालय शिक्षाको प्रमुख समस्या हो।त्यस्तै आयस्रोत कम भएका र घरमा छोराछोरीलाई सिकाउन नसक्ने अभिभावकका बालबालिकालाई गुणस्तर शिक्षा दिन पनि अर्को महत्त्वपूर्ण चुनौती देखिन्छ।विद्यालयको नियमित रेखदेख गर्ने स्रोत र साधनको व्यवस्था गर्न सक्ने कुशल व्यवस्थापन क्षमता भए विव्यस पदाधिकारी पाउन पनि निकै चुनौती देखिन्छ ।

### ३.५.३. शैक्षिक व्यवस्थापन तथा सुशासनका लागि गर्नुपर्ने प्रमुख क्रियाकलापहरूः

¶ सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालयका शैक्षिक, आर्थिक, भौतिक र मानवीय सूचनाहरू व्यवस्थापन गरी कार्यकुशलता, जवाफदेहिता, सुशासन र पारदर्शिता कायम गर्नुका साथै शैक्षिक सत्रको अन्तमा विद्यालयको स्थिति प्रतिवेदन तयार गर्ने प्रवन्ध मिलाउनुपर्ने ।

¶ सबैभन्दा बढी उपस्थित हुने विद्यार्थीलाई प्रोत्साहन र अनुपस्थित हुने विद्यार्थीका अभिभावकलाई फोन गर्नका लागि सबै बालबालिकाका अभिभावकको टेलिफोन नम्बर विद्यालयमा राख्ने व्यवस्था मिलाइनुपर्ने।

¶ हरेक कक्षामा विद्यार्थीको र विद्यालयमा शिक्षकको आचारसंहिता निर्माण गर्न लगाई कडाइका साथ पालना गराउने विद्यालयलाई प्रोत्साहन गर्नुपर्ने।

¶ विद्यालयका शिक्षक कर्मचारीहरूलाई गत महिनाको भर्पाइ तथा हाजिरीसमेतका आधारमा मासिक तलब वितरणको व्यवस्था मिलाउनुपर्ने ।

¶ शिक्षक तथा कर्मचारीलाई कार्यसम्पादन र विद्यार्थी सिकाइ उपलव्धिको आधारमा विद्यालय र संयन्त्रका विज्ञहरूको सिफारिसमा हरेक वर्ष प्रोत्साहन गर्नुपर्ने । प्रचलित शिक्षा ऐन नियममा भएको कानुनी व्यवस्थालाई जिम्मेवारीपूर्वक पालाना गरे नगरेको आधारमासमेत मूल्याङ्कन गर्नुपर्ने ।

¶ विद्यालयहरूको एकीकृत शैक्षिक व्यवस्थापनसूचना प्रणाली(IEMIS)माव्यवस्थित र सुदृढ गर्नुपर्ने र यस प्रणालीमा विद्यालयको अभिलेख राखी सेवाप्रवाह गर्न १ जना कम्प्युटर जान्ने कर्मचारी वा शिक्षकलाई अभिमुखीकरणको व्यवस्था मिलाउनुपर्ने।

¶ सामुदायिक विद्यालयको शैक्षिक विकास र अनौपचारिक शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन गर्न एउटा विस्तृत परियोजना तयार गर्न जरुरी भएकोले यो परियोजना तयार हुँदैगरेको हो।

¶ योजनाबद्ध र प्रभावकारी शैक्षिक विकासका लागि आ.व. २०८१,०८२ मा ५ वर्षे नगर शिक्षा योजना निर्माण गरी सोको कार्यान्वयन सुरु गर्नुपर्ने ।

¶ आगामी वर्षमा विद्यालय नक्शाङ्कन कार्यलाई अगाडि बढाउनुका साथै नक्शाङ्कनका आधारमा विद्यालय वा तह गाभ्ने तथा नयाँ विद्यालय स्थापना वा तह थप गर्ने कार्यको व्यवस्था मिलाउनुपर्ने।

¶ विपद् व्यवस्थापन योजना निर्माण गर्नुका साथै विपद्को अवस्थामा बालबालिकाको सिकाइलाई निरन्तरता दिन आपतकालीन शिक्षाको तयारीसम्बन्धीव्यवस्था मिलाउनुपर्ने ।

¶ एक वृतचित्रको निर्माण गरी विद्यालयको भौतिक तथा शैक्षिक अवस्थाको पहिचान गर्नुपर्ने ।

¶ सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजनाको व्यवस्थित तथा प्रभावकारीरूपमा कार्यान्वयन गर्न नगरपालिका मार्फत १ जना परियोजना संयोजक नियुक्त गर्नुपर्ने ।

¶ नगरपालिका भित्र रहेका विद्यालयहरूमा सञ्चालित सम्पूर्ण कार्यक्रहरूको नगरपालिकास्तरबाट नियमित निरीक्षण, अनुगमन गर्नुपर्ने ।

### ३.५.४ परियोजना अवधिमा शैक्षिक व्यवस्थापन तथा सुशासनका लागि सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा लक्ष्य निर्धारणः

तालिका नं. २० शैक्षिक व्यवस्थापन तथा सुशासनका लागि सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा लक्ष्य निर्धारण

| क्र.सं. | थिम५ः शैक्षिक व्यवस्थापन तथा सुशासन<br>कार्यक्रम | एकाइ | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना निर्माण | पटक | १ | ० | ० |
| २ | स्थिति प्रतिवेदन तयारी कार्यशाला | पटक | १ | ० | ० |
| ३ | नगरपालिकाबाट कार्यक्रमको निरीक्षण तथा अनुगमन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | वृत्तचित्र निर्माण | पटक | १ | ० | ० |
| ५ | IEMIS व्यवस्थापन | पटक | ० | १ | १ |
| ६ | नगर शिक्षा योजना निर्माण | पटक | ० | १ | ० |
| ७ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० |
| ८ | सामुदायिक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना संयोजकको पारिश्रमिक | पटक | १ | १ | १ |
| ९ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा उत्थानशीलताका लागि योजना निर्माण कार्यक्रम | विद्यालय | ० | १२ | १४ |

## ३.६. साक्षरता तथा जीवनोपयोगी सीपः

### ३.६.१ वर्तमान अवस्था

राज्यले सबैका लागि शिक्षा प्रदान गर्ने लक्ष्यअनुसार औपचारिक शिक्षाको पहुँचबाट वञ्चित भएका बाल तथा प्रौढ नागरिकहरूलाई अनौपचारिक शिक्षाका माध्यमबाट शिक्षा दिने गरेको हुन्छ।बाल शिक्षा, प्रौढ शिक्षा, महिला शिक्षा, वैकल्पिक विद्यालय, दूर तथा खुला शिक्षाको

माध्यमबाट नागरिकहरूलाई दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। छोटो समयावधिमा दिइने यस प्रकारका कार्यक्रमहरूबाट सिकारुको सिकाइलाई निरन्तरता दिनु पर्ने भएकाले निरक्षरका लागि साक्षरताको शिक्षा, साक्षरका लागि साक्षरोत्तर शिक्षा तथा विभिन्न किसिमका सिकाइस्तर वृद्धिका कार्यक्रमहरू, विभिन्न पेशा तथा व्यवसायसम्बन्धी सीप उपयोगी हुन सक्छन् भने सो सिकाइका विभिन्न अवसरहरू सिर्जना गर्न पनि आवश्यक हुन्छ। त्यसैले साक्षरोत्तर शिक्षा प्राप्त गरेका सिकारुहरूको सिकाइमा निरन्तरता दिनका लागि सामुदायिक सिकाइ केन्द्रहरूको स्थापना गरी उनीहरूको पढाइलाई निरन्तरता दिने व्यवस्था गरिएको हुन्छ । यसबाट व्यक्तिगत, सामाजिक वा रोजगारीसँग सम्बन्धित ज्ञान, सीप तथा क्षमताको विकास हुन्छ । यसका लागि सिकाइ समय, विधि तथा माध्यमका सीमाभित्र नरही व्यक्तिको जीवनभर निरन्तर चल्ने प्रक्रिया भएकोले औपचारिक सिकाइ पद्धतिमात्र पर्याप्त हुँदैन । तसर्थ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ र शिक्षासम्बन्धी नीतिगत व्यवस्था गरिएको छ। यसै गरी अनौपचारिक लगायत अन्य माध्यमबाट सिकेका सिकाइहरूलाईसमेत समकक्षता प्रदान गरी गतिशिलता र पारगम्यतालाई सहज बनाउनका लागि राष्ट्रिय योग्यता प्रारूप नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनको चरणमा छ । अनौपचारिक शिक्षाको सिकाइ क्षेत्र मापदण्ड तथा उपलब्धिहरूको प्रारूप तयारी भईरहेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मूलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्ने उद्देश्य निर्धारण गरिएको छ ।

उर्लाबारी नगरपालिकाको साक्षरतासम्बन्धी विवरणलाई हेर्दा राष्ट्रिय जनगणना २०७८ अनुसार साक्षरता दर ८४.८ प्रतिशत रहेको देखिन्छ जसमा पुरुष साक्षरता दर ९०.३ प्रतिशत रहेको छ भने महिला साक्षरता दर ८०.० प्रतिशत रहेको छ । यहाँको कुल जनसंख्या ७०९०८ मध्ये पढ्न लेख्न दुवै नजान्ने १५.२ प्रतिशत रहेका छन् ।

उर्लाबारी नगरपालिकाको नगर पार्श्वचित्र २०७६ अनुसार यस नगरपालिका भित्र जनसंख्याको आधारमा साक्षरतासम्बन्धी विवरणलाई हेर्दा साक्षर मात्र ५१४८ जना रहेको देखिन्छ भने आधारभूत तहमा अध्ययन गर्ने ९१७३ जना, निम्न माध्यमिक तह अध्ययन गर्ने ८२३५ जना र एसएलसी वा सोसरह पढ्ने १२३३ जना रहेको देखिन्छ । स्नातक र स्नातकोत्तर गर्ने क्रमशः ३२९० र ८०१ जना रहेको देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसारयस नगरपालिकामा भएका कुल जनसंख्या मध्ये ६०१२९ जना साक्षर छन् भने तुलनात्मकरूपमा हेर्दा त्यस मध्ये सबै भन्दा बढी एसएलसी र कम स्नातकोत्तर पढ्नेको सङ्ख्या देखिन्छ ।निरक्षरताका हिसाबले सबैभन्दा कम निरक्षर वडा नं. ५ र सबैभन्दा बढी निरक्षर वडा नं.८ मा रहेका छन् ।

### ३.६.२. समस्या तथा चुनौतीहरू

उर्लाबारी नगरपालिकाभित्र अझै कुल जनसंख्या ७०९०८ मध्ये पढ्न लेख्न दुवै नजान्ने मानिसहरूको सङ्ख्या १५.२ (करीव १०७७८ जना) प्रतिशत रहेको देखिन्छ यहाँ मात्र एउटा सामुदायिक सिकाइ केन्द्र रहेको छ । त्यो पनि निष्क्रिय अवस्थामा रहेको छ । हाल कुनै पनि प्रकारका साक्षरता कार्यक्रम तथा नवसाक्षरका लागि सीप विकास कार्यक्रम सञ्चालनमा रहेका छैनन्।विद्यालय तहमा पढ्ने बालबालिकाहरूका अभिभावकहरूलाईसमेत कुनै प्रकारको सचेतना कार्यक्रम सञ्चालन गरिएको छैन।

साक्षरताको स्थिति अध्यावधिक गर्नुपर्ने र निरक्षरहरूलाई साक्षर गराई नवसाक्षर सीप विकास कार्यक्रमसँग जोड्नुपर्नेâ सामुदायिक सिकाइ केन्द्रलाई क्रियाशील तथा सुदृढ गराउनु पर्नेâ सबै अभिभावकहरूलाई अभिभावक शिक्षा प्रदान गर्नुपर्नेâ नवसाक्षरहरूलाई जीवनोपयोगी सीप तथा जीवनपर्यन्त सिकाइसँग आबद्ध गराउनु पर्ने चुनौतीहरू रहेका छन् ।साक्षर भएका नागरिकहरूलाई चाहिने निरन्तर तथा जीवनपर्यन्त सिकाइको कमी, साक्षर नगरपालिका घोषणा भईसके पनि हाल निरक्षरताको सङ्ख्या देखिनु, सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण, सरकारी तथा गैह्र सरकारी निकायसँग साझेदारी र सहकार्यमा कमी, अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय र धार्मिक प्रकृतिका विद्यालयहरूलाई पर्याप्त अनुदान प्राप्त नहुनु जस्ता चुनौतीहरू रहेका छन्।

### ३.६.३. साक्षरता तथा जीवनोपयोगी सीपमा सुधारका लागि गरिने प्रमुख क्रियाकलापहरू

¶ अभिभावकहरूको क्षमता अभिवृद्धि गर्नका लागि शिक्षाको महत्त्व र विद्यार्थी नियमितता, अभिभावक शिक्षा लगायतका विषयमा सचेतना अभियान कार्यक्रम सञ्चालन गर्नुपर्ने।

¶ निरक्षर प्रौढहरूलाई साक्षरता कक्षा सञ्चालन गरी साक्षर हुनेलाई निरन्तर शिक्षाको माध्यमबाट जीवनोपयोगी सीप विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।

¶ सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी एउटा साझा सिकाइथलोको रूपमा यसको विकास गर्नुपर्ने ।

### ३.६.४. परियोजना अवधिमा साक्षरता तथा जीवनोपयोगी सीपमा सुधारका लागि गरिने प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

तालिका नं. २१ साक्षरता तथा जीवनोपयोगी सीपमा सुधारका लागि गरिने प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| | थिम६: साक्षरता तथा जीवनोपयोगी सीप | एकाइ | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|---|
| १ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कोटा | ० | १५ | १५ |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | २२ | ० | २२ |
| ३ | नवसाक्षरहरूका लागि सीप विकास कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ |
| ४ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | पटक | ० | १ | १ |

# परिच्छेद चार- विविध

## ४.१. कार्यक्रमगत बजेटको बाँडफाड

उर्लाबारी नगरपालिकाको शैक्षिक विकास तथा साक्षरता परियोजना ( २०८०-०८३) ३ बर्षको लागि राष्ट्रिय योजना आयोगबाट उपलब्ध हुने रुकम ९ करोड र उर्लाबारी नगरपालिकाबाट बेहोरिने रकम १ करोडसमेत गरी कुल रकम १० करोडको आँकलन गरी बजेट निर्माण गरिएको छ । यस परियोजनाको अधिकांश हिस्सा थिम १ विद्यालय शिक्षामा पहुँचमा पहिलो वर्ष ७८ प्रतिशत र कुल बजेटमा ५८ प्रतिशत रकम खर्च हुनेछ भने थिम २ शैक्षिक गुणस्तर र प्रविधियुक्त सिकाइ वातावरणमा २३ प्रतिशत, थिम ३ विद्यार्थी प्रतिभा विकासमा ८ प्रतिशत, थिम ४ सरोकारवालाहरुको क्षमता विकासमा ५ प्रतिशत, थिम ५ शैक्षिक व्यवस्थापन तथा सुशासनमा ३ प्रतिशत र थिम ६ साक्षरता तथा जीवनोपयोगी सीपमा ४ प्रतिशत रकम खर्च हुनेछ ।

तालिका नं. २२ सामुदायिक विद्यालयको शैक्षिक विकासतथा साक्षरता परियोजना २०८०-२०८३

**कार्यक्रम तथा बजेटको विस्तृतीकरण (बजेट रु. हजारमा)**

| क्र.सं. | कार्यक्रम | एकाइ | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा |
|---|---|---|---|---|---|---|
| | थिम १: विद्यालय शिक्षामा पहुँच | | | | | |
| १ | सबै बालबालिकालाई विद्यालय भर्ना तथा पुनः भर्ना कार्यक्रम | ३ पटक | १०० | १०० | १०० | ३०० |
| २ | विद्यालयको भौतिक पूर्वाधार विकास | २६ विद्यालय | १५३७६ | १६५१५ | १७७७० | ४९६६१ |
| ३ | आमाबुवा नभएका विपन्न विद्यार्थीका लागि ड्रेस, झोला तथा स्टेसनरी व्यवस्थापन | २ पटक | ० | ५०० | ५०० | १००० |
| ४ | छात्राहरूका लागि चेन्ज रुमसहितको शौचालय र इन्सिनेटर/ डस्टविन व्यवस्थापन | १० विद्यालय | ० | २५०० | २५०० | ५००० |
| ५ | विद्यालयलाई प्राथमिक उपचारको बाकस व्यवस्थापन | २६ विद्यालय | ० | २०० | ४०० | ६०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | विशेष शिक्षा स्रोतकक्षाका बालबालिकको लागि सिकाइ तथा खेल सामाग्री व्यवस्थापन | २ विद्यालय | १०० | ० | १०० | २०० |
| | जम्मा | | १५५७६ | १९८१५ | २१३७० | ५६७६१ |
| | प्रतिशत | | ७८ | ५० | ५३ | ५७ |
| | थिम २: शैक्षिक गुणस्तर र प्रविधियुक्त सिकाइ वातावरण | | | | | |
| १ | विद्यार्थीको स्तरीकृत परीक्षा सञ्चालन तथा शैक्षिक गुणस्तर परीक्षण कार्यक्रम | 2 पटक | ४०० | ० | ४०० | ८०० |
| २ | न्यूनतम सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | १ पटक | ० | १०० | ० | १०० |
| ३ | न्यून सिकाइ क्षमता भएका तथा आधारभूत ज्ञान नभएका विद्यार्थीहरूको लागि थप सिकाइ तथा कोचिङ कक्षा संचालन | २२ विद्यालय | ० | २२० | २२० | ४४० |
| ४ | सामुदायिक विद्यालय स्वःमूल्याङ्कन (SSA) कार्यक्रम | १ पटक | ४०१ | ० | ० | ४०१ |
| ५ | विज्ञ समूहको गठन तथा परिचालन गरी विद्यालय सुपरीवेक्षण तथा शिक्षक सहयोग कार्यक्रम | ३ पटक | १०० | २०० | २०० | ५०० |
| ६ | उत्कृष्ट प्र अ, शिक्षक, कर्मचारी, विव्यस र विद्यालयलाइ पुरस्कार तथा प्रोत्साहन कार्यक्रम (आधारभूत र माध्यमिक) | ३ पटक | १०० | २०० | २०० | ५०० |
